वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २४, अङ्क २ | २०७२, वैशाख १६–३१ | पूर्णाङ्क ५४८ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न.  ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री टीकाबहादुर खड्का
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ३ |
| विशेष इजलास | २ |
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | १९ |
| इजलास नं. २ | १० |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ११ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | १० |
| जम्मा | ९२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, वैशाख – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०—०१—३३३—५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-३** |
| १. | रोक्का राखिएको जग्गा बदर गरिपाऊँ | राजेन्द्र चौडरिया वि. राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीसमेत | |
| २. | मोही लगत कट्टा | गोविन्दलाल राजवंशीको मु.स. गर्ने गोपालप्रसाद राजवंशी वि. अनिर राजवंशी | |
| **विशेष इजलास** | | | **३-८** |
| ३. | उत्प्रेषण/ परमादेश | सुरेन्द्रकुमार महतोसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण/ परमादेश | अधिवक्ता मीना खड्का बस्नेतसमेत वि. नेपाल नोटरी पब्लिक परिषद्, कुपन्डोल, ललितपुरसमेत | |
| **संयुक्त इजलास** | | | **८-११** |
| ५. | बन्दी प्रत्यक्षीकरण | बसन्ता मल्ल रौनियार वि. महानगरीय प्रहरी वृत्त, कालिमाटी, काठमाडौंसमेत | |
| ६. | उत्प्रेषण/ परमादेश | नवराज न्यौपाने वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| ७. | कर्तव्य ज्यान | कालुराम चौधरी वि. नेपाल सरकार | |
| ८. | सवारी ज्यान | योगेन्द्र थापा वि. नेपाल सरकार | |
| ९. | क्षतिपूर्ति समेत दिलाइ पाऊँ | भोजबहादुर ढकाल वि. मेइसयु कम्पनी प्रा.लि. समेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सवजान कवारीसमेत | |
| **इजलास नं. १** | | | **११-२६** |
| ११. | उत्प्रेषण/ परमादेश | लक्ष्मी आचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत | |
| १२. | निषेधाज्ञा | नन्दलाल खग वि. स्व. भनु खगको छोरा चौधरी खंगसमेत | |
| १३. | यातना क्षतिपूर्ति | होमबहादुर बगाले वि. खड्गसिंह गुरूङसमेत | |
| १४. | परमादेश | होमबहादुर बगाले वि. गृह मन्त्रालयसमेत | |
| १५. | उत्प्रेषण/ परमादेश | होमबहादुर बगाले वि. गृह मन्त्रालयसमेत | |
| १६. | उत्प्रेषण/ परमादेश | कपिलप्रसाद अधिरकारीसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत | |
| १७. | उत्प्रेषण/ परमादेश | गणेशप्रसाद खनाल वि. केशवराज शर्मा न्यौपानेसमेत | |
| १८. | हक कायम | राजेश्वर निरौला वि. राममणि चालिसेसमेत | |
| १९. | निषेधाज्ञा | राजकपुर साह कानुसमेत वि. जगतप्रसाद साह कानुसमेत | |
| २०. | टिप्पणी आदेश दर्ता बदर दर्ता | गरनाथ दास तत्मा वि. ओकिल मियाँ अन्सारीसमेत | |
| २१. | लागु औषध चरेस | नेपाल सरकार वि. नवीन लामा | |
| २२. | लेनदेन | मीनाकुमारी गुरूङ वि. खरसुवा गुरूङ | |
| २३. | भ्रष्टाचार | नेपाल सरकार वि. दिलीपकुमार मल्ल ठकुरी | |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. निरू रावलसमेत | |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार केवट | |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लम्बु कोरीसमेत | |
| **इजलास नं. २** | | | **२६-२९** |
| २७. | अंश चलन | सुरजमल सुराना वि. दिपचन सुरानासमेत | |
| २८. | हक कायम गरी जग्गा नामसारी दर्ता | सुरजमल सुराना वि. दिपचन सुराना | |
| २९. | धितोपत्र रोक्का जग्गा फुकुवा दर्ता बदर दर्ता | गङ्गाप्रसाद तिवारी वि. रामुदेवी यादव | |
| ३०. | लिखत दर्ता बदर दर्ता | गङ्गाप्रसाद तिवारी वि. रामुदेवी यादव | |
| **इजलास नं. ३** | | | **२९-३२** |
| ३१. | उत्प्रेषण/ परमादेश | नम्रता आचार्य बराल वि. जिल्ला शिक्षा कार्यालय, सर्लाही मलङ्गवासमेत | |
| ३२. | परमादेश | दिवाकर गोल्छा वि. हिमालयन बैङ्क लिमिटेडसमेत | |
| ३३. | कर्तव्य ज्यान | रेखा थापा वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **३२-४०** |
| ३४. | उत्प्रेषण/ परमादेश | चिरञ्जीवि खरेल वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत |
| ३५. | जीउ मास्ने बेच्ने | नेपाल सरकार वि. पप्पुदेव यादव भन्ने पप्पुदेव भूमिहारसमेत |
| ३६. | उत्प्रेषण/ परमादेश | कपिल महर्जन वि. सरस्वती उ.मा.वि. ललितपुरसमेत |
| ३७. | उत्प्रेषण/ परमादेश | निलरत्न तुलाधर वि. मालपोत कार्यालयसमेत |
| ३८. | अश चलन नाता कायम | टेकबहादुर सार्कीसमेत वि. भक्तबहादुर सार्कीसमेत |
| ३९. | घरमा आगो लगाएको | नेपाल सरकार वि. पूर्णबहादुर सार्की |
| ४०. | डाँका | नेपाल सरकार वि. शम्भु भन्ने सविन राईसमेत |
| ४१. | बैङ्क ठगी | रमेशप्रसाद घिमिरे वि. नेपाल सरकार |
| ४२. | उत्प्रेषण/ परमादेश | राजिव शेखर शाहसमेत वि. गृह मन्त्रालयसमेत |
| ४३. | लेनदेन | गङ्गाप्रसाद मण्डल वि. यमुनाप्रसाद मण्डल |
| **इजलास नं. ५** | | **४०-४६** |
| ४४. | जबर्जस्ती करणी | पाल सरकार वि. हरि भुषाल |
| ४५. | कर्तव्य ज्यान | मिछियादेवी चौधरी वि. नेपाल सरकार |
| ४६. | दर्ता हक कायम | सुमनरत्न तुलाधर वि. मु.स. गर्ने कमलहिरा ताम्राकारसमेत |
| ४७. | गाली बेइज्जती | डिल्लीबहादुर बस्नेत वि. बीरबहादुर वली |
| ४८. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. गणेश बम मल्ल |
| ४९. | कर्तव्य ज्यान | आनन्द स्याङ्तान वि. नेपाल सरकार |
| ५०. | हातहतियार खरखजाना | नेपाल सरकार वि. योगेन्द्र भन्ने जोगेन्द्र मरिक यादवसमेत |
| ५१. | हातहतियार खरखजाना | नेपाल सरकार वि. देवराम भन्ने अनिलकुमार यादवसमेत |
| ५२. | हातहतियार खरखजाना | नेपाल सरकार वि. गङ्गाराम यादवसमेत |
| ५३. | मानव बेचबिखन | नेपाल सरकार वि. बन्टी भन्ने मीना दनुवार |
| **इजलास नं. ६** | | **४६-४९** |
| ५४. | उत्प्रेषण/ परमादेश | अर्जुनदत्त जोशीसमेत वि. प्र.जि.अ. को अध्यक्षतामा गठित मुआब्जा रकम निर्धारण समिति, महेन्द्रनगर, कञ्चनपुरसमेत |
| ५५. | जिउनी जगामा हक कायम | मानबहादुर विश्वकर्मा वि. पदमबहादुर विश्वकर्मा |
| ५६. | बैङ्किङ कसुर | हरिप्रसाद शर्मा आचार्यसमेत वि. नेपाल सरकार |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार सहनीसमेत |
| **इजलास नं. ७** | | **४९-५१** |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीमती ममता धमलासमेत |
| ५९. | चलन चलाई पाऊँ | बेलमता तमौली वि. रानी मोची |
| ६०. | उत्प्रेषण / परमादेश | शुक्रबदुर थिङ (तामाङ) वि. महानगरीय प्रहरी अपराध महाशाखा परिसर, हनुमानढोका, काठमाडौंसमेत |
| ६१. | परमादेश | जिल्ला सिरहा गाविसको कार्यालय, सुखीपुरसमेत वि. भागवत यादव |
| **इजलास नं. ८** | | **५१-५२** |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. महेन्द्र गिरी |
| ६३. | कर्तव्य ज्यान | वसन्तकुमार गुरौ (थारू) वि. नेपाल सरकार |
| **एकल इजलास** | | **५२-५४** |
| ६४. | परमादेश | गजेन्द्रबहादुर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६५. | उत्प्रेषण/ परमादेश | भरतबहादुर के.सी. वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत |
| ६६. | उत्प्रेषण | मोर्चा शाही वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ६७. | उत्प्रेषण | अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत |

## पूर्ण इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-DF-००१७, रोक्का राखिएको जग्गा बदर गरिपाऊँ, *राजेन्द्र चौडरिया वि. राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीसमेत*

मालपोत ऐन, २०३४ को दफा ३१ ले दफा ८ख बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको भए पनि प्रस्तुत मुद्दामा उठाइएको समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गर्दा राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीको च.नं.९१८ मिति २०४४।६।२८ को रोक्कापत्रको कार्यान्वयनबाहेक मालपोत कार्यालय, सप्तरीबाट कुनै निर्णय नै नभएको अवस्थामा मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरी रोक्का गरिएको औचित्य र कारणलगायत मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ८ (१) बमोजिम पुनरावेदन अदालतको पुनरावेदकीय अधिकारक्षेत्र आकर्षित हुनको लागि दुई पक्षबीच कुनै विषयमा विवाद उत्पन्न भई अधिकारप्राप्त निकायमा दायर भएको मुद्दा मामिला वा विवादको विषयमा त्यस्तो मुद्दा मामिला वा विवादको निरूपण गर्ने अधिकारीले आफ्नो रायसहितको न्यायिक निष्कर्षसहित निर्णय दिएको छ भने त्यस्तो अवस्थामा निर्णय, फैसला वा अन्तिम आदेशको रूप ग्रहण गर्ने र त्यस्तो निर्णय, फैसला वा अन्तिम आदेशमा मात्र पुनरावेदन लाग्ने र सोबाहेक कुनै अधिकारीले आफ्नो रायसहितको न्यायिक निष्कर्ष दिएको अवस्था छैन भने त्यस्तो अवस्थामा पुनरावेदन अदालतको पुनरावेदकीय अधिकारक्षेत्र आकर्षित नहुने ।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-DF-००११, मोही लगत कट्टा, *गोविन्दलाल राजवंशीको मु.स. गर्ने गोपालप्रसाद राजवंशी वि. अनिर राजवंशी*

अ.बं. ८५ नं. ले *फैसला* भन्ने एक शब्दमात्र समेटेको छ भने अ.बं. ८६ नं. ले *फैसला, डिसमिस, मिलापत्र* र *खारिज* भन्ने ४ शब्द समातेको देखिन्छ । अ.बं. ८५ नं. ले प्रष्ट शब्दमा *सोही मुद्दा* र *उसै झगडिया* भनी त्यसलाई मुद्दाका पक्षहरूका बीचमा मात्र सिमित गरेको छ भने अ.बं. ८६ नं. ले त्यस किसिमले सिमित गरेको नदेखिने ।

सिद्धान्त भन्ने कुरा एउटा मुद्दा वा काम कुराबाट जन्मिने होइन । कानून र न्यायको क्षेत्रमा कुनै काम कुरा अन्यायपूर्ण देखिएमा सोको निरूपणको लागि सिद्धान्त वा अवधारणा स्थापित हुने गर्छन् । कानून र न्यायको क्षेत्रमा न्यायसम्पादनको सिलसिला वा अरू सन्दर्भमा कुनै विचार वा अवधारणाको निर्माण हुने र त्यसको समर्थन पटकपटक हुँदै गएपछि त्यसले सिद्धान्तको रूप लिने देखिन्छ । कुनै पनि कानून वा सिद्धान्त न्यायसाधक हुनुपर्छ । यसैले सामान्यतया कुनै पनि सिद्धान्त निरपेक्ष हुँदैन । त्यही किसिमले यसको व्याख्या हुनुपर्छ । न्यायमा सबैको सहज पहुँच हुनुपर्छ, यो क्लिष्ट, जटिल र खर्चिलो हुनुहुँदैन,

सरल हुनुपर्छ र वास्तवमा न्याय परेको हुनुपर्छ । यसकारण अदालतहरूबाट भएको फैसलाको कार्यान्वयन पनि हुनुपर्छ भन्ने सार्वजनिक हित र सुव्यवस्थाको लागि न्यायिक सिद्धान्तहरू बन्ने हुँदा यसको व्याख्या गर्दा सो कायम हुने नहुने विचार गर्नुपर्छ । प्राङ्न्याय पनि त्यही प्रयोजनको लागि आएको हो । यसको मुख्य उद्देश्य भनेको पक्षहरूबीचको कुनै विवादमा अदालतले एकपटक स्रोत, साधन र समय खर्चेर त्यसको न्यायिक निरूपण गरेपछि पुनः सोही विवादमा उही पक्षहरूले पछिबाट मुद्दा गरी पक्षहरूलाई हैरानी तथा स्रोत, साधन र समयको दुरूपयोग हुन नदिनु तथा न्यायिक सुनिश्चितताका लागि सार्वजनिक हित सम्बर्द्धन गर्नुपर्ने ।

यस मुद्दामा वादी अनिर वा निजको दाता जग्गाधनी तथा प्रतिवादी गोविन्दलालका बीचमा भोगबन्धकी साहु मोही हुने कि नहुने, मोहीले आफ्नो मोही हक मात्र छाड्न पाउने हो कि अर्को मोही पनि खडा गर्न पाउने हो, जग्गाधनीको मञ्जुरीबिना मोही कायम हुनसक्ने नसक्ने के हो, भोगबन्धकी थैली निखन्न पाउने हो होइन आदि विवादमा २०४३।११।२७ मा दायर यो मोही लगत कट्टा मुद्दाभन्दा अघि कुनै मुद्दा परेको स्थिति नै देखिँदैन । यो लगतकट्टा मुद्दा सबैभन्दा पहिले परेको र सोही क्रममा तहतह हुँदै यस इजलाससमक्ष पनि पेस भएको अवस्थामा अ.बं. ८५ नं. को प्राङ्न्याय लाग्ने कुरा उत्पन्न नै हुँदैन । कुनै विवादसँग सम्बन्धित प्रश्नहरूमा न्यायिक मूल्याङ्कन गरी विवादको निरूपण भएमा मात्र प्राङ्न्यायको सिद्धान्त आकर्षित हुने भन्ने कुरा यो सिद्धान्तको आधार स्तम्भ भएकाले यसको अभावमा यो सिद्धान्त लाग्ने भन्न मिल्दैन । २०२८।२।२ मा मिलापत्र भएको मुद्दामा अनिर राजवंशी वा निजका दाता जग्गाधनीहरू सम्मिलित भएको वा २०२८।३।१० मा पर्चा हुँदा निजहरू बुझिएको वा पक्ष विपक्ष रहेको नपाइएकाले सीधा हिसाबले अनिर राजवंशीलाई यो मुद्दा दिन अ.बं. ८५ नं. ले कुनै बाधा गरेको नमानिने ।

पहिलेबाट परेको यो नालिसमा यसपछि परेको मुद्दामा भएको फैसलालाई आधार बनाई फैसलाको अन्तिमताको वा विवन्धन वा हकको परित्याग वा मोहीको स्वीकारोक्ति जस्ता सिद्धान्त र अवधारणा लाग्न नसक्ने एकातिरको अवस्था छ भने उक्त व्यहोराबाट वादी अनिरले प्र. गोविन्दलालको मोही हकलाई सुरू देखि अस्वीकार गरी भोगबन्धकको नाताले कमाउन्जेलसम्म आफूले निजबाट कुत पाउनुपर्ने भन्ने निजको जिकिर रहेको समेतको परिप्रेक्ष्यमा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम कायम मोहीउपर बाली भराई मोही निष्कासन मुद्दा दिएको अर्थ गरी मोहीसम्बन्धी विवादको टुङ्गो लागिसकेको भन्ने अर्थ गर्न पनि नमिल्ने ।

कानूनी व्यवस्थाबाहेक अरू तरिकाले मोहियानी हक पाउन सक्ने कुनै गुन्जाइस नै देखिँदैन । तदनुसार पुनरावेदकले भूमिसम्बन्धी ऐन, २०२१ प्रारम्भ हुनुअघिदेखि विवादित जग्गा मोहीको हैसियतले कमाएको वा ऐन प्रारम्भ भएपछि जग्गावालासँग उक्त दफा ३४ बमोजिम कबुलियत भै सो आधारमा मोहियानी हक पाएको भन्न सकेको देखिँदैन । पुनरावेदकको आधार मोही पुननारायणसँग भएको उक्त मिलापत्र देखिन्छ । तर माथि उल्लेख भएबमोजिम जग्गाधनीलाई नै बाहेक गरी भएको मिलापत्रबाट मोही हक जन्मिने स्थिति नहुने ।

कानूनी व्यवस्थाबाट भोगबन्धकी लिखत गराउने साहुले सो लिखत कायम रहेसम्म मात्रै

जग्गाधनीको धेरै हकमध्ये भोग गर्ने हक र त्यस्तो भोगमा कहीँ कतैबाट कुनै अवरोध आएमा वा आउन सक्ने सम्भावना भएमा तत्सम्बन्धमा कानूनी कारवाही आदि चलाउन सक्नेबाहेक अरू कुनै अधिकार पाउने देखिँदैन । भोगबन्धकी साहु वा साहुबाट हक पाउने व्यक्तिले त्यस किसिमले भोगचलन गर्न पाउने हक पनि ऋणीले भोगबन्धकी ननिखनेसम्मका लागि मात्र आवधिक हक हुन्छ । भोगबन्धकी लिखत निखन्नेबित्तिकै भोगबन्धकी साहुको सो हक समाप्त हुने अवस्थामा साहुले मोहीसँग मात्र गरेको मिलापत्रको जरियाबाट निज साहुले मोही हक पाउने भन्नै नमिल्ने ।

भोगचलनभित्र जोतकोड पर्ने कुरामा दुईमत हुन सक्तैन । तर जसरी आफ्नै जग्गामा जग्गाधनी आफैँ मोही कायम हुन सक्तैन र कुनै जग्गाधनीलाई मोहीले मोही हक छाड्ने गरी मिलापत्र गर्दैमा पछि सो जग्गा बिक्री भएमा आफू मोही रहेको भनी साविक जग्गाधनीले दावी गर्न मिल्दैन त्यसैगरी भोगबन्धकी साहुको नाताले जग्गा जोत्ने कार्य हुँदैमा भोगबन्धकी साहुले भोगबन्धकी लिखत निखन्ने काम भएपछि पनि जग्गा जोत्न पाउने हक पाउन नसक्ने हुँदा त्यसमा दावी गर्न मिल्ने कुरा नहुने ।

स्रेस्तामा जनिएको मोहीलाई उल्लेख नगरी लिखत पास हुनै नसक्ने हुँदा २०३९।३।३१ मा अनिर राजवंशीको लप्सीफेदीको कि.नं. २४२ को २-८-० जग्गा आनन्दलालले लिने र आनन्दलालको यो किनं ७१ को जग्गा अनिर राजवंशीले खाने गरी भएको सट्टापट्टाको लिखतमा गोविन्दलाल मोही जनिनु भनेको प्राविधिक रीत पुर्‍याएको कुराबाहेक अरू केही नभएकाले त्यसप्रकार मोही महलमा नाम उल्लेख भएको कार्यबाट गोविन्दलालको मोही हक सिर्जना हुने अवस्था हुँदैन । उक्त कार्यको स्रोत २०२८।२।२ को मिलापत्रको शक्ति आवधिक अर्थात् भोगबन्धकी लिखत ननिखने सम्मका लागि भएकाले यस्तो रीत पुर्‍याउने व्यवहारका सम्बन्धमा थप विवेचना गरिरहनु नपर्ने ।

माथि विवेचित आधार र कारणहरूबाट पुनरावेदक भोगबन्धकी साहुले सो नाताले जग्गा जोत भोग गर्दैमा मोही हक पाउन सक्ने नदेखिएकाले वादी दावीबमोजिम विवादित कि.नं. ९१ को जग्गामा बनेको पुनरावेदक गोविन्दलालको मोही लगत कट्टा हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६१।१०।२६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इति संवत् २०७१ साल पुस १७ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-DF-००१०, भोगबन्धकी निखनाई पाऊँ, *गोविन्दलाल राजवंशीको मु.स. गर्ने गोपालप्रसाद राजवंशी वि. अनिर राजवंशी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WS-००४०, उत्प्रेषण/परमादेश, *सुरेन्द्रकुमार महतोसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा ३९ को कानूनी व्यवस्थाले निवेदक नोटरी पब्लिकहरूलाई लिखत तथा कागजात अनुवाद तथा प्रमाणीकरण गर्नेसम्बन्धी नोटरी व्यवसाय गर्न कुनै अवरोध गरेको वा बन्देज लगाएको

अवस्था नहुँदा संविधानको धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा प्रदत्त निवेदकहरूको मौलिक हक हनन् भएको देखिन्न । साथै उक्त दफा ३९ को कानूनी व्यवस्था अनुवादक नोटरी पब्लिकहरूले प्रमाणपत्र धारण नगर्दासम्म मात्र बहाल रहने भनी ऐनको कुनै दफामा उल्लेख भएको नदेखिई छुट्टै विशेष स्वतन्त्र दफाको रूपमा रहेको पाइन्छ । यसबाट नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा ३९ को व्यवस्था निवेदकहरूले दावी गरेबमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) प्रतिकूल रहेको अवस्था नदेखिने ।

समानताको हक समानहरूको लागि हुने हो असमानहरूका बीचमा समानताको हक निरपेक्षरूपमा लागू नहुने कुरा सर्वमान्य सिद्धान्त नै हो । अर्थात संविधानले प्रत्याभूत गरेको समानताको हक समान अवस्था र हैसियत भएका नागरिकहरूबीच असमान व्यवहार गरिएको अवस्थामा आकर्षित हुने हो । उक्त सिद्धान्तलाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि आत्मसात गरेको छ । नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ अनुरूप अनुवादक नोटरी पब्लिकको प्रमाणपत्र धारण गर्न परीक्षासमेत उत्तीर्ण गर्नुपर्ने प्रावधान रहेको छ । त्यस्तो परीक्षामा ऐनको दफा १२ बमोजिम योग्यता भएको व्यक्तिमात्र सम्मिलित हुन सक्ने हुन्छ । तर कृत्रिम व्यक्ति संस्था त्यस्तो परीक्षाको लागि असमर्थ हुनु स्वाभाविक हो । प्राकृतिक व्यक्ति र कृत्रिम व्यक्तिको प्रकृति, हैसियत र अवस्था समान हुन सक्दैन । यही असमानताको कारण उक्त ऐनको व्यवस्थाअनुसार प्राकृतिक व्यक्तिमात्र परीक्षामा सामेल हुन सक्ने र परीक्षा उत्तीर्ण भएमा अनुवादक नोटरी व्यवसायको लागि प्रमाणपत्र प्राप्त गर्नसक्ने हुन्छ । कृत्रिम व्यक्ति संस्थाको हकमा दफा ११ बमोजिम परीक्षा उत्तीर्ण गर्नुपर्ने आवश्यकता नभई नोटरी पब्लिक परिषद्को स्वीकृति आवश्यक पर्ने भनी ऐनको दफा ३९ मा छुट्टै कानूनी व्यवस्था हुनुलाई संविधानप्रदत्त समानताको हकप्रतिकूलको कानूनी व्यवस्था मान्न नमिल्ने हुन्छ । तसर्थ प्राकृतिक व्यक्ति र कानूनी व्यक्तिबीच समान व्यवहारको अपेक्षा गरी समानताको हकको हनन् भयो भन्ने दावी संविधानसम्मत् नहुने ।

नोटरी पब्लिक परिषद्ले ऐन प्रारम्भ हुँदाका बखत अनुवादसम्बन्धी काम गरी आएको संस्थालाई अनुवादसम्बन्धी स्वीकृति प्रदान गर्ने वा नगर्ने अधिकार नोटरी पब्लिक परिषद्मा निहित रहेको र त्यस्तो स्वीकृति प्रदान गरेको अवस्थामा पनि नोटरी पब्लिकहरूको अनुवादसम्बन्धी पेसा वा रोजगारी गर्ने हक कायमै रहने र त्यस्तो हकलाई दफा ३९ ले बन्देज गरेको देखिन्न । नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ मा भएको कानूनी व्यवस्थाको अधीनमा रही निवेदक नोटरी पब्लिकहरू लिखत अनुवादसम्बन्धी रोजगारी गर्न स्वतन्त्र रहेका र ऐनको दफा ३९ को प्रावधानले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा (१) द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज नलगाएको हुँदा नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा ३९ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा (१) को प्रतिकूल वा बाझिएको भन्ने निवेदकहरूको दावीसँग सहमत हुन नसकिने । नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा ३९ को व्यवस्थाको संवैधानिकता परीक्षण गर्नुपर्ने अवस्था नभई विशुद्ध कानूनी प्रश्न देखिएको र विधायिका निर्मित कानूनबमोजिम कुनै निकायमा निहित अधिकार असंवैधानिक नदेखिएको अवस्थामा अदालतबाट त्यस्तो

कानूनी अधिकारको वैधानिकताको परीक्षण गर्नुपर्ने औचित्य नहुने।

नोटरी पब्लिक ऐन, २०६३ ले परिभाषित गरेका लिखत तथा कागजातहरू अनुवादको सम्बन्धमा सोही ऐन आकर्षित हुने सम्बन्धमा विवाद छैन । नोटरी पब्लिक ऐनले समेटेको क्षेत्रभन्दा बाहेक कुनै पनि संस्थाले प्रचलित कानूनबमोजिम आफ्नो संस्थाको कार्य क्षेत्र तथा उद्देश्यअनुरूपका कागजातहरू अुनवाद गर्नेसमेतका कार्य गर्न सम्बन्धित संस्था स्वतन्त्र रहने हुन्छ । नेपाल कानूनलाई विदेशी भाषामा र विदेशी वा अन्तर्राष्ट्रिय कानूनलाई नेपाली भाषामा अनुवाद गर्ने एवम् प्रकाशित गर्नेसमेतका कार्य गर्ने संस्थाले आफ्नो संस्थाको कोषमा रहने रकमअन्तर्गत "अनुवाद शुल्क लिने" एवम् "अनुवाद शुल्कबाट प्राप्त हुने रकम" भनी समितिको गठन आदेशमा उल्लेख हुनुलाई अन्यथा मानी विकास समिति ऐन, २०१३ को दफा ५ सँग बाझिएको वा विपरीत रहेको मान्न मिल्ने नदेखिने।

कुनै दुई छुट्टाछुट्टै कानूनका कानूनी व्यवस्था परस्परमा बाझिएको भनी दावी गर्दा ती कानून बाझिएको पुष्टि हुने आधारका साथ कानून बाझिएको कारण निवेदकको के कस्ता संवैधानिक हक तथा कानूनी अधिकारमा आघात हुन गएको छ वा आम जनसमुदायको के कस्तो सामाजिक हितमा असर पुग्न गएको छ सोसमेत उल्लेख गर्नुपर्ने हुन्छ। निवेदकहरूले कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा ४(ग) र दफा ५(ग) को व्यवस्था विकास समिति ऐन, २०१३ को दफा ५ को प्रतिकूल भनी दावी गरे तापनि सो व्यवस्थाले निवेकहरूको के कस्तो संवैधानिक हक तथा कानूनी अधिकार हनन् भएको हो वा आम जनसमुदायको सामाजिक हितमा के कस्तो असर पुग्न गएको हो सो उल्लेख गर्न सकेको समेत देखिन्न । तसर्थ, निवेदकहरूले कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा ४(ग) र दफा ५(ग) को व्यवस्था विकास समिति ऐन, २०१३ को दफा ५ सँग बाझिएको भनी लिएको दावीसँग सहमत हुन नसकिने।

कानून तथा न्याय मन्त्रालयले सम्पादन गर्ने कार्य गर्नको लागि उक्त समितिको स्थापना भई समितिको अध्यक्षमा कानून तथा न्याय मन्त्रालयका सचिव वा मन्त्रालयले तोकेको सह सचिव रहनेसमेत व्यवस्था भएबाट उक्त समितिको कार्यमा कानून मन्त्रालयको प्रत्यक्ष सरोकार र संलग्नता रहेको पाइन्छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ बमोजिम कानूनका पुस्तक प्रकाशन गर्ने कानून मन्त्रालयको कार्य कानून किताब व्यवस्था समितिबाट भएको र मुलुकको संविधान, ऐन तथा नियमावलीको आधिकारिकता र विश्वसनीयताको दृष्टिकोणबाट समेत कानूनका पुस्तकको प्रकाशकमा नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति भनी उल्लेख भएको कार्य कानूनप्रतिकूल मान्न नमिल्ने हुँदा निवेदकहरूको दावीसँग सहमत हुन नसकिने।

नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ मा नोटरी पब्लिकहरूबाट अनुवाद तथा प्रमाणीकरण भएका लिखतहरूमा परराष्ट्र मन्त्रालयबाट थप प्रमाणीकरण गर्नुपर्ने कानूनी व्यवस्था नभएको र उक्त कानूनको अक्षरशः पालना गराउन विदेशी मुलुकहरूलाई बाध्य बनाउन पनि नसकिने अवस्थामा सार्वजनिक लिखत तथा कागजातहरूको थप प्रमाणीकरणमा परराष्ट्र मन्त्रालयको संलग्नताको प्रश्न कानूनी नभई प्रशासकीय र नागरिकहरूको सुविधाका लागि सहजीकरणको

विषय रहेको देखियो । नेपालका आधिकारिक निकायका लिखतहरूलाई अन्तर्राष्ट्रिय समुदायमा विश्वसनीय वा प्रमाणित बनाउन परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरणको सन्दर्भमा हुने प्रशासनिक सहभागिता वा सहजीकरणलाई अन्यथारूपमा लिन नसकिने ।

कुनै एउटा आधिकारिक व्यक्ति वा निकायबाट प्रमाणीकरण भइसकेको लिखत परराष्ट्र मन्त्रालयबाट पुनः प्रमाणीकरण गर्नुपर्ने प्रश्न हाम्रो कानूनी निकायको कार्यको गुणस्तर र विश्वसनीयताको प्रश्न हो । यसका लागि हामीले आन्तरिकरूपमा आफ्नो क्षमता र विश्वसनीयतामा अभिवृद्धि गर्नुपर्ने हुन्छ भने बाह्यरूपमा नेपालको कानूनी प्रणालीको कार्यान्वयनको स्थितिबारे जानकारी गराउने प्रयास गरिरहनुपर्ने हुन्छ । नेपाली नागरिकले कामको सिलसिलामा बाह्य मुलुकमा विभिन्न लिखतहरू पेस गर्दा त्यसको आधिकारिकताको प्रश्न उठी भोग्नुपरेको समस्याहरूको समाधान गर्न राज्यले नै आवश्यक व्यवस्था गर्नुपर्दछ । निवेदक पक्षले नोटरी पब्लिकले अनुवाद गरेको लिखतमा पनि यदि कुनै मित्रराष्ट्रको कानूनी व्यवस्था तथा प्रचलनमा परराष्ट्र मन्त्रालयको समेत प्रमाणीकरण हुनुपर्ने अवस्था भएमा परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण गरिदिनु भन्ने आदेश जारीको माग गरे तापनि परराष्ट्र मन्त्रालयबाट थप प्रमाणीकरण गर्न कर लगाउने गरी सर्त थप गर्न नोटरी पब्लिक ऐन वा अन्य ऐनले कर गरेको वा अनिवार्य गरेको नदेखिएकाले ऐनको कानूनी व्यवस्थाविपरीत अदालतको आदेशबाट थप सर्तहरू तोकी अनिवार्यरूपमा पालन गर्न वा बहिष्कृत गर्ने गरी हस्तक्षेप गर्न नमिल्ने ।

राष्ट्रहरूबीचको अन्तर्सम्बन्ध र सम्बन्धित राष्ट्रको कानूनी व्यवस्थाको कारणले नोटरी पब्लिकले लिखत प्रमाणीकरण गरेको अवस्थामा पनि त्यसको आधिकारिकताको पुष्टि गर्न सहजीकरण गर्ने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयले आवश्यक पहल र सम्बन्ध गर्नुपर्ने कुरा अपेक्षित रहेको छ । यस्तो अवस्थामा आवश्यकताअनुसार सहयोग गर्ने कार्य अपेक्षित भए पनि बाध्यात्मकरूपमा पुनः प्रमाणीकरणको सर्त थप गर्ने गरी अदालतको आदेशबाट कर लगाउन मिल्दैन । त्यसका लागि परराष्ट्र मन्त्रालयले आवश्यक प्रक्रिया स्वयम् निर्धारण गर्नसक्ने नै हुन आउने ।

परराष्ट्र मन्त्रालयबाट लिखत प्रमाणीकरण गर्दा प्रति पृष्ठ रू.२००।– का दरले दस्तुर लिएको कार्य कानूनबमोजिम देखिँदा उक्त कार्यलाई गैरकानूनी मान्न नमिल्ने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा ४ को खण्ड (ग) र दफा ५ को खण्ड (ग) विकास समिति ऐन, २०१३ को दफा ५ सँग प्रतिकूल भएको भन्ने निवेदन दावी यस अदालतले न्यायिक पुनरावलोकनको रोहबाट संवैधानिकताको परीक्षण गरिरहनुपर्ने विषय नभई विशुद्ध कानूनी प्रश्न रहेको र उक्त व्यवस्थाले निवेदकहरूको के कस्तो संवैधानिक हक तथा कानूनी अधिकार हनन् भएको हो वा आम जनसमुदायको सामाजिक हितमा के कस्तो असर पुग्न गएको हो सो उल्लेख गर्न सकेको नदेखिनुका साथै उक्त कानूनी व्यवस्था बाझिएको समेत नदेखिँदा निवेदन दावीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

नोटरी पब्लिकहरूले अनुवाद तथा प्रमाणीकरण गरेका लिखत तथा कागजातहरू परराष्ट्र मन्त्रालयबाट पुनः प्रमाणीकरण गर्ने कार्य प्रशासनिक सहजीकरण र सर्वसाधारण

जनताको सुविधासँग सम्बन्धित रहेको र नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ तथा अन्य कुनै ऐनको कानूनी व्यवस्थाले त्यस्ता लिखत तथा कागजातहरूमा परराष्ट्र मन्त्रालयले पुनः प्रमाणीकरण गर्न अनिवार्य नगरेको अवस्थामा यस अदालतबाट कुनै सर्तसहितको आदेश जारी गर्न मिलेन । साथै त्यस्तो सहजीकरणको निमित्त परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण गर्दा लिएको प्रतिपृष्ठ रू.२००।– समेत प्रमाणीकरण (दस्तुर) नियमावली, २०२४ बमोजिम देखिँदा सो दस्तुर लिने कार्यलाई गैरकानूनी मानी दस्तुर नलिनु भनी यस अदालतबाट आदेश जारी गर्न नमिल्ने भई रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०३५८, उत्प्रेषण/परमादेश, *अधिवक्ता मीना खड्का बस्नेतसमेत वि. नेपाल नोटरी पब्लिक परिषद्, कुपन्डोल, ललितपुरसमेत*

नोटरी पब्लिकसम्बन्धी ऐनमा तोकिएको व्यवस्थाभन्दा बाहिर गई उक्त ऐनको कार्यक्षेत्र आकर्षित हुन नसक्ने कुरा न्याय तथा कानूनको सर्वमान्य सिद्धान्त नै हो । नोटरी पब्लिकसम्बन्धी ऐनमा परिभाषित गरिएका लिखत तथा कागजातको अनुवाद गर्नेसम्बन्धी कार्य नोटरी पब्लिकसम्बन्धी ऐनबमोजिम हुने र नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ मा नसमेटिएका विषयमा भने पूर्ववत्रूपमा कानून किताब व्यवस्था समितिले अनुवाद गर्न सक्षम हुने देखिने ।

नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरेका कागजात तथा लिखतहरू कानून किताब व्यवस्था समितिलाई अनुवादसम्बन्धी कार्य गर्न मिति २०६४।४।१३ मा दिएको स्वीकृति मिति २०६९।४।१ बाट लागू हुने गरी अन्त्य गरेको नोटरी पब्लिक परिषद्को मिति २०६८।८।६ को निर्णय स्वेच्छिक नभई ऐनको दफा ३९ ले प्रदान गरेको अख्तियारीभित्र रहे भएको हुँदा उक्त निर्णय कानूनप्रतिकूल रहेको भन्ने निवेदकको दावीसँग सहमत हुन नसकिने ।

निवेदक पक्षले नोटरी पब्लिकले अनुवाद गरेको लिखतमा पनि यदि कुनै मित्रराष्ट्रको कानूनी व्यवस्था तथा प्रचलनमा परराष्ट्र मन्त्रालयको समेत प्रमाणीकरण हुनुपर्ने अवस्था भएमा परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण गरिदिनु भन्ने आदेश जारी हुन माग गरे तापनि परराष्ट्र मन्त्रालयबाट थप प्रमाणीकरण गर्न कर लगाउने गरी सर्त थप गर्न नोटरी पब्लिक ऐन वा अन्य ऐनले कर गरेको वा अनिवार्य गरेको नदेखिएकाले ऐनको कानूनी व्यवस्थाविपरीत अदालतको आदेशबाट थप सर्तहरू तोकी अनिवार्यरूपमा पालन गर्न वा बहिष्कृत गर्ने गरी हस्तक्षेप गर्न नमिल्ने ।

राष्ट्रहरूबीचको अन्तर्सम्बन्ध र सम्बन्धित राष्ट्रको कानूनी व्यवस्थाको कारणले नोटरी पब्लिकले लिखत प्रमाणीकरण गरेको अवस्थामा पनि त्यसको आधिकारिकताको पुष्टि गर्न सहजीकरण गर्ने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयले आवश्यक पहल र सम्बन्ध गर्नुपर्ने कुरा अपेक्षित रहेको छ । यस्तो अवस्थामा आवश्यकताअनुसार सहयोग गर्ने कार्य अपेक्षित भए पनि बाध्यात्मकरूपमा पुनः प्रमाणीकरणको सर्त थप गर्ने गरी अदालतको आदेशबाट कर लगाउन

नमिल्ने।

नोटरी पब्लिक परिषद्को मिति २०६८।८।६ को निर्णय कानूनसम्मत् रहेको देखिएको छ । कुनै निकायबाट भएको निर्णय कानूनसम्मत् देखिएको अवस्थामा त्यस्तो निर्णय बदर गर्नु औचित्यपूर्ण हुँदैन। यसबाट कानून किताब व्यवस्था समितिलाई अनुवादसम्बन्धी कार्य गर्न मिति २०६४।४।१३ मा दिएको स्वीकृति मिति २०६९।४।१ बाट लागू हुने गरी अन्त्य गरेको नोटरी पब्लिक परिषद्को मिति २०६८।८।६ को निर्णय एवम् सो सम्बन्धमा भए गरेका कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने अवस्था नहुने।

नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ ले नसमेटेका विषयका हकमा पूर्ववत्रूपमा कानून किताब व्यवस्था समितिले अनुवादको कार्य गर्न सक्ने नै हुँदा निवेदन मागबमोजिम परमादेशको आदेशसमेत जारी हुने अवस्था नदेखिने भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री दीपकराज जोशी,** ०७०-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *लखिकुमार रौनियारको हकमा बसन्ता मल्ल रौनियार वि. महानगरीय प्रहरी वृत्त, कालिमाटी, काठमाडौंसमेत*

रिट निवेदक लखिकुमार रौनियारलाई केही सार्वजनिक अपराधसम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा विपक्षी प्रहरी कार्यालयबाट पक्राउ गरी रीतपूर्वक म्याद थप गरी अनुसन्धान भइरहेको देखिएकोमा विपक्षी महानगरीय प्रहरी वृत्त, कालीमाटीबाट मिति २०७१।३।१६ मा यस अदालतमा प्रेषित गरिएको च.नं. ४३५६ को पत्रमा निवेदक लखिकुमार रौनियारलाई मुद्दाको अनुसन्धानको कार्य सम्पन्न भै जिल्ला प्रशासन कार्यालयमा अभियोगपत्र पेस गरिएकोमा सो कार्यालयबाट निजसँग रू. ५०००।– धरौटी माग भई मिति २०७१।३।१६ मा धरौटी दाखिल गरी तारिखमा छुटेको भन्ने उल्लेख भएको देखिएकाले रिट निवेदक लखिकुमार रौनियार थुनामुक्त भइसकेको देखिएकाले प्रस्तुत रिट निवेदन निष्प्रयोजन भइसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारिज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-WO-१००४, उत्प्रेषण/परमादेश, *नवराज न्यौपाने वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

प्रस्तुत रिट निवेदनमा अदालतको आदेशबमोजिम सि.अ.हे.ब. पदमा पदस्थापन गरिएको निवेदकको पदस्थापनसम्बन्धी निर्णय बदर गरेको विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।११।९ को निर्णय तथा सो निर्णयबमोजिम स्वास्थ्य सेवा विभागबाट मिति २०६८।१२।१६ मा गरिएको निर्णयसमेत कानूनी त्रुटिपूर्ण रहेको देखिन आउने हुँदा विवेचित आधार र यस अदालतबाट प्रतिपादन भएको नजिरसमेतको

आधारमा रिट निवेदकलाई अदालतको अन्तिम फैसलाबमोजिम पदस्थापन गर्ने गरेको जिल्ला स्वास्थ्य कार्यालय, रसुवाको निर्णय कानूनसम्मत् रहे भएको देखिएको अवस्थामा बिनाआधार कारण उक्त निर्णय बदर गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।११।९ को निर्णय, स्वास्थ्य सेवा विभागको मिति २०६८।१२।१६ को निर्णय र सोही विभागको मिति २०६८।१२।२४ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १४ गते रोज १ शुभम्।

- यसै प्रकृतिको २०६८-WO-०९७३, उत्प्रेषण/परमादेश, *रविन्द्रकुमार ठकुरीसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-CR-०९६३, कर्तव्य ज्यान, *कालुराम चौधरी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा फरूवाले हानें वा मृतक आफैं ह्युम पाइपमा लडी ठोक्किई लागेको चोटबाट निजको मृत्यु भएको हो भन्ने कुरा आफू बेहोस भएकाले थाहा भएन भन्ने अनिश्चित र आधारहीन व्यहोरा उल्लेख गरी बयान गरेबाट निज प्रतिवादी स्वयम्ले पनि आफूलाई निर्दोष हुँ भनी स्पष्टरूपमा भन्नसकेको देखिँदैन। मृतकको मृत्यु भएपछि आफू उपचारका लागि मेडिकल गएको भनी प्रतिवादीले अदालतमा बयान गरेका छन्। उपचारका लागि मेडिकल जानसक्ने प्रतिवादीले वारदातका अवस्थामा आफू बेहोस थिएँ भनी लिएको जिकिर तर्कसङ्गत र विश्वसनीय देखिन नआउने।

प्रतिवादी र मृतकबीच खेतमा पानी लाउने विषयमा विवाद भई मृतकले प्रतिवादीलाई कुटपीट गरेको कारणले तत्काल रिस उठी प्रतिवादीले फलामको फरूवाले मृतकलाई प्रहार गरेकोमा सोही फरूवाको चोटबाट मृतकको मृत्यु भएको भन्ने कुरा प्रतिवादीको बयान, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त तथा मुख्य गवाह यी जाहेरवालाको अदालतमा भएको बकपत्र एवम् मौकामा कागज गर्ने वेफन्ने चौधरीले अदालतमा गरेको बकपत्रसमेतबाट प्रमाणित हुन आएकाले निज प्रतिवादी कालुराम चौधरीलाई कसुरदार ठहर्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको देखिँदा सदर हुने।

दाजुभाइ नाताका मृतक र प्रतिवादीबीच पूर्व रिसइबि रहेको नदेखिएको र मृतकले कुटपीट गरेको कारणले तत्काल रिस उठी फलामको फरूवाले झटारो हानेकोमा मृतकको टाउकोमा लाग्न गई सोको चोटबाट मृतकको मृत्यु भएको अवस्था र परिस्थितिलाई दृष्टिगत गर्दा निज प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्नजाने देखिएकाले प्रतिवादी कालुराम चौधरीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०२९८, ०२९९, सवारी ज्यान, *योगेन्द्र थापा*

*वि. नेपाल सरकार, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथलीस्थित युनाइटेड मिशन टु नेपालको प्रधान कार्यालयको तर्फबाट डेबिट मकड्की वि. नेपाल सरकार*

पुनरावेदक पक्षले पीडित घाइते भई अङ्गभङ्ग भएको अवस्थाको उपचार खर्च एवम् मोटरसाइकलको मर्मतमा लागेको रकमसम्म पीडित पक्षलाई बुझाएको मिसिलबाट देखिएकोमा उपचारको क्रममा घाइते अमितकुमार भगतको मृत्यु भएकाले मृतकको परिवारले कानूनबमोजिम प्राप्त गर्ने किरिया खर्च एवम् क्षतिपूर्तिको रकमसमेत पीडित पक्षलाई भराइदिने गरी सुरू र पुनरावेदन अदालतबाट फैसला भएको देखिएकाले उक्त रकम आफूले दिनु नपर्ने भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिएन । घाइतेको उपचारमा लागेको रकममध्ये यी पुनरावेदकले बुझाएको रू.२,७५,०००।– कटाई बाँकी हुन आउने रू.३,१०,०००।- पीडित पक्षलाई भराइ दिने ठहर्याई सुरूबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिबै देखिन आउने हुँदा पुनरावेदक प्रतिवादी योगेन्द्र थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम एक वर्ष कैद भई मृतकको किरिया खर्च र क्षतिपूर्तिसमेतको रकम यी पुनरावेदकबाट पीडित पक्षलाई भराउने ठहर्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।४।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१२१२, कारवाही गरी क्षतिपूर्तिसमेत दिलाइपाऊँ, *भोजबहादुर ढकाल वि. का.जि.का.म.न.पा. वडा नं ५ स्थित मेइसयु कम्पनी प्रा.लि. समेत*

एउटै प्रकृतिको उही पक्षहरूबीच चलेको मुद्दामा एकपटक सक्षम अदालतबाट निर्णय भई उक्त निर्णय अन्तिम भएर बसेको अवस्थामा पुन: सोही विषयमा उजुर गर्न पाउने हक अ.बं. ८५ नं. को व्यवस्थाले वादीलाई रहे भएको नपाइने।

पुनरावेदक वादी योगेन्द्र खत्री र प्रत्यर्थीमध्येका हिरोताका कुमानोबीचमा सन् २००८ जुलाई २२ मा भएको सम्झौताको दफा १४ को व्यवस्था तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७ बमोजिम विदेशी लगानीकर्ता र विदेशी लगानीकर्ताबीचमा कुनै विवाद उठेमा त्यस्तो विवादको समाधान सम्बन्धित पक्षहरूले विभागको रोहबरमा आपसमा छलफलद्वारा गर्नुपर्ने र यसरी विवादको समाधान हुन नसकेमा मध्यस्थद्वारा समाधान गर्नुपर्ने भनी निर्धारित कानूनबमोजिमको प्रक्रिया नअपनाई सोझै अदालतमा उजुरी गरेको देखिएकाले त्यस्तो उजुरीबाट दावी पुग्ने अवस्था भएन । यसका अतिरिक्त यही विषयमा यिनै पुनरावेदकले यिनै प्रत्यर्थीउपर दिएको मुद्दामा वादी दावी नपुग्ने ठहरी सो फैसला अन्तिम भएर बसेको अवस्थामा सोही विषयमा उजुरी दायर गरेको देखिएकाले अ.बं. ८५ नं. को व्यवस्थाबमोजिम वादीको दावी पुग्ने अवस्था नहुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RC-००१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सवजान कवारीसमेत*

घटना भएको राति घटनास्थलमा यी प्रतिवादीहरूबाहेक कोही पनि उपस्थित नरहेको र मृतकलाई घाँटी थिची मारेको लासमात्र फेला परी यी प्रतिवादीहरू मृतकका पति र सौता घटनास्थलबाट फरार रहेका र अदालतबाट वारेन्ट र म्यादी पुर्जी जारी भएकोमा समेत हाजिर हुन नआएकाले निजहरूकै कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने तथ्य स्पष्ट हुन आउँछ। आफ्नो नाममा जारी र तामेल भएको वारेन्ट र म्यादमा उपस्थित नभई प्रतिवाद नगरी हालसम्म प्रतिवादीहरू फरार रहेकाले निजहरूले कर्तव्य गरी मारेको अपराधलाई स्वीकार गरेको मान्नुपर्ने।

मृतकको घाँटीमा डोरीले बाँधेका कारणले श्वासप्रश्वास अवरूद्ध हुनगई कर्तव्यबाटै मृतकको मृत्यु भएको देखिएको र मृतकको मृत्यु हुनुअघिल्लो दिन मृतक र प्रतिवादीमध्येकी अमिना खातुनबीच झगडा भएको तथा मृतक र प्रतिवादीहरू एउटै घरमा बस्दै आएकोमा वारदातको दिनदेखि प्रतिवादीहरू फरार रहेका समेतका प्रत्यक्ष एवम् परिस्थितिजन्य प्रमाणहरूबाट मृतकलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेको पुष्टि हुन आउने।

प्रतिवादीहरू सवजान कवारी र अमिना खातुन आफ्नो नाउँमा तामेल भएको म्यादमा उपस्थित भई अभियोगबाट सफाइ लिन नसकी फरार रहेको र अंश रोक्का भएको ६ वर्षसम्म पनि फेला वा पक्राउ नपरेकाले कसुरलाई स्वीकार गरी बसेको मान्नुपर्ने हुँदा निज प्रतिवादीहरू दुबै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई साधक जाहेर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।८।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: किशोर घिमिरे
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-१२५३, उत्प्रेषण/परमादेश, *लक्ष्मी आचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

निवेदकलाई नियुक्ति गरिएको भनिएको समयमा प्रचलित रहेको शिक्षा नियमावली, २०५९ को नियम ९७(२) मा छैठौं संशोधन भई हाल अर्कै व्यवस्था भैसकेको भए तापनि सो समयमा प्रचलित उक्त नियमावली (तेस्रो संशोधन, २०६२) को नियम ९७(२) मा "...खुला प्रतिस्पर्धा गराई परीक्षा सफल भएको व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्न सिफारिस गर्नेछ" भन्ने र ऐ. नियमावलीको तत्कालीन (तेस्रो संशोधन, २०६२) को नियम ९७(६) तथा सातौं संशोधन, २०६९ को नियम ९७(१०) मा "यस नियमबमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिने।

कुनै पनि पदमा नियुक्ति गर्दा कानूनले तोकेका निश्चित मापदण्डहरू र प्रक्रिया तथा कार्यविधिहरू पूरा गर्नुपर्ने हुन्छ । सोबमोजिमका कानूनी प्रक्रियाहरू पूरा नगरी नियुक्ति गरिएको रहेछ भने जिल्ला शिक्षा अधिकारीबाट त्यस्तो नियुक्ति

बदर गर्नुपर्नेछ भन्ने कानूनको प्रष्ट व्यवस्था रहे भएको देखिन आउने।

विज्ञापनसम्बन्धी कार्य कानूनबमोजिम भए नभएको के रहेछ भन्ने सन्दर्भमा हेर्दा निवेदिका लक्ष्मी आचार्यले दरखास्त पेस गरेको भन्ने सम्बन्धमा निवेदनसाथ पेस भएका कागजपत्र हेर्दा जीवनज्योती उच्च माध्यमिक विद्यालयको शिक्षक आवश्यकतासम्बन्धी सूचनाको प्रति संलग्न गरेको देखिए तापनि उक्त सूचना सरोकारवालाले पढ्न, सुन्न वा देख्न पाउने गरी प्रकाशित भएको माध्यम, टाँस भएको स्थानहरू र सो सूचना प्रकाशित, प्रसारित वा टाँस भएको प्रमाणित गर्ने मुचुल्का मिसिल संलग्न गरेको नदेखिँदा उक्त विज्ञापन कानूनसम्मत् सार्वजनिकीकरण भएको भन्ने व्यहोरा प्रमाणित हुन सकेको देखिएन। अरू सम्भावित उम्मेदवार वा प्रतिस्पर्धीको सुसूचित हुन पाउने, दरखास्त दिन पाउने र परीक्षामा सामेल हुन पाउने हकलाई अनदेखा गरी विज्ञापन प्रकाशन भएको होइन भन्ने कुरा पनि निवेदन दावीबाट पुष्टि हुनसकेको छैन। सेवामा प्रवेश हुने मूल आधारको रूपमा रहेको विज्ञापन के कुन प्रक्रिया वा माध्यमबाट प्रकाशन वा प्रसारण वा सार्वजनिकीकरण भएको हो सो पुष्टि नहुनुबाट माथि उल्लिखित कानूनबमोजिम पुर्‍याउनुपर्ने प्रक्रिया पूरा भएको भन्न नमिल्ने।

विज्ञापन गर्दाकै अवस्थामा दरखास्त आह्वानकै विधि र प्रक्रिया पुर्‍याई दरखास्तवालाहरूको बीचमा प्रतिस्पर्धा हुने गरी परीक्षा सञ्चालन भएको नदेखिई केवल निवेदिकाको मात्र परीक्षा लिएको र निजलाई प्राप्ताङ्क प्रदान गरेको देखिन्छ। प्रस्तुत विज्ञापनमा अरू प्रतिस्पर्धीहरूले पनि दरखास्त दिएको र सो प्रतिस्पर्धामा सामेल रहे भएको भन्ने कहीँ कतैबाट पुष्टि भएको छैन। यस्तो अवस्थामा कानूनले निर्दिष्ट गरेको "खुला प्रतिस्पर्धा गराई" भन्ने व्यवस्थाको प्रयोग र पालना भएको भन्ने पनि देखिन नआउने।

निवेदिकाको नियुक्ति नै कानूनअनुकूल नदेखिएको अवस्थामा जिल्ला शिक्षा कार्यालय, नवलपरासीले उक्त नियुक्तिलाई समर्थन गरेको भन्ने आधारमा मात्र त्यस्तो नियुक्तिले वैधता पाउने कुरा हुँदैन। यसरी सुरू नियुक्तिको नै कानूनन् प्रक्रिया पुगेको पुष्टि नभइरहेको अवस्थामा म्याद थप गर्दै सेवामा निरन्तर रहेको भनी मान्न मिलेन। नियुक्ति नै कानूनसङ्गत् नभएमा नियुक्तिपछिको म्यादथपले वैधानिकता पाउँछ भनी अर्थ गर्न पनि नमिल्ने।

शिक्षक भर्नासम्बन्धी प्रक्रिया नै रीतपूर्वक सम्पन्न गरेको नदेखिएको, सोसम्बन्धी विज्ञापन गरेको भन्ने मात्र देखाइएको तर विज्ञापन गरेको र सो प्रकाशित गरेको सूचना टाँस मुचुल्का पनि मिसिल सामेल रहेको नदेखिएको लगायतका प्रक्रियाहरूको अभावमा गरेको नियुक्ति रीतपूर्वकको मान्न मिल्दैन। कानूनबमोजिमको प्रक्रिया पूरा नगरी गरेको नियुक्तिमा पटकपटक म्यादथप गरेको र काम गरेको भन्ने कुराले पनि सुरू नियुक्तिपश्चात भएका कुराको क्षतिपूर्ति गर्नसक्ने अवस्था रहँदैन। निवेदकले ६ महिनाको अस्थायी पदमा सुरूमा नियुक्ति भएको भए तापनि राहत कोटाजस्तो अस्थायी प्रकृतिको कोटामा नियुक्ति पाउने व्यक्तिले स्थायी नियुक्ति पाएसरह सधैंभरी सोही पद र सोही स्थानमा रहिरहन पाउनुपर्छ भन्ने कुरा पनि औचित्यपूर्ण हुन सक्दैन। निज निवेदिकाको नियुक्तिमा नै प्रश्न उठेकाले हाल सेवामा निरन्तर रहेको अवस्था छ भन्न मिल्ने पनि नदेखिने।

निवेदिकाको नियुक्ति बदर गर्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अन्तिम निर्णय गर्न नसक्ने भए तापनि राज्यका अङ्गमा

भएका दुष्परिणाम सच्याउन कानूनबमोजिम असल नियतले त्रुटि औँल्याइदिएको र निर्देशित गरेको भन्दैमा उक्त नियुक्ति बदर गर्ने कानूनी क्षेत्राधिकार भएको जिल्ला शिक्षा कार्यालयको अधिकार सङ्कुचित वा विलय भएको अर्थ गर्न मिल्दैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको पत्राचार तथा निर्देशन र जिल्ला शिक्षा कार्यालयबाट नियुक्ति बदर गर्ने गरी गरिएको कार्यले निवेदिकालाई कानूनबमोजिम रीतपूर्वक गरिएको खुला प्रतिस्पर्धामा भाग लिन रोक्ने गरी उक्त पत्राचार र निर्णय भएको नभै कानूनको उचित प्रक्रिया पुर्‍याउन र राज्यले कानूनबमोजिम अवलम्बन गरेको योग्यता प्रणालीको उल्लङ्घन हुन नदिई प्रतिस्पर्धाबाट गुणस्तरयुक्त जनशक्ति छनौट हुनुपर्ने प्रणालीलाई मजबुत बनाउन उक्त निर्णय र पत्राचार भएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको पत्राचार तथा निर्देशनको कारणले मात्र नभई कानूनबमोजिमका मापदण्डहरू तथा प्रक्रिया पुर्‍याई गरिएको रीतपूर्वकको नियुक्ति नदेखिएको अवस्थामा प्रथमदृष्टिमै जिल्ला शिक्षा कार्यालयले त्यस्तो नियुक्ति बदर गर्नुपर्ने कानूनी बाध्यता नै देखियो । उक्त आयोगको निर्देशनलाई असल उद्देश्यले दिएको सूचनाको रूपमा ग्रहण गरी जिल्ला शिक्षा कार्यालयले प्रचलित कानूनबमोजिम निवेदिकाको नियुक्ति बदर गर्ने गरेको कार्य कानूनप्रतिकूल भन्न नमिल्ने।

माथि उल्लिखित आधार र कारणबाट निवेदकको नियुक्ति नै बदर गरिएउपर प्रस्तुत रिट निवेदन पर्न आएको र तदोपरान्त नियुक्ति वा म्याद थप भएको अवस्था नभएको, उक्त नियुक्ति प्रक्रिया कानूनसम्मत् नदेखिएको आधारमा जिल्ला शिक्षा कार्यालयबाट निवेदकको नियुक्ति बदर गर्ने निर्णय र पत्राचारसमेत भएबाट साधिकार निकायले कानूनबमोजिम गरेको कामबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको अवस्था नदेखिएको हुँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल मङसिर १२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-०६८०, निषेधाज्ञा, *नन्दलाल खंग वि. स्व. भनु खंगको छोरा चौधरी खंगसमेत*

प्रत्यर्थी विपक्षीहरूबाट जबर्जस्ती घर निर्माण गर्न लागेको भनी रिट निवेदकले दावी लिएको जग्गाको सम्बन्धमा रिट निवेदककी आमाले प्रत्यर्थी विपक्षी चौधरी खंगसमेतका उपर सप्तरी जिल्ला अदालतमा २०५४ सालमा दायर गरेको जग्गा खिचोला घर उठाई चलन मुद्दामा वादी दावी छोड्ने गरी मिति २०५५।३।११ मा मिलापत्र गरेको देखिएको र सो कुरा अन्यथा हो भन्ने सम्बन्धमा रिट निवेदकले प्रमाणस्वरूप कुनै कागज पेस गरी दावीलाई पुष्टि गराउन सकेको पनि देखिँदैन। यस्तो अवस्थामा दावी जग्गामा निवेदकको निर्विवाद हक रहेको मान्न सकिने अवस्था आउदैन । निर्विवाद हकै नरहेको विषयमा निषेधाज्ञा जारी हुन नसक्ने सामान्य सिद्धान्तसमेत रहेकाले पुनरावेदन अदालत, राजविराजले निषेधाज्ञा जारी नगरेकोलाई अन्यथा भन्न नमिल्ने।

निवेदन दावीको जग्गा २०५५ सालमा यिनै निवेदकले वादी दावी छाडी मिलापत्र गरिसकेको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने भन्ने आधारमा रिट निवेदन खारेज

हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-०६८३, यातना क्षतिपूर्ति, *होमबहादुर बगाले वि. खड्गसिंह गुरूङसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदनमा जिल्ला प्रहरी कार्यालयले पेस गरेको लिखित जवाफमा निवेदक होमबहादुर बगालेलाई गैरकानूनीरूपमा थुनामा नराखिएको र निज हिरासतमा रहेको भनेको अवधिमा केन्द्रीय प्रहरी बैन्ड गुल्ममै कार्यरत रहेको भनी स्पष्टसँग जवाफ दिएको अवस्था पनि सो मिसिलबाट देखिएको छ । उक्त लिखित जवाफ व्यहोरालाई खण्डन गर्ने किसिमको कुनै विश्वासलायक कागज प्रमाण निवेदकको तर्फबाट प्रस्तुत भएको समेत उक्त मिसिलबाट देखिँदैन । सरकारी निकायले दिएको जवाफलाई बिनाआधार प्रमाण त्यसै झुट्ठा र बनावटी हो भन्नसकिने कुरा पनि नआउने ।

यी पुनरावेदक वादीले आफूलाई प्रतिवादीहरूले गैरकानूनीरूपमा थुनामा राखेको भनेको मिति २०५९।८।१२ देखि ऐ. १९ सम्मको अभियुक्तहरूको थुनुवा लिष्ट मगाई हेरिएकोमा उक्त लिष्टमा यी पुनरावेदक वादीको नाम उल्लेख भएको समेत नहुनुबाट पनि वादी जिकिर स्वत: नै खण्डित भैरहेको अवस्था देखिन आएको छ। फेरि हिरासतमा राखेको भनेको प्रहरी कार्यालयलाई प्रतिवादी नै नबनाई प्रस्तुत क्षतिपूर्ति भराइपाउँ भन्ने मुद्दा दायर गरेको देखिन्छ । गल्ती गर्‍यो भन्नेलाई मुद्दामा प्रतिवादीसमेत बनाउन नसकिएको अवस्थामा वादीको दावीलाई विश्वासपरक रहेको भन्न नसकिने।

कुटपीट भएको विषयमा चिकित्सकबाट घाउ जाँच गराएको भनी वादीले फिरादमा दावी लिएको भए पनि सो घाउजाँच निजले हिरासतमा राखेको भनेको अवधिमा भएको नभै हिरासतबाट मुक्त भएपछिमात्र गराएको देखिनाले प्रत्यर्थी प्रतिवादीहरूले नै यी वादीलाई कुटपीट गरी यातना दिएको भन्ने कुरा शङ्कास्पद देखिएको छ। हिरासतमा राखेर यातना दिएको भनेको लामो समयको अन्तरालमा घाउ जाँच केस फाराम भएको देखिनुले पनि यी पुनरावेदक वादीको शरीरमा लागेका घाउहरू फिराद दावीअनुसार हिरासतमा प्रतिवादीहरूले कुटपीट गरेकै कारणबाट भएका हुन् भनी एकिनसाथ भन्न नसकिने।

प्रहरी कर्मचारीहरूले बन्दी अवस्थामा राखी कुटपीट गर्ने काम भयो होला भनी बिनाआधार कारण अनुमानकै भरमा मात्र भन्न सकिने कुरा पनि हुँदैन। यस्तो संवेदनशील कुरा प्रत्यक्ष एवम् भरपर्दो प्रमाणले पुष्टि हुनैपर्छ। हिरासत नै पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरूले हिरासतमा कुटपीट गरी यातना दिएको भन्ने वादीको कथनलाई सत्यतामा आधारित रहेको मान्न नमिलेबाट वादी दावी पुग्न नसक्ने भनी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

हिरासतमा रहेको भनेको अवधिमा कार्यालयमा हाजिर नरहेको र सो अवधिमा बिदासमेत नलिएको हुँदा हिरासतमा राखी यातना दिएको पुष्टि हुन्छ भनी केवल कार्यालयको हाजिरीलाई मुख्य आधार लिई गरेको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन भनी सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६१।३।२९ को फैसलालाई

सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर नपुग्ने।

इजलास अधिकृत :बाबुराम सुवेदी

कम्प्युट : सन्तोल अवाल

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-००४७, परमादेश, होमबहादुर बगाले वि. गृह मन्त्रालयसमेत

विपक्षी गृह मन्त्रालयले पेस गरेको लिखित जबाफबाट रिट निवेदकले दायर गरेको पुनरावेदनउपर कारवाही हुँदा प्रहरी महानिरीक्षकको निर्णयलाई नै सदर गर्ने गरी मिति २०६७।३।१५ मा निर्णय भइसकेको भन्ने देखिन्छ। जुन विषयमा रिट निवेदक उपचार खोज्न अदालत आएको हो सो विषयमा विपक्षीबाट निर्णय नै भइसकी माग गरेको विषयमा कार्य नै सम्पन्न भइसकेको भन्ने अवस्था हुँदा त्यस्तो विषयलाई लिएर परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकको माग दावीमा विचार गर्नुपर्ने अवस्था नै रहेन। तसर्थ ,रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०२८७, उत्प्रेषण/परमादेश, होमबहादुर बगाले वि. *गृह मन्त्रालयसमेत*

रिट निवेदकले आफू कार्यरत रहेको कार्यालय र विभागले दिएको आदेश निर्देशन नमानी बराबर अनुशासनहीनताको काम गर्ने, आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगर्ने र मनासिब कारण नभई वा बिदा नलिई बिदा बस्ने वा गैरहाजिर रहनेसमेतको कार्य गरी प्रहरी नियमावली, २०४९ को नियम ८८ बमोजिमको कसुरजन्य कार्य गरेको भन्ने देखिन्छ। निजले आफूलाई तत्कालीन प्र. ना.उ. खड्गसिंह गुरूङले गैरकानूनीरूपबाट विदेशबाट आएको सुन लिन त्रिभुवन विमानस्थल पठाउँदा आफू जान नमानेको कारण आफूलाई गैरकानूनी हिरासतमा राखेर कुटपीट गर्नेलगायतको काम गरी अन्तमा नोकरीबाट बर्खास्त गरिएको भन्ने जिकिर लिएको भए पनि निजको तर्फबाट दायर भएको बन्दीप्रत्यक्षीकरण एवम् निषेधाज्ञा मुद्दामा दावी नपुग्ने ठहरी खारिज हुनाको साथै निजले मिति २०५९।९।१६ मा काठमाडौं जिल्ला अदालतमा दायर गरेको यातना क्षतिपूर्ति मुद्दामा समेत दावी नपुग्ने गरी फैसला भई उक्त फैसला अन्तिम भएर रहेको देखिएको समेतबाट हिरासतमा राखेको कुरा नै पुष्टि नभइरहेको र बिदाको स्वीकृति नलिई बिदामा बस्नेसमेतको कार्य गरी बारम्बार अनुशासनहीन काम गरेको भन्ने सम्बन्धमा सोधिएको स्पष्टीकरणको पत्रसमेत बुझ्न इन्कार गरेको भन्ने देखिएबाट निजको निवेदन जिकिरअनुसार निजलाई सुनुवाइको मौका नै नदिई गैरकानूनीरूपमा सेवाबाट हटाइएको रहेछ भनी मान्न मिलेन। निजी काम गराउँदा नमानेको कारणलाई आधार बनाएर सेवाबाटै हटाउने निष्कर्षमा प्रहरी प्रधान कार्यालय जस्तो जिम्मेवार निकाय पुग्यो होला भन्नलाई पनि स्पष्ट आधार कारणबेगर भन्न सकिने हुँदैन। मुलुककै शान्ति सुरक्षाको जिम्मेवारी बहन गर्ने निकायबाट त्यस किसिमको जवाफदेहीविहीन हरकत गरी रिट निवेदकलाई नोकरीबाटै हटाउने कार्य भएको होला भनेर अनुमानकै भरमा भन्न नसकिने ।

आपराधिक क्रियाकलापलाई रोकी शान्ति

सुरक्षा अमनचयन कायम गराउने जिम्मेवारी बोकेको प्रहरी जस्तो सङ्गठनको कर्मचारीले आफूलाई जहिले पनि सदाचारयुक्त, जिम्मेवारयुक्त एवम् अनुशासितरूपमा नै प्रस्तुत हुन सक्नुपर्ने हुन्छ र प्रहरी सङ्गठनभित्र सिर्जित हुने कुनै किसिमको विवादास्पद आन्तरिक समस्याको आन्तरिकरूपमै मिलाई बाहिर आनुशासित सङ्गठनको रूपमा प्रस्तुत हुन सक्नुपर्छ । कुनै कर्मचारीले अनुशासनहीन काम गरेको सम्बन्धमा कानूनबमोजिमको कारवाही गर्न लागिएकोमा त्यस्तो आरोपबाट सफाइ लिनको लागि स्वयम् आरोपित कर्मचारीले तदारूखता देखाउन सक्नुपर्छ र आफूलाई सोधिएको स्पष्टीकरणको पत्र बुझी आफूलाई लागेको आरोपबाट सफाइ लिन सक्नुपर्ने हुन्छ । स्पष्टीकरणको पत्र बुझ्न नै इन्कार गर्नुले आरोपित पक्षलाई नै जोखिममा पार्ने हुन्छ । आफूविरूद्धको आरोपको खण्डन गर्नबाट निवेदक उदासीन रहेबाट आफू कार्यरत रहेको कार्यालय एवम् माथिल्लो निकायको आदेश निर्देशनसमेतलाई अटेर गरेर खटाइएको स्थानमा जान नमानी बारम्बार अनुशासनहीन तवरले प्रस्तुत हुन खोजेको कारण प्रहरी सङ्गठनभित्रको अनुशासनलाई कायम राखिराख्न निज निवेदकलाई अवकाश दिन बाध्य हुनपरेको अवस्था विपक्षीहरूको लिखित जवाफ एवम् मिसिल संलग्न निर्णय पर्चाबाट देखिन आयो । यस्तो अवस्थामा रिट निवेदकलाई गैरकानूनी तवरले सुनुवाइको मौका नै नदिई सेवाबाट हटाइएको रहेछ भन्न नमिल्ने ।

अतः रिट निवेदकउपर विभागीय कारवाहीको सन्दर्भमा निजसँग स्पष्टीकरण माग गरिएकोमा सो स्पष्टीकरणको पत्र बुझ्नलाई निजले इन्कार गरेको देखिएकाले कानूनी प्रक्रिया नै पूरा नगरी अवकाश दिएको अवस्था देखिन नआउनुको साथै सो अवकाशको विरूद्धमा निजले गृह मन्त्रालयमा पुनरावेदन दिएकोमा पनि अवकाश दिने गरी भएको प्रहरी प्रधान कार्यालयको निर्णय कानूनअनुरूपकै भएको भनी सदर भएको, निज बिनास्वीकृति कार्यालयमा अनुपस्थित हुने गरेको र सो समयमा आफूलाई गैरकानूनीरूपमा थुनामा राखी यातना दिएको भनी यातना क्षतिपूर्ति मुद्दा दिएकोमा सोमा पनि वादी दावी नपुग्ने ठहरी फैसला भएको समेतका माथि विवेचित आधार एवम् कारणबाट प्रहरी प्रधान कार्यालयले निर्णय पर्चा खडा गरी निज रिट निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरिबाट बर्खास्त गर्ने गरी गरेको मिति २०६२।१२।६ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी गृह मन्त्रालयबाट भएको मिति २०६७।३।१५ को निर्णयसमेतमा कानूनी त्रुटि नदेखिँदा त्यस्तो निर्णयबाट रिट निवेदकको मौलिक एवम् कानूनी हकको उल्लङ्घन भएको भन्न मिलेन । उक्त निर्णयहरूलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १६ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०४०६, उत्प्रेषण/परमादेश, *कपिलप्रसाद अधिरकारीसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत*

वन तथा भू–संरक्षण मन्त्रालयबाट मिति २०६९।२।४ मा जुन उद्देश्यबाट काठ दाउराको मूल्य तोक्ने गरी निर्णय भएको छ, त्यसको असलीपनमा शङ्का गर्ने ठाउँ छैन । तर सरकारले नै राजपत्रमा सूचना प्रकाशित गरी मूल्य निर्धारण

गर्ने गरेको र सामयिकरूपमा संशोधन हुने गरेको पाइएकोबाट जुन प्रयोजनको लागि हालको विवादित निर्णय गर्नुपरेको हो सोको समायोजन गरी मूल्य तोक्ने प्रक्रिया र मूल्य घोषणा गर्नसक्ने देखिने ।

नेपाल सरकार, वन तथा भू–संरक्षण मन्त्रालयबाट मिति २०६८।२।२३ मा वन नियमावली, २०५१ को नियम ६८ ले दिएको अधिकार प्रयोग गरी राजपत्रमा प्रकाशित गरेको काठ दाउराको मूल्यदर र बजार मूल्यबीचको अन्तरलाई व्यावहारिकरूपले हेर्नुपर्ने हुन्छ । यदि त्यसो हुन सकेन भने बीचका मध्यवर्ती व्यक्तिहरूमात्रै लाभान्वित हुने अवस्था रहन्छ । यसलाई ध्यानमा राखेर सरकारले आवश्यक लचकतासाथ मूल्यको पुनरावलोकन गर्ने प्रणाली विकास गर्नुपर्दछ । तथापि प्रस्तुत विषयमा वन नियमावली, २०५१ मा उल्लिखित प्रावधानअनुसार सरकारद्वारा काठ दाउराको मूल्यदर नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रणाली भएकाले त्यसको अनदेखा गर्न पनि नमिल्ने हुनाले वन तथा भू–संरक्षण मन्त्रालयका सचिवद्वारा मिति २०६९।२।४ मा काठ दाउराको दररेट कायम गरेको निर्णय, अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा मिति २०६९।५।१७ मा वन सचिव स्तरबाट भएको निर्णयबमोजिमको काठ बिक्री वितरण गर्न अनुमति दिने निर्णय र सो आधारमा मिति २०६९।५।१९ मा गरेको पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

बजारमा काठको उपलब्धता, प्रतिस्पर्धात्मक मूल्य निर्धारण गर्ने प्रक्रियाको आवश्यकता, उपभोक्ता हितको सरोकार, मूल्य र आपूर्तिसँग सम्बन्धित अनुचित र विरोधाभाषपूर्ण अभ्यासहरू हटाउन र यथासम्भव एकरूपतायुक्त र काठ दाउराको सुलभ आपूर्ति गर्ने हिसाबले मूल्यको पुनर्मूल्याङ्कन गरी वन नियमावली, २०५१ मा उल्लिखित प्रयोजनको लागि राजपत्रमा सूचना प्रकाशित गर्ने व्यवस्था अविलम्ब गर्नु भनी विपक्षी वन तथा भू–संरक्षण मन्त्रालयको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०६९९, उत्प्रेषण/परमादेश, *गणेशप्रसाद खनाल वि. केशवराज शर्मा न्यौपानेसमेत*

प्राध्यापक वरिष्ठ हुनु र प्रशासकीय प्रमुख हुनु एउटै कुरा होइन । फेरि वरिष्ठ प्राध्यापक नै प्रशासकीय प्रमुख हुनुपर्ने अवस्था पनि होइन । कानूनले अनिवार्य व्यवस्था नगरेको अवस्थामा स्पष्ट कानूनको अभावमा निवेदन जिकिरअनुसार वरिष्ठताको आधारमा मात्र क्याम्पस प्रमुख नियुक्त हुनसक्ने अवस्था रहन्न । निवेदकले नेपालको अन्तरिम संविधान २०६३, को धारा १२(३)(च) अनुसार पेसा रोजगारसमेत गर्ने मौलिक हकमा वञ्चित गरेको भन्ने निवेदन जिकिर सम्बन्धमा विचार गर्दा, निवेदकको पेसा रोजगार गर्नेसमेतको हक एकातर्फ छ भने क्याम्पस प्रमुखको पदमा नियुक्त हुने कार्य छुट्टै प्रकृतिको विषय हो । निवेदकलाई क्याम्पस प्रमुख पदमा नियुक्त नगर्दैको अवस्थामा निजको रोजगारसम्बन्धी हक कसरी हनन् भयो निजले सो सम्बन्धमा स्पष्टरूपमा माग गर्न सकेको अवस्था देखिन्न । फेरि निजको सेवा निरन्तर रहिरहेको अवस्थामा सो जिकिर लिनसक्ने अवस्था पनि रहन्न । निवेदकले माग गरेअनुसार क्याम्पस प्रमुखको पदमा नियुक्त हुनु

रोजगारी पाउने विषय नभएकाले रोजगारसम्बन्धी हकको गहिराइसम्म नपुगी केवल सतही आधारमा रोजगारसम्बन्धी मौलिक हकको हनन् भयो भनेकै आधारमा सो पदमा नियुक्त हुने अवस्था नरहने।

त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १८५(१) र (२) देहायबमोजिम उल्लेख गरेको देखिन्छ:

१८५(१) प्रत्येक आङ्गिक क्याम्पसमा शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य सञ्चालनका लागि क्याम्पस प्रमुख रहनेछ। क्याम्पस प्रमुख पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) अध्ययन संस्थानअन्तर्गतको क्याम्पसमा डीनको सिफारिस र अन्य क्याम्पसको हकमा शिक्षाध्यक्षको सिफारिसमा शैक्षिक विशिष्टता प्राप्त गरेका वरिष्ठ शिक्षकहरूमध्येबाट कार्यकारी परिषद्ले क्याम्पस प्रमुखको नियुक्ति गर्नेछ भन्ने कानूनी प्रावधानअनुसार त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा उपप्राध्यापकमा कार्यरत केशवराज शर्मा न्यौपानेलाई त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्बाट शिक्षाध्यक्षको सिफारिसमा नियुक्ति गरिएको भन्ने त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्समेतबाट प्रस्तुत लिखित जवाफमा उल्लेख गरिएको, निवेदकले कानूनको निश्चित प्रक्रियाको त्रुटि गरी विपक्षी केशवराज शर्मालाई क्याम्पस प्रमुखमा नियुक्ति गरेको भन्ने देखाउन नसकेको अवस्थाका साथै यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।१।२१ मा २०६४-WO-०९२३ को उत्प्रेषण परमादेशको निवेदनमा क्याम्पसको वरिष्ठ शिक्षक भएकै आधारमा क्याम्पस प्रमुखमा नियुक्त गर्न नमिल्ने भनी बोलिएको अवस्थामा मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-०५८१, हक कायम, *राजेश्वर निरौला वि. राममणि चालिसेसमेत*

अरूको नाममा दर्ता रहेको जग्गा केही वर्ष भोग गर्दैमा मात्र उक्त भोगबाट स्वामित्वको सिर्जना हुने कानूनी आधार विद्यमान रहेको पाइँदैन । दावीको जग्गा तत्कालीन जिल्ला पञ्चायतको नाममा दर्ता भएको हुँदा र कानूनबमोजिम हक परित्याग गरेको लिखत नहुँदा पुनरावेदकको नाममा जग्गाको हक कायम गरी दर्ता स्रेस्ता खडा हुनसक्ने भएन। कानूनबमोजिम दर्ता दाखेल गर्नको लागि कानूनी आधार हुनैपर्दछ । भोग (Possession) को निरन्तरता दर्ताको स्रोत हुँदैन। भोग गर्नु र भोग गरिने वस्तुमा स्वामित्व हुनु दुबै अलगअलग विषय हुन्। भोग गरेकै आधारमा स्वामित्व सिर्जना हुँदा जग्गाको वास्तविक दर्तावाला स्वामित्वकर्ताको हक प्रतिस्थापन हुन पुग्ने।

कानूनबमोजिम नालिस गर्नैपर्नेमा बाहेक अन्य अवस्थामा नालिस गर्न नगर्न पक्ष स्वतन्त्र नै हुने हुन्छ। कानूनबमोजिम आफ्नो हक हुने विषयमा कुनै पक्षले नालिस गरेको र कुनै पक्षले नालिस नगरेको कारणले मात्र नालिस गर्ने पक्षको दावीलाई स्वीकार गरेको मान्न मिल्दैन। कुनै विषयमा दावी गर्ने पक्षको दावी नपुग्ने ठहर भएमा कानूनबमोजिम हक हुने पक्षको हक स्वत: स्थापित हुन जान्छ । कानूनबमोजिम हक हुने कुरामा नालिस नगर्दैमा हक लोप हुने अवस्था सिर्जना नहुने।

प्रस्तुत मुद्दामा जिल्ला विकास समिति, काभ्रेपलाञ्चोकको स्वीकृतिमा पुनरावेदक नेपाल बाल सङ्गठनले दावीको कि.नं.३२६ को जग्गामा भोग गरेको र निर्माण आदि कार्य गरेको भन्ने हुँदा भोगमा पुनरावेदकको कानूनबमोजिम हक रहने भए तापनि हकको वैध स्रोत र लिखतबेगर हक कायम नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।२।३ को फैसलामा परिवर्तन गर्नुपर्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृतः अनिल कुमार शर्मा

कम्प्युटर गर्नेः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम्।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०५८०, हक कायम, राजेश्वर निरौला वि. राममणि चालिसेसमेत
- ०६७-CI-०५८२, हक कायम, बाबा राणा शाहसमेत वि. राममणि चालिसेसमेत
- ०६७-CI-०५८३, हक कायम, बाबा राणा शाहसमेत वि. राममणि चालिसेसमेत
- ०६७-CI-०५८४, हक कायम, राजेश्वर निरौला वि. जिल्ला विकास समिति, काभ्रेपलाञ्चोक

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०९१४, निषेधाज्ञा, *राजकपुर साह कानुसमेत वि. जगतप्रसाद साह कानुसमेत*

मिति २०६९।२।२१ मा राजकपुर साह कानु, जीवन साह कानु, गोविन्दकुमार साहबीच झैझगडा भएको खबरपछि प्रहरी टोली गई दुबै पक्षलाई छलफल गराई झगडा, अशान्ति नगर्ने र राजकपुर साहले आफ्नो छोरालाई खोजी घर परिवारमा मिलाई राख्ने सहमतिसम्म भएको हो, धरपकड गर्ने, थुनामा राख्ने काम नगरिएको भन्नेसमेतको प्रतिवाद गरेको देखिन्छ। दुबै पक्षका छोरा र छोरीको दाम्पत्य जीवनको विषयलाई लिएर भएको झगडालाई यी पुनरावेदक निवेदकले अन्यथा भन्न नसकी रिट निवेदनमा नै सोको स्पष्ट व्यहोरा खुलाइदिएको देखिन्छ । यसरी नाता नाताका व्यक्तिबीच भएको झगडाको विषयलाई साम्य पार्नेसम्मको प्रयास विपक्षी वडा प्रहरी कार्यालय बिर्ता, वीरगन्जबाट भएको भनी लिखित जवाफमा उल्लेख गरेको र धरपकड गरेको कुरामा इन्कार गरेको अवस्थामा निवेदकले आशङ्का गरेकै अवस्थामा विपक्षीहरूउपर निषेधाज्ञाको आदेश जारी गर्नसमेत मिल्ने नदेखिने।

माथि विवेचित आधार कारणसमेतबाट विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी नगरी निवेदन नै खारेज गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६९।५।२७ को आदेश मिलकै देखिँदा सदर हुन्छ । निवेदन मागबमोजिम विपक्षीहरूउपर निषेधाज्ञा जारी गरिपाउँ भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०६४२, टिप्पणी आदेश दर्ता बदर दर्ता, *जगरनाथ दास तत्मा वि. ओकिल मियाँ अन्सारीसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीका साक्षीले मात्र नभएर वादीतर्फकै साक्षीहरू जमुनाप्रसाद यादव र देवानन्द गिरीले समेत वादी दावीको जग्गा मुसलमान समुदायका व्यक्तिहरूले पनि प्रयोग गरी आएको तथ्य स्वीकार गरी बकपत्र गरेको पाइन्छ । सर्जमिन मुचुल्काका सबै मानिसहरूले मुसलमानले

पनि उक्त जग्गा प्रयोग गरी आएको व्यहोरा उल्लेख गरिदिएको मात्र नभई केही व्यक्तिहरूले त हिन्दुहरूले प्रयोग गरेको नदेखेकोसमेत लेखाएको पाइयो । एकै स्थानमा रहेको जग्गामा एकै ठाउँमा मुसलमानहरूको कब्रिस्तान र हिन्दुहरूको मसानघाट हुनसक्ने पनि नदेखिने ।

माथि विवेचना गरिएको आधार प्रमाणबाट हालको कि.नं.३ र ४ साविक १८८ र १८९ को जग्गा मुसलमानहरूको मुर्दा गाड्ने कब्रिस्तान भएको देखिएकाले कि.नं.३ र ४ को जग्गालाई मुस्लिम कब्रिस्तान कायम गरी दर्ता गरिदिने गरी १ नं. नापी गोश्वाराले मिति २०६४।८।१३ मा गरेको टिप्पणी र आदेश मिलेकै देखी गरिएको पुनरावेदन अदालत, हेटौंडाको फैसलामा परिवर्तन गर्नुपरेन । उक्त अदालतको मिति २०६९।३।१७ को फैसला सदर हुने ।

इजलास अधिकृतः अनिल कुमार शर्मा

इति संवत् २०७१ साल असार २४ गते ३ रोज शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०६७८, लागु औषध चरेस, *नेपाल सरकार वि. नवीन लामा*

आफूसँगसँगै हिडेका प्रतिवादी सूर्यलालले फालेको सामान आफूले संरक्षण गर्नुपर्ने भन्ने ठानेर नै सामान उठाएको भए तापनि प्रस्तुत मुद्दामा निज प्रतिवादी सँगसँगै हिँडेको कुरामा विवाद देखिएन। लागु औषधजस्तो निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराधमा प्रतिवादीबाट लागु औषध बरामद भएको अवस्थामा निजको इन्कारी बयानकै आधारमा निजले आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था नहुने ।

प्रस्तुत मुद्दाका अर्का प्रतिवादीसँगसँगै रहेको यी प्रतिवादी नवीन लामाबाट ८०० ग्राम लागु औषध चरेस बरामद भएको पुष्टि भएको अवस्थामा निजलाई मतियार ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८।१२।५ को फैसला नमिलेको हुँदा केही उल्टी भई प्रतिवादीले अभियोग दावीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा १४ को उपदफा (१) को खण्ड (घ) को देहाय (३) बमोजिम १ (एक) वर्ष कैद र रू.२०००।- (दुई हजार) जरिवाना हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०७१७, लेनदेन, *मीनाकुमारी गुरूङ वि. खरसुवा गुरूङ*

प्रस्तुत मुद्दामा मिति २०६२।१।६ मा गरेका दुई तमसुकहरूमध्ये रू.८,७०,०००।– प्रतिवादीले वादीबाट लिएको भन्ने लेनदेनको विषयको सन्दर्भमा फिराद परेको देखिन्छ । उक्त तमसुक कागजमा परेको सहिछाप आफ्नो भए पनि रकम मैले वादीबाट लिएको होइन भनी प्रतिवादीले जिकिर लिए तापनि तमसुक लिखतको सम्बन्धमा किर्ते जालसाजतर्फ वादीउपर मुद्दा परेको देखिँदैन। तमसुक कागजमा बसेका साक्षी प्रेमप्रसाद ढकालले अदालतमा बकपत्र गर्दा म स्वयम् तमसुक लिखतमा किनारामा साक्षी बसी वादी खरसुवाबाट प्रतिवादी मीनाकुमारीले रू.८,७०,०००।– लिई तीन वर्षभित्र सावाँ ब्याज चुक्ता गर्ने गरी तमसुक लिखत भएको हो भनी व्यहोरा उल्लेख गरिदिएको पाइन्छ । यसबाट प्रतिवादीले पुनरावेदन जिकिर लिए जस्तो फिराद र तमसुकमा भएको साक्षी अलगअलग भएको र साक्षीको बकपत्र नभएको

भन्ने तथ्य साँचो भएको देखिएन। आफूले तमसुक कागजमा सहिछाप गरेको भनी प्रतिवादीले स्वीकार गरेको र तमसुकमा भएबमोजिम रकम लेनदेन भएको हो भनी तमसुकका साक्षीले बकपत्र गरेबाट प्रतिवादीले वादीबाट उल्लिखित रकम नलिएको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुने अवस्था भएन।

वादीले लेनदेनतर्फ पहिलो मुद्दाको रूप विचार गरी दोस्रो मुद्दा गरेको हो कि भन्नेतर्फसमेत प्रतिवादीको भनाइको सम्बन्धमा मिसिल अध्ययन गरी हेर्दा दुबै तमसुक मिति २०६२।१।६ मा गरेको र सोमध्ये रू.९,००,५००।– को लेनदेन भएको तमसुकमा २०६३ साल वैशाख ५ गतेभित्र साँवा ब्याज बुझाउने भाखा रहेको र रू.८,७०,०००।– को लेनदेन भएको तमसुकमा २०६५ जेठ मसान्तभित्र साँवा ब्याज बुझाउने भाखा रहेको देखिन्छ । यसअनुसार रू.९,००,५००।– को तमसुकको विषयमा दिएको मुद्दा सुरू अदालतबाट मिति २०६६।३।९ मा फैसला भएको र उक्त फैसला हुनुअगावै मिति २०६५।१०।२५ मा रू. ८,७०,०००।– को लेनदेन भएको विषयमा प्रस्तुत मुद्दामा फिरादपत्र पेस गरेको देखिएको छ। प्रस्तुत मुद्दामा वादीका वारिसले अ.बं.७८ नं. बमोजिम बयान गर्दा दुबै तमसुकका सम्बन्धमा समेत उल्लेख गरेकोसमेत देखिएको हुँदा मुद्दाको रूप हेरी फिराद दायर गरेको र सफा हात लिई अदालत प्रवेश नगरेको भन्ने प्रतिवादीको भनाइ तथा विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

लेनदेन गर्ने उही व्यक्तिहरू भई एकै मितिमा एकभन्दा बढी तमसुक कागज तयार गर्न नमिल्ने भन्ने कानूनी व्यवस्था नभएको र त्यस्तो कार्यलाई कानूनले निषेध नगरेको अवस्थामा कानूनी रीत पुर्‍याई गरिएको तमसुक कागजलाई बिनाआधार मान्यता दिन नमिल्ने भन्न मिल्दैन । दुबै तमसुक भिन्नभिन्न स्थानमा लेखिएको, भिन्नभिन्न कार्यबापत प्रतिवादीले कर्जा लिएको देखिएको र दुबै तमसुक कागजमा भिन्नभिन्न साक्षीहरू बसेको अवस्थामा यी लिखतलाई अस्वाभाविकसमेत मान्न मिल्ने देखिएन। प्रतिवादी र वादीबीच लेनदेन व्यवहार र अन्य कारोबार हुने गरेको भन्ने सम्बन्धमा प्रतिवादी स्वयम्ले स्वीकार गरेको अवस्था पनि छ । अतः माथि विवेचना गरिएका आधार तथा प्रमाणहरूबाट प्रतिवादीले वादीबाट दावीबमोजिमको रकम लिएको पुष्टि भएको अवस्थामा सावाँ रू.८,७०,०००।– तथा भरिभराउ हुँदाका दिनसम्मको बढीमा दश वर्षको ब्याजसमेत वादीले प्रतिवादीबाट भरिपाउने ठहर भई गरिएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।६।१ को फैसला मिलेकै देखिँदा सदर हुन्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-०३४७, ०६७-CR-१२३९, भ्रष्टाचार, *नेपाल सरकार वि. दिलीपकुमार मल्ल ठकुरी, दिलीपकुमार मल्ल ठकुरी वि. नेपाल सरकार*

प्रतिवादीउपरको आरोप हेर्दा सार्वजनिक सम्पत्ति हिनामिनामात्र गरेको नभई विद्यालयको सम्पत्तिको लापरवाही वा बद्नियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएको वा मासेको वा निजी प्रयोगमा ल्याएको भन्ने विषयवस्तु देखिन्छ

जुन कुरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले सम्बोधन गरेको पाइन्छ । शिक्षा र शिक्षकसँग सम्बन्धित विषयमा शिक्षा ऐन तथा नियमावली स्वाभाविकरूपले आकर्षित हुने नै भए तापनि निवेदकउपर आरोप लागेको विषयवस्तुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले समेटेको र उक्त ऐनले भ्रष्टाचारको कसुरको रूपमा परिभाषित गरेको हुँदा शिक्षा ऐन, २०२८ लागू हुनसक्ने देखिँदैन । त्यतिमात्र नभई शिक्षा ऐन, २०२८ को दफा २१(१क) ले "यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन" भनी स्पष्टसँग उल्लेख गरेकाले प्रस्तुत विषयमा प्रतिवादीले गरेको कसुरका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ आकर्षित हुन नसक्ने भन्ने निवेदन जिकिर तथा विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

शिक्षा ऐन, २०२८ को दफा १२(६) ले सामुदायिक विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने काम, कर्तव्य र अधिकार विद्यालय व्यवस्थापन समितिको हुने भनी गरेको व्यवस्था र शिक्षा नियमावली, २०५९ को नियम १५८ ले विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने भनी गरेको व्यवस्थाले विद्यालयको सम्पत्तिको सुरक्षाको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको पनि हुने कुरामा विवाद छैन तर पुनरावेदक स्वयम् प्रधानाध्यापक रहेको र प्रधानाध्यापकको पनि यस सम्बन्धमा जिम्मेवारी हुने कुरा उक्त नियम १५८ ले उल्लेख गरेकै छ । यसबाहेक नियम १७०(५) ले "विद्यालयको नगदी, जिन्सी जायजेथामा कुनै किसिमको हिनामिना, हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ" भनी उल्लेख गरेको पाइने ।

तसर्थ विद्यालयको सम्पत्तिको सुरक्षा गर्नु सबैको जिम्मेवारी हो भन्दैमा कसैको जिम्मेवारीमा नपर्ने गरी अर्थ गर्नु युक्तिसङ्गत हुँदैन । दायित्व सबैको आआफ्नो हुन्छ । आरोप कोकसलाई लगाउने हो भन्ने विषय आरोपपत्र प्रस्तुतकर्ताको हुन्छ तर निर्णयको रोहमा अरूको पनि सम्पत्तिको रेखदेख गर्ने जिम्मेवारी छ भन्दैमा आरोपित व्यक्तिउपर लागेको कसुरको गाम्भीर्यमा कमिचाहिँ आउँदैन । प्रधानाध्यापक विद्यालयको प्रशासकीय प्रमुख भई निजको जिम्मेवारीमा छोडिएको विषयमा आफ्नो जिम्माको होइन भन्न नमिल्ने ।

प्रतिवादीउपर लागेको विभिन्न विषयका आरोपका सम्बन्धमा प्रतिवादीले अदालतमा समेत बयान गर्दा विद्यालय व्यवस्थापन समितिको तत्कालीन अध्यक्षको प्रभावमा परी चेक काट्ने गरेको कुरालाई स्वीकार गरेका छन् । निजको प्रभावमै चेक काट्ने, रकम दिने दिलाउने कार्य गरे तापनि बामदेव सुवेदीलाई दिएको रकमबाहेक अन्यमा विद्यालयको प्रयोजनार्थ दिने र यस्तो रकम दिँदा भरपाई गर्ने गराउनेसमेतको जिम्मेवारी र दायित्वसम्म यी प्रतिवादीले निर्वाह गर्नसकेको पाइँदैन । निजले अदालतमा गरेको बयानमा नै खेमनारायण फौज्दारले रू.७,००,०००।–, शम्भुलाल श्रेष्ठले रू.४,५०,०००।–, बिक्रम खनालले रू.१,५०,०००।–, बद्री सुवेदीले रू. ५०,०००।– र नरिश्वर शर्माले रू.१७,५००।– प्रतिवादीबाट लिएको भनी ब्यहोरा उल्लेख गरेको देखिन्छ । यसैगरी रा.वा.बैङ्क, परासी शाखाको मिति २०६१।६।१० को पत्रअनुसार च.हि.नं.

१४४० को पासबुकमा मिति २०५२।७।१९ देखिपछिका विवरणहरू बैङ्कद्वारा भरिएको होइन भनी उल्लेख गरेको पाइन्छ। बैङ्कको कर्मचारीले गर्नुपर्ने पासबुक भर्ने कामसमेत प्रतिवादी आफैँले गरेको कुरा स्वीकार गरेकै देखिन्छ। विद्यालयको रकमको बैङ्कमा जम्मा गर्ने र आम्दानी बाँध्ने काम नगर्ने तर बैङ्कमा जम्मा नगरिएको रकम पासबुकमा रकम उल्लेख गर्ने कार्यलाई प्रतिवादीको लापरवाही वा बद्नियतपूर्ण कार्य होइन भन्न सकिँदैन। विद्यालयको सम्पत्तिलाई यसरी गैरजिम्मेवारपूर्ण तरिकाबाट बाँडफाँट गर्ने, आम्दानी नबाँधिएको रकमलाई कृत्रिम ब्यहोरा उल्लेख गरी पासबुकमा जनाउने, हिसाब दुरूस्त नराख्ने, नगदी रसिदमा आम्दानी जनिएको कुरालाई बैङ्कमा जम्मा गरेको पुष्टि गराउन नसक्नुले विद्यालयको रकम हिनामिना गर्ने कार्यमा यी प्रतिवादी निर्दोष देखिन नआउने।

यसैगरी सञ्चय कोष दाखिला गरेको भने तापनि उक्त रकम दाखिला भएको देखिएन। कानूनबमोजिम स्रेस्ता राख्ने, राख्न लगाउने र बैङ्कमा रकम जम्मा गर्दा र झिक्दा भौचर उठाउनेसमेतको जिम्मेवारी प्रतिवादीले प्रधानाध्यापकको हैसियतले निर्वाह गर्न सकेको पाइएन। पाठ्यपुस्तक वितरणतर्फ लेखापरीक्षण प्रतिवेदनले औंल्याइएको रकमको आम्दानीसमेत बाँधेको भन्ने देखिएन।

यसरी शिक्षा ऐन, २०२८ को दफा १२(६) र शिक्षा नियमावली, २०५९ को नियम १५८ तथा १७०(५) ले विद्यालयको सम्पत्ति रेखदेख गर्ने र नगद जिन्सी स्रेस्ता दुरूस्त राख्ने दायित्व विद्यालयको प्रधानाध्यापकको हुने भनी उल्लेख गरेकोमा विद्यालयको आम्दानी बैङ्कमा जम्मा नगरी गैरजिम्मेवारीपूर्वक वितरण गरेको तथ्यलाई निजकै बयान तथा पुनरावेदन जिकिरमै स्वीकार गरेको अवस्था देखिँदा अभियोग दावीबाट सफाइ दिलाइपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मुनासिब देखिन नआउने।

वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीले बामदेव सुवेदीलाई दिएकोमध्ये रू.५५,०००।– को भरपाई मिसिल संलग्न देखिन्छ। मिति २०६१।५।६ को उक्त भरपाईमा भएको व्यहोरा हेर्दा विद्यालय मर्मत र चर्पी निर्माणको लागि रकम प्रतिवादीले दिएको देखिन्छ। यसरी विद्यालयको रकम विद्यालयकै प्रयोजनको निम्ति बाँडेको भन्ने देखिएको र बद्नियत वा लापरवाहीपूर्वक हिनामिना गरेको भन्ने देखिन नआएको अवस्थामा कानूनबमोजिम फरफारक नगरेको कारणले मात्र भ्रष्टाचार नै गरेको भन्न मिल्ने हुँदैन। रकम बेरूजु हुनु र भ्रष्टाचारको कसुर अलगअलग विषय भएको हुँदा यस सम्बन्धमा वादीको पुनरावेदन जिकिरसँग सहमत हुने अवस्था नहुने।

प्रतिवादीले रू.१,४१,५२०।– रा.वा. बैङ्कको खातामा जम्मा गरेको कारणले उक्त रकम बिगोमा कायम गर्नुपर्ने हो होइन भन्ने सन्दर्भमा प्रतिवादीले मिति २०६१।३।२७ मा उक्त रकम जम्मा गरेको भन्ने व्यहोरा पुनरावेदन जिकिरमा उल्लेख गरेको र रा.वा.बैङ्कको भौचरको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको पाइन्छ। आरोपपत्र पेस हुनुअगावै प्रमुख जिल्ला अधिकारीसमक्ष बामदेव सुवेदीले मिति २०६१।५।२० मा उजुरी दिएको, मिति २०६१।६।४ मा निजसमेत छानबिन समितिका सदस्यहरूले उजुरी दिएको र राजा मा.वि. छानबिन समितिको प्रतिवेदन मिति २०६१।५।३० मा तयार भएको परिप्रेक्ष्यमा सोभन्दा अगावै बैङ्क खातामा जम्मा भएको अवस्था हुँदा यसलाई भ्रष्टाचारको बिगोमा समावेश गर्ने अवस्था नहुने।

प्रमाणपत्र वितरणको रकमका सम्बन्धमा उक्त प्रमाणपत्रहरू यिनै प्रतिवादीको जिम्मामा रहेको भनी वादी पक्षले पुष्टि गर्नसकेको अवस्था छैन। यी प्रतिवादीको नाममा साविक स्वाठी गा.वि.स. पछि सुनवल गा.वि.स.वडा नं.३ कीर्तिपुरमा रहेको कि.नं.३९० को ज.बि. ०–१८–० जग्गा जफत हुनुपर्ने भन्ने जिकिरतर्फ हेर्दा प्रतिवादीले अनुसन्धानको क्रममा विद्यालयको हिनामिना गरेको रकममध्येबाट खरिद गरेको भनी उल्लेख गरे तापनि अदालतमा आई सो कुरामा इन्कार रही बयान गरेको पाइयो। जफतको माग दावी लिइएको जग्गा प्रतिवादीको नाममा कसरी आएको हो, जग्गा निजको नाममा आउँदाको समयसम्म निजले विद्यालयको कति रकम हिनामिना गरी भ्रष्टाचार गरेको हो र सो रकमले जग्गाको मोल बिगो खाम्न सक्दछ सक्दैन भन्नेतर्फ आरोपपत्र स्पष्ट छैन। विद्यालयको रकमबाट नै उक्त जग्गा प्रतिवादीले किनेको भनी पुष्टि हुन नआएसम्म निजको नाममा भएको उक्त जग्गालाई जफत गर्न मिल्ने पनि नहुने।

प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १७ बमोजिम कसुर गरेको पुष्टि भएको अवस्थामा निजलाई २ वर्ष ६ महिना कैद र रू.२१,७२,२८३।९१ जरिवाना भई सो बराबरको रकम निजबाट राजा मा.वि., नवलपरासीलाई भराइदिने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६६।४।१९ को फैसला मुनासिब नै देखिँदा सदर हुने ठहर्छ। अभियोग दावीबाट सफाइपाउँ भन्ने प्रतिवादी र पूरै बिगो कायम गरी प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अनिल कुमार शर्मा

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निरू रावलसमेत*

प्रतिवादीहरूको साबिती बयान, सोलाई पुष्टि एवम् समर्थन गर्ने अनुसन्धानको क्रममा मौकामा बुझिएका मानिसहरूको कागज, घटनास्थल/लास जाँच मुचुल्कासमेतबाट शक्तबहादुर भन्ने सन्तबहादुर शाही र चन्द्रा शाहीको मृत्यु प्रतिवादी निरू रावल र पदमबहादुर तारामीको कर्तव्यबाट भएको कुरा पुष्टि एवम् समर्थन भएको देखिन्छ। प्रतिवादी निरू रावल आफ्नो बाबु शक्तबहादुर शाहीले दोस्रो विवाह गरेपछि आफूलाई दिने भनेको जग्गा नदिएको र केटा साथी लिई हिँडेको भनेका आधारमा निजसँग रिस उठी निजलाई मार्ने योजना बनाई आफ्नो केटा साथी प्रतिवादी पदमबहादुर तारामीलाई रातिको समयमा आफ्नो माइतीघरमा बोलाई प्रतिवादीहरूले एकआपसमा यौनसम्बन्ध राखी दुबैजना बाबु सुतेको कोठामा गई बाबुलाई बाहिर बोलाई यी प्रतिवादीहरूले हँसिया चक्कुले पटकपटक शरीरको संवेदनशील भागमा प्रहार गरी मृतक बाबु शक्तबहादुर शाहीलाई मारेका र सो घटनापश्चात् भान्सा कोठाभित्र रहेकी आमा चन्द्रा शाही बाहिरबाट यिनै प्रतिवादी निरू रावलले थुनी राखेको अवस्थामा जबर्जस्ती ढोका फोरी बाहिर भाग्ने क्रममा पहिला निरू रावलले निजको चुल्ठोमा समाती पल्टाई दुबैजना भई चक्कु, हँसियासमेतले प्रहार गरी मृतक चन्द्रा शाहीसमेतलाई मारेको व्यहोरा निजहरूकै मौका एवम् अदालतसमक्ष भएको बयानबाट पुष्टि भइरहेको देखिन्छ। यसको साथै मौकामा देखिजान्ने मृतककी छोरी नन्दा शाही एवम् सुरेन्द्रबहादुर शाहीसमेतले मौकामा एवम् अदालतमा समेत बकपत्र गर्दा मृतकहरूलाई

यी प्रतिवादीहरूले मारेको हो भनी लेखाइदिएको र मिसिल संलग्न अन्य तथ्यगत प्रमाणसमेतबाट यी प्रतिवादीहरूले रातिको समयमा मृतकको घरमा गई मानवीय संवेदनशून्य अवस्थामा मृतकहरूलाई कर्तव्य गरी मारेको पुष्टि भएको देखिने।

प्रतिवादीहरू निरू रावल र पदमबहादुर तारामीले मृतकद्वय शक्तबहादुर भन्ने सन्तबहादुर शाही र चन्द्रा शाहीलाई नियोजितरूपमा हँसिया चक्कु जस्तो जोखिमी हतियारले शरीरका विभिन्न अङ्गमा प्रहार गरी मृतकहरूको तत्कालै मृत्यु भएको अवस्थामा सुरु दैलेख जिल्ला अदालतबाट प्रतिवादीहरू निरू रावल र पदमबहादुर तारामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, १३(१) नं. को कसुरमा सोही ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत, सुर्खेतबाट समेत मिति २०६९।९।२४ मा सुरूको फैसला सदर गरी साधक सदरका लागि पेस भएको उक्त फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम्।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार केवट*

मौकामा प्रतिवादी राजुकमार केवटकी आमा सुभागी केवटले आफ्नो छोराले मृतकलाई काठको लाठीले १/२ पटक हिर्काएको भनी गरिदिएको कागज र फागु केवटसमेतका व्यक्तिहरूको मौकाको कागजबाट प्रतिवादी राजकुमार केवटको कुटाइबाट मृतकको मृत्यु भएको हो भन्ने कुरा पुष्टि भइरहेको देखिन्छ। लास प्रकृति मुचुल्काबाट मृतकको शरीरको विभिन्न भागमा चोट र नीलडामहरू देखिन्छन् भन्ने शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा Splenic Rupture उल्लेख भएको पाइन्छ । प्रतिवादीको अदालतमा भएको केवल इन्कारी बयानबाहेक मिसिल संलग्न अन्य तथ्यगत प्रमाणहरूबाट यी प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी राजकुमार केवटलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरु रूपन्देही जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादी राजकुमार केवटलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको इन्साफ मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम्।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लम्बु कोरीसमेत*

प्रस्तुत मुद्दाका प्रतिवादीमध्येका सहजराम कुर्मीले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत बयान गर्दा प्रतिवादी श्रीमती सोनापती कुर्मीसमेतको सहमतिमा प्रतिवादी लम्बु कोरीलाई ८०,०००।– (असी हजार रूपैयाँ) दिई निजको सहयोगमा सुर्ता कुर्मीलाई मारी फाल्ने सल्लाह भएबमोजिम प्रतिवादीहरू रामगोपाल कुर्मी, जवाहिरलाल कुर्मी, लम्बु कोरी, नन्कु कहार, पुत्तन दर्जीसमेत भई मृतक सुतिरहेको अवस्थामा निजको हातखुट्टा समाती मुख थुनी

निजकै धोतीले घाँटी कसेर मारी दबाउने छिपाउने उद्देश्यले मिलको चक्कीसमेतमा रस्सीले बाँधी बोरामा हाली डडुवा नालाको पानीमा फालेको भनी घटनाको सम्पूर्ण तथ्य खुलाई कसुर गरेमा साबित भई बयान गरेकोबाट यी प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहारसमेत वारदातमा संलग्न रहेको भन्ने देखिने । मृतक सुर्ता कुर्मीको मृत्यु मिसिल संलग्न घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन र अन्य प्रतिवादीहरूको बयानअनुसार कर्तव्यबाटै मृत्यु भएको पुष्टि हुन आएको देखिने ।

सहप्रतिवादी सहजरामको पोल झुट्टा भए आफूउपरको अभियोग झुट्टा हो भन्ने कुराको सप्रमाण अदालतमा उपस्थित भई सफाइ लिनुपर्नेमा यी प्रतिवादीहरू हालसम्म सुरू म्यादै गुजारी फरार रहेको देखिन्छ । जाहेरवाला राजितराम कैरातीले अदालतमा उपस्थित भई गरेको बयानमा यी प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहारसमेत सहभागी भई घटना घटाएको भन्ने व्यहोरा उल्लेख भएको र प्रतिवादी सहजराम कुर्मीले प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहारसमेत सहभागी भई मृतकलाई सुतेको अवस्थामा मारी डडुवा नालामा फालेको भन्ने देखिन्छ । यी प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहार अदालतबाट जारी भएको सूचना म्यादमा उपस्थित भई आफ्नो बचाउ गर्न नआई निजहरू मौकादेखि नै फरार रही हालसम्म उपस्थित नभएका र मौकामा उपस्थित भई कागज गर्ने मानिसहरूले अदालतमा समेत बकपत्र गर्दा निजहरू अपराधमा संलग्न भएको भन्ने देखिँदा प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहार निर्दोष रहेछन् भन्न सक्ने अवस्था नरहने ।

सहप्रतिवादी सहजराम कुर्मीको बयान एवम् मिसिल संलग्न अन्य तथ्यगत प्रमाणसमेतबाट प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहारसमेत सहभागी भई मृतक सुर्ता कुर्मीलाई राति सुतिरहेको मौकामा हात खुट्टा समाती चल्न नदिई निज मृतककै धोतीले घाँटी कसी मारी मृतकलाई मिलको पिसानी गर्ने चक्कीमा बाँधी डडुवा नालामा फालेको पुष्टि भइरहेको र प्रतिवादीहरू लम्बु कोरी र नन्कु कहार हालसम्म फरार रही आफ्नो बचाउ गर्नसमेत नआएको अवस्थामा निज प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ नं. को कसुर गरेको ठहर गरी ऐ.१३(३) नं. बमोजिम जनही जन्मकैद हुने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७०।९।८ मा सदर गरी यस अदालतमा साधक सदरका लागि पठाएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-CI-०३५६, अंश चलन, *सुरजमल सुराना वि. दिपचन सुरानासमेत*

जग्गा नापीको समयमा विराटनगर नगरपालिका र दिपचन सुरानाको बीचमा मिति २०४३ सालमा उक्त कि.नं.३० को जग्गाको सम्बन्धमा दर्ता बदर ऐलानी कायम गरिपाउँ भन्ने मुद्दा चल्दा दिपचनका वारिस पशुपति नेपालले अदालतमा मिति २०४३।१०।१३ मा बयान गर्दा हंसराजबाट उक्त कि.नं.३० को जग्गा अंशबापत प्राप्त गरेको भनी बयान कागज गरेको देखिए तापनि

सुरजमल सुरानालगायतका यी वादीसमेतको अंशियारको हक लाग्ने जग्गा हो भनी भनेका छैनन् । मिति २०३०।११।२२ को सो लिखतको स्वरूप हेर्दासमेत उक्त जग्गा बकसपत्रबाट आएको देखिँदा अंशबाट प्राप्त भएको यी वादीसमेतको अंश हक लाग्ने सगोलको जग्गा हो भनी मान्न मिल्ने अवस्थासमेत रहेको देखिन नआउने ।

मिति २०६१।३।२५ को अंश भरपाई गरेको दुई दिनपछि अर्थात् मिति २०६१।३।२७ मा वादी सुरजमल सुरानाको अंश मुद्दाको फिराद परेको देखिन्छ । प्रतिवादी दिपचन सुरानाले आफ्ना छोराहरूलाई अंश छोडपत्र भरपाई पारित गरी दिएउपर यी वादीले अंशबन्डाको महलको ३२ नं. र ऐ.३५ नं. को म्याद कायम हुनुपर्ने भनी अदालत प्रवेश गरेको भए तापनि निजको उक्त फिराद ऐनले निर्दिष्ट गरेको तीन महिनाको हदम्यादभित्र परेको मान्न मिलेन । साथै अंशबन्डाको ३५ नं. ले अंश भरपाई बदर हुने कानूनी व्यवस्थासमेत गरेको नदेखिने ।

२०१० सालभन्दा अघि नै वादी सुरजमल सुराना र प्रतिवादी दिपचन सुरानाका बाबु एवम् काकाहरू छुट्टिसकेका भनी फिरादीले आफ्नो फिरादमा उल्लेख गरेको अवस्थामा २०३० सालमा काकाका छोरा हंसराज जैनले यी प्रतिवादी दिपचन सुरानालाई निजीतवरबाट बकसपत्र गरी दिएको जग्गा आफ्नोसमेत अंश हक लाग्ने जग्गा हो भन्ने वादीले दाबी लिए पनि कागज प्रमाणको अभावमा निज वादीको फिराद दावी पुष्टि हुन सकेको देखिन नआएबाट निज वादी प्रतिवादीबाट भएको अलगअलग व्यापार र व्यवसायको कारोबार हेर्दा निजहरू आआफ्नो तरिकाले खती उपती गरी बसी आएको देखिएको अवस्थामा वादीले २०४६ सालदेखि अलग बसी आएको भनेको तर मानु छुट्टिएको मिति स्पष्ट भन्न नसकेको र प्रतिवादीले २०२८ सालदेखि मानो छुट्टिई अलग बसी आएको भनी जिकिर लिएको अवस्थामा वादी एवम् प्रतिवादीका उल्लिखित व्यवहारबाट अंशबन्डाको महलको ३० नं. अनुसार २०३० सालपूर्व नै वादी प्रतिवादीको बीचमा मानो छुट्टिई व्यवहार प्रमाणबाट अलग भएको मान्नुपर्ने देखिन आउने हुँदा कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतको आधारमा वादी प्रतिवादीको बीचमा व्यवहार प्रमाणबाट २०३० सालपूर्व नै छुट्टि भिन्न भैसकेको देखिँदा वादी दावी पुग्न नसक्ने ठहरी सुरू मोरङ जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरले मिति २०६५।१।१० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

- ०६६-CI-०३५७, अंश छोडपत्र लिखत दर्ता बदर, *सुरजमल सुराना वि. दिपचन सुरानासमेत*
- ०६६-CI-०३५८, अंश छोडपत्र लिखत दर्ता बदर, *सुरजमल सुराना वि. दिपचन सुरानासमेत*

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-१२८७, हक कायम गरी जग्गा नामसारी दर्ता, *सुरजमल सुराना वि. दिपचन सुराना*

नक्सामा पूर्वतर्फ न.नं.३१, २४, २५, ३६, ३७ र ४२ को भाग हिस्सा प्रतिवादीमध्ये निरजकुमार सुरानाको एकलौटी भोग चलनमा

रहेको देखिन्छ । त्यस्तै पश्चिमतर्फ न.नं. २, ३ र ४ वादीको घर न.नं.६ र २१ मा पनि वादीको भोग चलन रहेको देखिन्छ । त्यस्तै पश्चिम दक्षिण खण्डमा बाटोको मुखमा पर्ने न.नं.८ मा वादीको घर जग्गा रहेको भए तापनि न.नं.९ मा भुइँतल्ला वादीको र माथिल्लो तल्लामा प्रतिवादीको बसोवास भएको पक्की घर देखिन्छ । त्यस्तै न.नं.१० वादी प्रतिवादीको साझा भोग चलनको आँगन र न.नं. ११, १२, १५ मा प्रतिवादीको घरसमेत रहेको देखिन्छ । अर्थात् पश्चिम उत्तरतर्फको अधिकांश हिस्सामा वादीको र पश्चिम दक्षिणतर्फको अधिकांश हिस्सामा प्रतिवादी सुरजमल सुरानाको भोग रहेको देखिन्छ । सो कुरा यी प्रतिवादीले प्रतिउत्तरमा स्वीकारसमेत गरेको देखिन्छ । पश्चिमतर्फ रहेको न.नं.१ बाटोमा जोडिएको भाग हिस्सा यी वादी र प्रतिवादी सुरजमल सुरानाको भागमा बराबर पर्ने गरी पश्चिम उत्तरतर्फ वादीको घर र भोग चलनसमेत हुँदा यी वादीले छुट्याई लिन पाउने नै देखिने ।

आमा हुलासीदेवी नाउँको जग्गा तीनै भाइको बराबर हक लाग्ने, उक्त जग्गामा तीनवटै भाइको भोगचलनको आधारमा बराबर भाग हिस्सा अर्थात् वादी दावीको कि.नं.१० र ५७ को जग्गामध्येबाट ३ खण्डको १ खण्ड भाग हिस्सामा हक पुग्नेमा वादीको भोग चलन रहेको पश्चिम उत्तर खण्डमा न.नं.२, ३, ४, ६ र २१ मा पक्की घर वादीले चर्ची भोगी आएको देखिँदा सोहीतर्फबाट बाटो (न.नं.१) को मुख यी वादी र प्रतिवादी सुरजमलको बराबर पर्ने गरी वादी दावीको ०–३–७ जग्गा र त्यसमा बनेका घरहरू समेत वादीले दा.खा. नामसारी दर्ता गरी लिन पाउने ठहर्‍याई मोरङ जिल्ला अदालतले गरेको फैसला सदर हुने गरेको मिति २०६७।६।१८ को पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

- ०६४-CI-७१७, रोक्का बदर, *जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ९ मा रजिस्टर्ड कार्यालय रहेको नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैङ्क लि.समेत वि. दीपचन सुराना*
- ०६४-CI-०७१८, रोक्का बदर, *जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ९ मा रजिस्टर्ड कार्यालय रहेको नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैङ्क लि.समेत वि. सुरजमल सुराना*
- ०६२-CI-८४८९, निषेधाज्ञा, *दिपचन सुराना वि. मालपोत कार्यालय, विराटनगरसमेत*
- ०६२-CI-८५६२, निषेधाज्ञा, *सुरजमल सुराना वि. नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैङ्क लि., विराटनगरसमेत*

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०८५८, धितोपत्र रोक्का जग्गा फुकुवा दर्ता बदर दर्ता, *गङ्गाप्रसाद तिवारी वि. रामुदेवी यादव*

लिखत बदर दर्ता बदर दर्ता मुद्दामा विवेचित आधारबाट कि.नं. २, २६, र २७ मा वादीका पति सोनाई यादवको हक स्थापित भैसकेको जग्गाहरूमा यी प्रतिवादी गङ्गाप्रसाद तिवारीको हकाधिकार रहेको भन्ने कुरा कानूनत: मिलेन । यसरी एक पटक आफ्नो हक समाप्त भैसकेको जग्गामा पुन: मेरो हो भन्ने प्रतिवादी जिकिर कानूनसम्मत् देखिएन र सो

विवादको कि.नं. २, २६ र २७ का जग्गामध्ये कि.नं. २६ बाट कित्ताकाट भै कायम कि.नं. २४८ को ०-१२-१० र कि.नं. २७ को ०-१४-१० जग्गा प्रतितिवादी गङ्गाप्रसादले कृषि विकास बैङ्कमा धितो राखी ऋण लिएको कार्य अनधिकृत देखिँदा सिरहा जिल्ला अदालतबाट भएको फैसलाअनुसार पारित भएको लिखतअनुसार वादीको हकको भएको जग्गा प्रतिवादी गङ्गाप्रसाद तिवारीले कृषि विकास बैङ्कमा अनधिकृतरूपले धितो राखी बैङ्कबाट ऋण लिइराखेको जग्गाको धितोपत्र बदर हुने र रोक्का जग्गा फुकुवा भै प्र. गङ्गाप्रसाद तिवारीको दर्ता बदर भै वादी रामुदेवी यादवका नाउँमा दर्तासमेत हुने ठहर्‍याई सुरू सिरहा जिल्ला अदालतले गरेको फैसला सदर हुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

४

**श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०८५९, लिखत दर्ता बदर दर्ता, *गङ्गाप्रसाद तिवारी वि. रामुदेवी यादव*

रजिस्ट्रेसनको महलको ३४ नं. अनुसार पुरानो जेठो लिखतले कानूनी मान्यता पाउने व्यवस्था गरेको हुनाले आफ्नो हक समाप्त भैसकेको जग्गा पुन: यी प्रतिवादी गङ्गाप्रसाद तिवारीले आफ्नो भनी प्रतिवादी महेन्द्र यादवलाई लिखत पारित गरिदिएको कार्यले कानूनी वैधता पाउने अवस्थाको नदेखिने ।

रजिस्ट्रेसन पारित भएको लिखतसमेतका आधारबाट वादी रामुदेवी यादवको हक स्थापित भएको जिल्ला सिरहा, गा.वि.स. फुलबरिया वडा नं. ७।ख कि.नं. २ को ज.वि. ०-३-७ जग्गा प्रतिवादी महेन्द्र यादवको नाममा र.नं. ४६४७ मिति २०६२।१०।२० गते मालपोत कार्यालय, सिरहाबाट पारित गरिदिएको लिखत र सो लिखतबमोजिम हाल प्रतिवादी महेन्द्र यादवको नाउँमा दर्ता हुन आएको जग्गाको लिखत दर्ता र दर्तासमेत बदर भै वादीका नाउँमा दर्तासमेत हुने ठहर्‍याई सुरू सिरहा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-WO-०७९७, उत्प्रेषण/परमादेश, *नम्रता आचार्य बराल वि. जिल्ला शिक्षा कार्यालय, सर्लाही मलङ्गवासमेत*

विपक्षी विद्यालय व्यवस्थापन समितिको लिखितजवाफमा अन्तर्वार्ता र कक्षा अवलोकनको नम्बर दिने क्रममा शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम २२(क), (ख), (ग) विपरीत हुने गरी स्रोत व्यक्ति नरेन्द्र भट्टराईको उपस्थितिमा ५ जना सदस्य रहने गरी अन्तर्वार्ता समिति गठन गरी अन्तर्वार्ताको नम्बरलाई १०० पूर्णाङ्क मानी २०/२० नम्बरका दरले अङ्क विभाजन गरी विपक्षी नम्रता आचार्य बराललाई बिनाटिप्पणी

नरेन्द्र भट्टराईले शतप्रतिशत अङ्क प्रदान गरेको हुनाले अन्तर्वार्ता तथा कक्षा अवलोकन शिक्षा ऐन, नियमविपरीत भयो भन्ने स्थानीय अभिभावकको मिति २०६७।५।१३ अमर ज्यान नि.मा.वि. का १६४ जना व्यक्तिहरूको आमभेला बसी माइन्यूट गरी विद्यालयमा अन्तर्वार्ता तथा कक्षा अवलोकनको नम्बर दिने कार्य रद्द गर्न व्यापक जन दबाब र जन चासो व्यक्त गरियो। सोही अनुरूप सो ५ सदस्यीय समिति विघटन गरी साविककै तीन सदस्यीय समिति गठन गरिएको हो भनी उल्लेख गरको एवम् मिसिल सलग्न छायाँप्रतिबाट समेत अभिभावक भेलाको सिफारिसको आधारमा अन्तर्वार्ता तथा कक्षा अवलोकनको नम्बर दिने कार्य रद्द गरेको कानूनसम्मत् नदेखिने।

जि.शि.कार्यालय, सर्लाहीको मिति २०६७।३।१० च.नं. २१८१ को निर्देशन बुँदा नं. ४ मा दलितपछि महिलालाई प्राथमिकता दिनुपर्ने एवम् विज्ञापन १।०६७ मिति २०६७।४।१६ मा समेत सोही आधार खोलिएको अवस्थामा निर्देशन एवम् विज्ञापन अनुसारको प्राथमिकताभन्दा बाहिर गई प्राथमिकताको क्रमको उम्मेदवारले उत्तीर्ण गरेको अवस्थामा शिक्षा ऐन,२०२८ को दफा २२(च) तथा शिक्षा नियमावली २०५९ को नियम ९७ (२) समेतको आधारमा प्रक्रिया पूरा गरी शिक्षक छनौट समितिले नियुक्तिको लागि सिफारिससमेत गरेको देखिएकाले यी रिट निवेदिकालाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति नदिएको कानूनत: मिल्ने नदेखिने।

विपक्षीमध्येको अमर ज्यान नि.मा.वि.को विद्यालय व्यवस्थापन समितिबाट मिति २०६७।५।१२ गतेभन्दा पछिल्ला मितिमा भएका सम्पूर्ण निर्णय, गठन भएको शिक्षक छनौट समिति र शिक्षक छनौट समितिको सिफारिस, नियुक्तिलगायतका सम्पूर्ण काम कारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अमरज्यान नि.मा.वि मेजरगन्ज सर्लाहीबाट मिति २०६७।४।१३ मा प्रकाशित भएको विज्ञापन नं. १।०६६/६७ को सूचनाबमोजिम नि.मा.वि. तहको राहत शिक्षक कोटा सङ्ख्या १(एक) नेपाली विषयमा Merit Basis मा सबैभन्दा बढी अङ्क ल्याई सफल उम्मेदवार भनी शिक्षक छनौट समितिबाट सिफारिस भएकी रिट निवेदिका श्रीमती नम्रता आचार्य बराललाई नि.मा.वि. तहको राहत कोटा रहिरहेको भए उक्त राहत कोटा रहँदासम्मको लागि सिफारिसबमोजिम सो नि.मा.वि. तहको नेपाली विषयको राहत कोटाको शिक्षक पदमा नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त / शकुन्तला कार्की

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०११७, परमादेश, *मोरङ जिल्ला, टङ्की सिनुवारी गाविसमा उद्योग रही काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ गणबहालमा मुख्य कार्यालय रहेको हुलास वायर इन्डस्ट्रिज प्रा.लि.कातर्फबाट ऐ.का अख्तियारप्राप्त सञ्चालक दिवाकर गोल्छा वि. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २३ त्रिदेवीमार्ग ठमेलस्थित हिमालयन बैङ्क लिमिटेडसमेत*

यी दुबै पक्षबीच भएको उक्त सम्झौता बमोजिमका सर्तहरू दुबै पक्षले बराबररूपमा पालना गर्नुपर्छ भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। रिट

निवेदक कम्पनी पनि सो सम्झौताको पक्ष भएको र सम्झौतामा उल्लिखित सर्तहरू दुबै पक्षलाई बन्धनकारी भैरहेको अवस्थामा रिट निवेदक कम्पनी र विपक्षी स्टिल अथोरिटीबीच कुनै विवाद पर्न गएमा मध्यस्थताको मार्गमा प्रवेश गर्नुपर्नेमा सो गरेको देखिन नआउने।

रिट निवेदक कम्पनीले सम्झौतामा उल्लिखित कुरालाई स्वीकार गरी सामान लिने दिने गरेको देखियो तर कारोबारको क्रममा कुनै पनि विवाद उत्पन्न भएमा मध्यस्थद्वारा विवादको समाधान गर्ने भनी सोही सम्झौतामा नै उल्लेख भएको कुराको पालना गरिएको पाइएन । यसरी प्रस्तुत विवादको समाधानको मार्ग रिट निवेदन नभएर मध्यस्थता भएको देखिन आयो। सम्झौतामा आफूले स्वीकार गरेको मार्ग अवलम्बन नगरी भुक्तानी रोक्का गराउने मनसायले अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरी उपचार माग गर्ने हकदैया रिट निवेदकलाई रहेको देखिन आएन। भारत नयाँ दिल्लीस्थित मध्यस्थकर्ताबाट निरूपण हुने विषय यस अदालतको रिट क्षेत्राधिकारभित्र नपर्ने।

विपक्षीमध्येका स्टिल अथोरिटी अफ इण्डिया लिमिटेडलाई जुन रकम एल.सी.मार्फत भुक्तानी गर्नुपर्ने हो सो रकम विपक्षीमध्येका हिमालयन बैङ्क लि.बाट प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश हुनुभन्दा अगावै अर्थात मिति २०७०।४।२८ गते नै स्टिल अथोरिटीले भुक्तानी लगिसकेको भन्ने देखिन आयो । जुन एल.सी. खोलिएको रकमको भुक्तानी रोक्नको लागि परमादेशको आदेश जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन दायर भएको हो सो रकम नै यस अदालतबाट अन्तरिम आदेश नहुँदैका अवस्थामा भुक्तानी भैसकेको देखिँदा प्रस्तुत रिट निवेदन जारी गर्दा पनि निस्प्रयोजनीय हुने देखिन आउने।

सम्झौताबमोजिम सर्तको पालना गरी भारतको नयाँ दिल्लीस्थित मध्यस्थकर्ताबाट विवादको समाधान गर्ने मार्ग अवलम्बन गर्नुपर्नेमा यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको देखिँदा क्षेत्राधिकारको अभाव रहेको तथा जुन कार्य रोक्नको लागि परमादेश जारी गरिपाउँ भनी माग गरिएको थियो सो कार्य अगाडि नै सम्पन्न भैसकेको अवस्थामा विपक्षीहरूको कार्यबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०४२६, ०५९८, ०५९९, ०६०८, ०६३२, ०६७५, ०८२३, कर्तव्य ज्यान, *रेखा थापा वि. नेपाल सरकार, रमेश थापा वि. नेपाल सरकार, सूर्यबहादुर चन्द वि. नेपाल सरकार, नरेश थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. सूर्यबहादुर चन्दसमेत, सन्तोष चन्द वि. नेपाल सरकार, रेखा पाठक रावत वि. नेपाल सरकार*

सम्पूर्ण घटनाक्रम परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको बयानबाट घटनालाई प्रष्ट उजागर गर्ने गरी एक आपसमा गरेको पोलबाट पुष्टि भइरहेको विषयलाई मृत्यु भएको बाईस दिनसम्म ट्वाइलेटको सेफ्टी ट्याङ्कीमा चुना, नुन, एसीडलगायतका रसायन हाली सडे गलेको स्थितिमा रहेको लासको भिसेरामा मृतकलाई मार्नका लागि प्रयोग गरिएको विष कुनै प्राविधिक कारणबाट देखिएन भन्दैमा कुनै

एउटा प्रमाण लोप हुँदैमा अन्य सम्पूर्ण सबुद प्रमाण र अवस्थालाई नजरअन्दाज गर्न मिल्ने नदेखिने।

कतिपय विषादीको प्रभाव केही समयपछि स्वत: प्रभावहीन हुने प्रकृतिको पनि हुन्छ। परीक्षण गर्ने प्रयोगशालामा रहेका सिमित नमुनालाई आधार बनाएर परीक्षण गरिएको भिसेराको प्रतिवेदनलाई अकाट्य प्रमाणका रूपमा ग्रहण गरेर योजनाबद्धरूपमा घटित अपराधका बारेमा निष्कर्ष निकाल्नु आफैँमा न्यायोचित हुन नसक्ने।

प्रतिवादी रेखा थापा रावतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने र प्रतिवादी रेखा पाठकलाई ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६६।७।२४ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।६।४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरू सूर्यबहादुर चन्द, मुसे भन्ने रमेश थापा, नरेश थापा र सन्तोष चन्दलाई सुरू कञ्चनपुर जिल्ला अदालतले ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम गरेको सजायमा केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(१) नं. बमोजिम कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सदर हुने।

प्रतिवादीहरू सूर्यबहादुर चन्द, मुसे भन्ने रमेश थापा, नरेश थापा र सन्तोष चन्दले लास जाँच भई नसक्दै दबाउनका मतलबले लास गाड्ने, फाल्ने कार्य गर्न लगाउने र सो गर्ने गरेको देखिँदा ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम जनही छ महिना थप कैदसमेत हुने।

प्रतिवादी अर्जुन भट्टराईको हकमा निजले ज्यान मारिसकेको कुरा चाल पाई जाहेर नगरी बसेको देखिँदा ज्यानसम्बन्धीको महलको २५ नं. ले रू. २०।– जरिवाना हुने र प्रतिवादी विजय थापाले ज्यानसम्बन्धीको महलको २४ नं. बमोजिम अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भनी गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६५-WO-००६२, उत्प्रेषण/परमादेश, *चिरञ्जीवि खरेल वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

कानूनले नै अख्तियारवालाले प्रतिवादको मौका नदिई सजाय दिनुपूर्व नै प्रतिवादको मौका नदिनु पर्ने कारण खोली पर्चा खडा गरी राख्नुपर्ने अनि मात्र सजाय गर्नुपर्ने भनी अनिवार्य कार्यविधि तोकेकोमा पहिले नै सजाय गर्ने अनि मात्र प्रतिवादको मौका दिन नपर्ने भनी पर्चा खडा गरिएकोबाट निवेदकलाई नोकरीबाट हटाउने गरेको कारवाही कानूनअनुरूप भएको देखिन नआउने।

सजाय दिनुपूर्व सफाइको मौका प्रदान गर्न मनासिब नभएको भनी पर्चा खडा गरी राखेको अवस्थामा प्रयोग हुन सक्ने कानूनलाई पहिले नोकरीबाट हटाउने अनि मात्र सफाइको मौका दिन मनासिब नहुने भनी पर्चा खडा गरिएकोबाट पूर्वाग्रह भई निर्णय भएको होइन भन्न सकिने अवस्था

नरहने।

कानूनबमोजिम रीत नपुगी घर बिदाको दरखास्त पेस भएको भए पनि सो माग गरेको घर बिदा अस्वीकृत भएको भन्ने कुराको जानकारी निवेदकलाई दिनु बिदा दिने अधिकारीको कानूनी दायित्व हो । कानूनले यो दायित्व बिदा दिने वा नदिने अधिकारीलाई नै तोकेको छ तर सो दायित्व सम्बन्धित बिदा दिने अधिकारीले पालन गरेको भने देखिएन । माग गरेको बिदा अस्वीकृत भएको जानकारी नै नपाएको अवस्थामा बिदा स्वीकृत भएकै होला भनी निवेदकले गराइरहेको उपचारलाई निरन्तरता दिनु स्वाभाविकै हुन्छ। यस्तो अवस्थामा निवेदक ४४ दिन गैरहाजिर रहेको भनी सेवाबाट हटाउने गरी भएको निर्णय न्यायोचित नहुने।

गलत वतन फरक वडामा सूचना पठाएको र तामेल नभएको म्याद सूचनाको आधारबाट निवेदक फेला नपरेको वा भागी पत्ता नलागेको भन्न सकिने अवस्था हुँदैन। गलत वतनमा तामेल भएको सूचना निवेदकले प्राप्त गरे भन्न नमिल्ने हुँदा सूचनाअनुरूप निवेदक कार्यालयमा हाजिर हुन आएन भन्न मिल्ने देखिन नआउने।

निवेदक चिरञ्जीवि खरेललाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (झ) को कसुर गरेको भनी सोही नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी मिति २०६०।९।१७ गते नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको गृह मन्त्रीबाट मिति २०६२।३।२९ मा भएको पुनरावेदकीय निर्णय उचित र कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक चिरञ्जीवि खरेललाई पूर्ववत् सेवामा बहाल गराई कानूनबमोजिम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-१२५३, ०६८-CR-०४७६, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. पप्पुदेव यादव भन्ने पप्पुदेव भूमिहारसमेत, पप्पुदेव यादव भन्ने पप्पुदेव भूमिहार वि.नेपाल सरकार*

प्रतिवादी पप्पु यादव भन्ने पप्पुदेव भूमिहार अनुसन्धान र अदालतमा आरोपित कसुरमा इन्कार रहे पनि फगत त्यतिकै आधारमा मात्र कसुर प्रमाणित हुने वा नहुने हुँदैन । अरू नै कुनै मुद्दामा कसैले आफूलाई प्रतिकूल पर्ने गरी आफू कुनै कसुरमा संलग्न भएको हुँ भनी बयान कागज गर्दछ र सो बयान कागजका कुराहरूलाई प्रत्यक्ष प्रमाण जस्ता पीडित र चस्मदीद गवाहले यस मुद्दाबाट पुष्टि वा समर्थित गरिरहेको हुन्छ भने त्यो प्रमाण सम्बद्ध प्रमाण हो र निर्णय गर्दा त्यस्ता तथ्यलाई प्रमाणमा लिइनुपर्दछ । यसरी वारदातमा यी प्रतिवादीको संलग्नता पुष्टि भइरहेको अवस्थामा अदालतमा इन्कार भएकै भरमा मात्र आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

फिरौतीबापत लिएको भनेको रकम कसैबाट बरामद भएको अवस्था छैन। पीडितले नै यो यति रकम अपहरणकारीले लिए भनी भन्न सकेको पनि देखिँदैन। यति रकम यो मितिमा यी प्रतिवादीलाई बुझाएको हुँ भनी स्पष्ट कसैबाट खुल्न नसकेको हुँदा सो सन्दर्भमा एकिनसाथ निर्णय गर्न सकिने अवस्था

रहेन। तसर्थ जरिवाना नगर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मुनासिब नै मान्नुपर्ने देखिन आउने।

यी प्रतिवादी वारदात मिति २०५८।१०।१३ भन्दा पहिले नै काठमाडौंमा रहेका देखिन्छन् । वारदातस्थलमा नभए पनि वारदातको योजना लगायतको काममा संलग्न रहेका छन् कि भनी विचार गर्दा पनि त्यस्तो कुनै स्पष्ट आधार प्रमाण कहिँकतैंबाट खुल्न आएको देखिँदैन । वारदातको खबर पत्रपत्रिकाबाट थाहा पाउनासाथ प्रहरीसमक्ष उपस्थित भई बयान दिएको र वारदातमा प्रयोग भएको गाडीको विषयमा आफूलाई कुनै जानकारी नरहेको भनी इन्कार रहेको देखिन्छ । साथै वारदातमा बलेरो गाडी र मोटरसाइकलसमेत प्रयोग भएको र बलेरो गाडी विनोद कोइरालाको घरमा राखेको भनी कागज गर्ने बलराम शाही, दिपेश सुवेदी र विनोद कोइरालाले यी प्रतिवादीसमेत वारदातमा संलग्न रहेको भनी अदालतमा आई बकपत्र गरी सो तथ्यको पुष्टि गर्न सकेको नदेखिने।

सनाखत कागज गर्ने कमलेशकुमार अग्रवालसमेतका व्यक्तिहरूले वारदातमा संलग्न भएको भनी प्रतिवादी पप्पुदेव भूमिहारलाई मात्र देखी चिनी सनाखत गरेको हुँदा निजलाई सजाय गर्ने गरेको र यी प्रतिवादी उमेश गिरीलाई चस्मदीद गवाह र पीडितले किटानी पोल र सनाखत गर्न सकेको समेत नदेखिँदा प्रतिवादी उमेश गिरीको वारदातमा संलग्नता देखिन आएन । तसर्थ यी प्रतिवादीलाई सफाइ दिएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२५८, उत्प्रेषण/परमादेश, *कपिल महर्जन वि. सरस्वती उच्च माध्यमिक विद्यालय, ललितपुरसमेत*

सामुदायिक विद्यालयमा कार्यरत निवेदक कर्मचारीलाई के कुन कानूनको आधारमा हटाइएको हो भन्ने कुरा विद्यालय व्यवस्थापन समितिको निर्णयमा उल्लेख भएको देखिँदैन। शिक्षा नियमावली, २०५९ को नियम २२.ग. को खण्ड (ख) को कानूनी व्यवस्था हेर्दा सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले कर्मचारी नियुक्त गर्न सक्ने नै देखिन्छ। निवेदकलाई त्यसरी एक पटक विद्यालय व्यवस्थापन समितिले विद्यालयको कर्मचारीको रूपमा स्थायी गर्ने गरी निर्णय गरिसकेपछि उक्त पदमा गरिएको नियुक्ति बिनाआधार र कारण बदर गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने।

निवेदकलाई मिति २०७१।५।१५ मा अवकाश दिने गरी विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयमा कुन ऐन, नियमसमेतको आधारमा अवकाश दिइएको हो भन्ने कुरा उल्लेख भएको देखिँदैन । केवल तपाईंलाई मिति २०७१।५।१५ देखि लागू हुने गरी लेखापाल पदबाट अवकाश दिइएको छ भन्ने व्यहोरा उल्लेख भएकोसम्म देखिन्छ। यस प्रकार निवेदकलाई लेखापाल पदबाट अवकाश दिनुपूर्व सोको जानकारी निजलाई दिई सो विषयमा प्रतिवादको मौका दिनुपर्ने हुन्छ । तर त्यसरी निवेदकलाई के सजाय गर्न लागिएको हो सो विषयमा सोधी प्रतिवादको मौका नदिई एकै पटक पदबाट हटाउने गरी भएको निर्णयलाई यथोचित र कानूनसङ्गत् भएको भनी मान्न नमिल्ने।

विद्यालय सञ्चालन गर्दा विद्यालय व्यवस्थापन समितिले कर्मचारीहरूमध्येबाट कुनै

एक जनालाई संयोजक बनाउन सक्ने र कुनै खास कामको जिम्मेवारी दिनसक्ने हुन्छ । यस्तो थप जिम्मेवारी प्राप्त गर्नेले स्थायीरूपमा नै सो पद वा जिम्मेवारी पाइरहने हुँदैन । विद्यालयको अवस्था, कामको प्रकृति, पर्नसक्ने समस्या र कर्मचारीको अनुकूलता समेतलाई विचार गरी बेलाबखत संयोजक फेरबदल भइरहनसक्ने हुन्छ । त्यसै गरी विद्यालयको कार्यबोझ, कामको प्रकृतिअनुसार थप कार्यको जिम्मेवारी कर्मचारीको दक्षता र अनुकूलतासमेतलाइ हेरी बेलाबखत उपयुक्त कर्मचारीमध्येबाट फेरबदल भइरहन सक्छ । यो कुनै स्थायी पद वा सदैव एउटैले गर्न पर्ने काम होइन । अवस्था हेरी पालैपालो कुनै नियमित तवरबाट कर्मचारीहरूबाट विद्यालय प्रशासनमा हुने सहयोग हो । तसर्थ, थप जिम्मेवारी र संयोजकको पद स्थायीरूपको नभई अवस्था र आवश्यकताअनुरूप परिवर्तन भइरहने हुँदा निवेदकलाई विद्यालय व्यवस्थापन समितिले सो संयोजकको पद र थप जिम्मेवारीबाट हटाउने गरी भएको मिति २०७१।४।८ को निर्णयलाई अन्यथा भयो भन्न नसकिने ।

यी निवेदक कपिल महर्जनको हकमा विद्यालय व्यवस्थापन समितिबाट मिति २०७१।४।२१ र मिति २०७१।५।१५ मा भएको निर्णय उचित र कानूनसम्मत नदेखिई पूर्वाग्रही देखिँदा संविधानको धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने भई निवेदकलाई पूर्ववत पदमा बहाल गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०५०६, उत्प्रेषण/परमादेश, *निलरत्न तुलाधर वि. मालपोत कार्यालयसमेत*

मुलुकी ऐन, दण्ड सजायको महलको ४३ नं. बमोजिम जिल्ला अदालतसमक्ष चलन चलाइ पाउँ भन्ने सम्बन्धमा अदालतका तहसिलदारले सम्बन्धित फैसलाभित्र रहेरै चलन चलाउने कार्य गर्नुपर्ने हुन्छ । तहसिलदारको सो आदेश वा निर्णयको परीक्षण सम्बन्धित जिल्ला अदालतको न्यायाधीश तथा पुनरावेदन अदालतसमेतबाट हुने कानूनी व्यवस्थाअनुरूप यस मुद्दामा पनि भएको पाइन्छ । साधारण अधिकारक्षेत्रअन्तर्गत सम्पन्न भएका कामकारवाही असाधारणक्षेत्रको माध्यमले सामान्यतया हेर्न र बदर गर्न नमिल्ने ।

प्रष्ट कानूनी त्रुटि विद्यमान रहेको र सामान्य अवलोकनबाटै निष्कर्ष निकाल्न सकिने अवस्थामा बाहेक मुलुकी ऐन, दण्डसजायको महलको ६१ र अ.बं. १७ नं. अन्तर्गतका आदेशहरूको सम्बन्धमा माथिल्लो अदालतले असाधारण अधिकारक्षेत्रबाट हेर्न नमिल्ने ।

यदाकदा अपवादस्वरूप कानूनका प्रत्यक्षत: स्पष्ट त्रुटि गरी प्रवृत्त भावनाका साथ बद्नियतपूर्वक फैसलाको चलन चलाएको वा नचलाएको अवस्थामा रिट क्षेत्रबाट उपचार प्रदान नभएको होइन । तर मुलुकी ऐन, दण्ड सजायको महलको ६१ नं. ले अ.बं. १७ नं. को उपचार औंल्याएको र सोबमोजिम जिल्ला न्यायाधीश र पुनरावेदन अदालतबाट विचार भई दुई तहबाट परीक्षण भै आदेशसमेत भएको देखिएको प्रस्तुत विवादमा त्यस प्रकारको अपवादको स्थिति नदेखिने ।

मुद्दाको ठहर खण्डमा नै छोरीतर्फको हाँगामा निवेदक निलरत्न र छोरातर्फका हाँगामा भनिएका प्रत्यर्थीहरू मु.स. गर्ने पदमसागर तुलाधर, निर्मलरत्न तुलाधर, सर्वज्ञरत्न तुलाधर, बेखारत्न तुलाधर र विनोदमान सिंह तुलाधर ५ जनासमेत गरी ६ जनाले पालो गरी गुठी चलाउने गरी फिराद एवम् पुनरावेदन दावीबमोजिम गुठियार कायम हुने भनी स्पष्टरूपमा उल्लेख भएको र तहसिलदारसमेतले सोहीबमोजिम चलन चलाएको कामकारवाही सार पक्ष तथा प्रक्रियामा समेत कुनै त्रुटि नदेखिएकाले विवादित आदेश बदर गर्न मिल्ने नदेखिने।

काठमाडौं जिल्ला अदालतका तहसिलदारबाट मिति २०६७।१०।१४ मा भएको आदेश सदर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६७।१२।२५ को आदेश र पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।३१ को आदेश कानूनसम्मत नै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-१५२६, अंश चलन नाता कायम, *टेकबहादुर सार्कीसमेत वि. भक्तबहादुर सार्कीसमेत*

पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादी दुबैको हित चाहने आमा तीलमाया सार्कीले सुरू मोरङ जिल्ला अदालत तथा जिल्ला प्रसाशन कार्यालय, मोरङमा गरेको बयान कागज, नरबहादुर सार्कीले सुरू अदालतमा गरेको बयान कागज, पुनरावेदक वादीको न्वारान गराउने धनविर सार्कीले गरेको बकपत्र, नरबहादुर विरूद्ध परेको अंश मुद्दाको व्यहोरा, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटारको DNA जाँच प्रतिवेदनसमेतका आधार प्रमाणबाट पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी भक्तबहादुर सार्की एउटै वंशका दाजु भाइ नाताभित्रका व्यक्ति हुन् भन्न नसकिने।

वादी र प्रत्यर्थी प्रतिवादीहरूका बीचमा दाजु भाइ नाता कायम हुने नदेखिएको अवस्थामा पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट अंश भराई लिन पाउने अवस्था देखिएन। वादी प्रतिवादीबीचमा नाता कायम हुन नसकेको अवस्थामा वादी प्रतिवादीका बीच दाजु भाइ नाता कायम हुने ठहर्‍याई अंशसमेत भराइपाउने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने।

वादी प्रतिवादी अंशियार भाइ नाता कायम ठहर्‍याई वादी भिमबहादुर सार्कीले प्रतिवादी भक्तबहादुर सार्कीसमेतबाट दुई भागको एक भाग अंश पाउने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।९।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CI-१५१५, अंश चलन, *भीमहादुर सार्कीसमेत वि. टेकबहादुर सार्कीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-११९९, घरमा आगो लगाएको, *नेपाल सरकार वि. पूर्णबहादुर*

*सार्की*

घरबाहिर रहेको बङ्गुरको खोरमा आगलागी गर्दा खोर र बारीमा राखेको दाउरा र खरसम्म नष्ट भएको भनी घटनास्थल मुचुल्काबाट पुष्टि भइहरेको देखिन्छ । केही दाउरा, पराल र बङ्गुरको खोरको केही अंश आगो लागेकोसम्म देखिँदा रू. ३०००।–पीडितलाई क्षतिपूर्ति भराउने गरी भएको सुरू फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले रिस झोंकको कारणले जाहेरवालाको घरबाहिर रहेको बङ्गुरको खोरमा आगो लगाएको कुरामा प्रतिवादी अनुसन्धान अधिकारी र अदालतसमक्षसमेत साबित रहेको देखिन्छ । मुलुकी ऐन, आगो लगाउनेको महलमा रहेको कानूनी व्यवस्था हेर्दा विधायिकाले घरमा आगो लगाउने कार्यलाई गम्भीर र घरबाहिर रहेका जिन्सी मालसामान चौपाया रहेको ठाउँमा आगो लगाएकोलाई कम गम्भीर अपराधको रूपमा वर्गीकरण गरेको देखिन्छ । आगो लगाउने कार्य आफैँमा एक गम्भीर फौजदारी अपराध भएकोमा विवाद छैन । तथापि मानिस बस्ने घरमा मानिस रहेको अवस्थामा आगो लगाउनु र बाहिर रहेको बङ्गुर राख्ने खोरमा वा दाउरामा आगो लगाउनु अपराधको घनत्वको दृष्टिबाट फरक हुन्छ । विधायिकाले घर र घरबाहिर आगो लगाएको कार्यलाई अलगअलग परिभाषित गर्न खोजे तापनि घरबाहिर रहेको घाँस दाउरा राख्ने र चौपाया बाँध्ने ठाउँलाई समेत घरले चर्चेकै क्षेत्र मान्नुपर्ने हुन्छ । यसबाहेक, आगलागीबाट मानिसलगायत जीवित वस्तुको क्षति हुनुलाई अन्य धनमाल क्षतिभन्दा गम्भीर अपराध मान्नैपर्ने हुन्छ । प्रस्तुत मुद्दामा बङ्गुरको खोरमा आगो लगाउने कार्य भएको देखिन्छ । विद्यमान कानूनी व्यवस्थाबमोजिम प्रस्तुत वारदात घरबाहिर घटित भएकाले आगो लगाउनेको ४ नं. अन्तर्गत पर्ने देखियो । उक्त कानूनी व्यवस्थाको अध्ययन गर्दा आगजनी भई नोक्सानीसमेत भइसकेको अवस्थामा प्रतिवादीलाई नोक्सान भएको बिगो भराइ ठाउँ एकको ६ महिना कैद हुने व्यवस्था गरेको देखिन्छ । सुरू तथा पुनरावेदन अदालतबाट जरिवानासम्म गरेको तर कैद नगरेकोमा सोको आधार उल्लेख गरेको उक्त फैसलाहरूबाट देखिन आएन । यसरी कसुरदार ठहरिएको अवस्थामा कानूनले कैद नै गर्नुपर्नेमा कुनै कारण र आधारसमेत नदेखाई कैद नगर्ने गरी भएको जिल्ला तथा पुनरावेदन अदालतका फैसलाहरू सो हदमा मिलेको देखिन नआउने।

आगलागी भइसकेको र त्यसबाट क्षतिसमेत भइसकेको प्रस्तुत वारदातमा प्रतिवादीलाई कानूनले कैद नै गर्नुपर्ने अवस्थामा पनि कैद गर्न नपर्ने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुर दाङको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीलाई आगो लगाउनेको ४ नं. बमोजिम ६ महिना कैद सजायसमेत हुने।

इजलास अधिकृत : विदुर काफ्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०४०७, डाँका, *नेपाल सरकार वि. शम्भु भन्ने सविन राईसमेत*

धनीलाई चोरी भएको बिगो भराउने गरी फैसला गर्नुपर्नेमा सुरू जिल्ला अदालतले यी प्रतिवादीहरूउपर डाँका चोरीको कसुर ठहर गरी कायम भएको बिगो रू.१,५०,५१०।- जरिवाना हुने र बिगो भराउनेतर्फ केही बोलेको देखिँदैन । सो फैसलाउपर नेपाल सरकारको

पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट चोरीको १४(४) नं. बमोजिम जनही बिगोको डेढी बढाई जरिवाना हुने गरी केही उल्टी फैसला भएको देखिन्छ । तर पुनरावेदन अदालतबाट पनि धनीलाई डाँका भएको बिगो भराउनेतर्फ फैसलामा केही बोलेको देखिँदैन। यस प्रकार चोरीको महलको १०(३) नं. अनुसार धनीलाई बिगो भराउनुपर्नेमा बिगो भराउनेतर्फ केही नबोलेको हदसम्म पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।३० को फैसला मिलेको देखिन नआउने।

प्रतिवादीहरूलाई जनही ६ वर्ष कैद र बिगोबमोजिम जरिवाना गरेको सुरूको फैसला केही उल्टी गरी ६ वर्ष कैद र बिगोको डेढी बढाई जरिवाना हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालतको पाटनको मिति २०६९।१।१० को फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने। चोरी भएको बिगो प्रतिवादीहरूबाट दामासाहीले असुलउपर गरी धनीलाई भराइदिनुपर्नेमा सोतर्फ केही नबोली भएको फैसला नमिलेकाले सो नमिलेको हदसम्म पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई रू.१,५०,५१०।- प्रतिवादीहरूबाट दामासाहीले असुलउपर गरी जाहेरवालालाई भराइदिने।

इजलास अधिकृत :विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-CR-०५२३, बैङ्क ठगी, *रमेशप्रसाद घिमिरे वि. नेपाल सरकार*

कुनै जग्गा रोक्का छ छैन भन्ने कुरा जग्गाको मोठ स्रेस्ता हेरी सहज जानकारी लिन सकिने र लिनुपर्नेमा आफूले कानूनबमोजिम निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट पन्छिई पछि लिएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपिको मितिपछि चेक गरेको भन्नु नै आफूले गैरकानूनी कार्यमा मतियार बनी कसुरबाट बच्न बहाना गरेको सहज प्रष्ट देखिएको अवस्था हुने।

प्रतिवादीले पछि लिएको लालपुर्जाको प्रतिलिपिको मितिबाट हेरेको होस् वा जे जस्तो हेर्नुपर्ने होस्, हेरेको थियो वा थिएन भन्ने तथ्यगत प्रश्न भन्दा पनि एक पटक रोक्का रहिरहेको सम्पत्तिलाई रोक्का छ छैन भन्ने जिम्मा लिएको कर्मचारीले रोक्का नरहेको भनी जनाएको छ छैन भन्ने तथ्य नै मुख्य निर्णायक हो । पुनरावेदक प्रतिवादीले रोक्का रहेको सम्पत्तिलाई रोक्का नदेखिएको भनी जनाएको तथ्यमा र रोक्का छ छैन जनाउने कानूनबमोजिमको जिम्मेवारी निजकै रहेको तथ्यमा विवाद रहेको देखिँदैन । पुनरावेदक प्रतिवादीले रोक्का रहेको सम्पत्तिलाई रोक्का नरहेको भनी जनाइदिएकै आधारबाट कर्जा प्रवाह भएपछि निज पुनरावेदक प्रतिवादी कसुरदार होइन भन्न मिल्ने देखिन नआउने हुँदा पुनरावेदक प्रतिवादीलाई १ महिना कैद र रू.२,००,०००। -जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।१०।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०५५४, उत्प्रेषण/परमादेश, *राजिव शेखर शाहसमेत वि. गृह मन्त्रालयसमेत*

प्रतिवादीहरूमध्ये राजिव शेखर शाहलाई रू.३,२०,३००।- जरिवाना भएकोमा राजस्व विभागमा निजहरूले मिति २०६०।५।२९ गते धरौटी राखेको र उक्त रकम झिकाई सदरस्याहा भइसकेको समेत देखिन्छ। यसप्रकार विदेशी मुद्रा अवैध निकासी मुद्दा चली फैसला भई फैसला कार्यान्वयनसमेत भइसकेको देखिन्छ । निजहरूबाट बरामद भएको भारतीय नोटहरू जफत पनि भइसकेको स्थिति छ । अब आई निवेदकहरूले ती अरू नै मानिस हुन् र आफू अर्कै मानिस हौं भनी प्रस्तुत रिट निवेदन लिई आएका छन् । ती अर्कै मानिस हुन् र निवेदकहरू अरू नै मानिस हुन् भने मुद्दा अरूलाई चल्यो, सजाय अरूलाई भयो, सजाय पनि अरूले खाइसक्यो भने यो रिट निवेदकहरूलाई के असर पर्‍यो र कसरी निवेदकहरूको हकमा आघात पर्‍यो भन्ने कुरा स्पष्ट जिकिर लिन सकेको देखिन आएन। निवेदकहरूको नाम प्रयोग भई निवेदकहरूको प्रतिष्ठामा आँच आउने कुरा निवेदकहरूले उठाएको देखिन्छ। एउटै नाम हुने दुनियाँमा धेरै मान्छे हुन्छन् । एउटै नाम परेकै कारणबाट मात्र कुनै एउटा मानिस बदनाम भयो भने त्यो नाम हुने दुनियाँको मानिस बदनाम हुन्छ भन्न नमिल्ने ।

पहिले चलेका मुद्दाका प्रतिवादीहरू यी रिट निवेदक हुन वा होइनन् भन्नको लागि साक्षी प्रमाणहरू बुझ्नपर्ने हुन्छन् । ती प्रमाणहरूको मूल्याङ्कन गर्न अर्को पक्षलाई सुनाउने वा प्रतिवाद गर्ने मौका दिनुपर्नेलगायतका कार्यविधिगत चरणहरू पार गर्नुपर्ने हुन्छ, जुन सुरू अदालतबाट सामान्य कार्यविधिअन्तर्गत हेरिने विषयवस्तु हो । सुरू अदालतले प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने जस्तो गरी सर्वोच्च अदालतको यस रिटको असाधारण अधिकार क्षेत्रबाट यो वा त्यो मान्छे हो वा होइन भनी निर्णय गर्न मिल्ने देखिन नआउने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७१-MS-०००५, उत्प्रेषण/परमादेश, *अधिवक्ता त्रिलोचन गौतम वि. राजिव शेखर शाह* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१०

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-११८२, लेनदेन, *गङ्गाप्रसाद मण्डल वि. यमुनाप्रसाद मण्डल*

लिखतमा ऋणीलाई ऋणको रकम बुझाउन भाखा दिएकोमा सो अवधिसम्म धनीले ऋणीलाई रकम नमाग्ने वाचा गरेकोसम्म हो। तर सो अवधिभित्र धनीलाई रकमको आवश्यकता पर्‍यो भने आफ्नो रकम माग्नै नहुने भनी प्रतिबन्धित गर्ने र त्यसरी मागेमा थैली भुस हुने कुरा गर्नु न्यायोचित हुँदैन । ऋण लिएपछि साँवा व्याज बुझाउनुपर्ने नै हुन्छ । साहुले ऋणमा लगानी गरेको रकममा साहुको हक स्वतः मेटिदैन। मुद्दा गर्ने हदम्याद रहेसम्म साहुको नालिस गर्ने हक रहन्छ नै। भाखाभित्रै धनीले ऋणमा लगानी गरेको रकममा ऋणीलाई कचकच गर्न नहुने भन्नेसम्म कुरामा भाखाको अवधि समाप्त हुनुपूर्व नै नालिस परेको अब त्यतिकैमा ऋणमा लगानी गरेको रकममा साहुको हक नै नहुने आसामीले ऋण तिर्नै नपर्ने भन्ने होइन । साहुले ऋणमा लगानी गरेको रकममा लगानी गरेको मितिबाट कानूनले हदम्याद नसकेको अवस्थासम्म हक रही नै रहेको हुन्छ । लिखतको भाखापूर्व धनीको हक नपुग्ने, नालिस गर्न नपाइने, नालिस गरेमा लिखतको रकम ऋणीले

बुझाउनु नपर्ने र थैली भुस हुने अर्थ लगाउन मिल्ने देखिएन।

लिखत मिति २०६३।७।३० मा तयार भएको र ६ महिनाको भाखा २०६४।१।२९ सम्म पनि प्रतिवादीले ऋण वादी साहुलाई बुझाएको देखिँदैन। सो ६ महिनाको भाखा समाप्त भएपछिमात्र प्रतिवादी गङ्गाप्रसाद मण्डलको नाममा मिति २०६४।२।९ मा म्याद तामेल भएको देखिन्छ। यसरी लिखत अनुरूपको ६ महिनाको भाखा नाघिसकेको र सो अवधिमा समेत प्रतिवादीले वादीलाई लिखतअनुरूपको रकम बुझाएको नदेखिने।

लिखतअनुसारको भाखाभन्दा अघि नै फिराद दायर हुँदैमा लिखतअनुरूपको प्रतिवादीको देवानी दायित्व समाप्त भयो भनी अर्थ गर्न मिल्ने देखिँदैन। तथापि भाखा नाघेपछि म्याद प्रतिवादीको नाममा तामेल भएको स्थिति छ। के कतिको ऋण रकम हो भन्नेतर्फ पनि दुईलाख कारोबार भएको मिसिल संलग्न प्रत्यक्ष लिखत कपाली तमसुकबाट देखिएको अवस्थामा रू. ५०,०००।– मात्र ऋण लिएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर विश्वासलायक नदेखिने।

वादी दावी खारेज हुने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६४।३।२८ को फैसला उल्टी गरी वादी दावीबमोजिमको साँवा ब्याज वादीले प्रतिवादीबाट भराइ लिनपाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०७५२, जबर्जस्ती करणी, *नेपाल सरकार वि. हरि भुषाल*

पीडित बालिकाको आमा र पीडितले समेत निजको उमेर १० वर्ष भनी लेखाई दिएकोलाई वादीबाट सप्रमाण १० वर्षमुनिको भनी पुष्टि गर्न नसकेको अवस्थामा पीडित तथा पीडितको आमाले लेखाएको १० वर्षको उमेर नै निज पीडितको वास्तविक उमेर हो भनी मान्नुपर्ने हुन्छ। जबर्जस्ती करणीको कसुर गर्नेलाई सजाय गर्ने कानून मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को व्यवस्थालाई दृष्टिगत गर्दा उक्त महलको ३(१) मा दश वर्ष भन्दा मुनिको बालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म "र" ३(२) मा ७ वर्ष वा सो भन्दामाथि सोह्र वर्षमुनिको बालिकालाई भए सात वर्षदेखि १० वर्षसम्म कैद सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएकोमा प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐजन महलको ५ नं. बमोजिम उद्योगसम्म ठहर गरी गरेको सुरूको फैसलालाई उल्टी गरी उक्त महलको ३(२) बमोजिम ८ वर्ष कैद गरी प्रतिवादीबाट पीडितलाई १०,०००।- क्षतिपूर्ति भराइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८** -CR-०३०३, कर्तव्य ज्यान, *मिछ्यिादेवी चौधरी वि. नेपाल सरकार*

मृतक यी प्रतिवादीका लोग्ने नाताका व्यक्ति भएको कारण मृतकले जबर्जस्ती करणी गरेको अवस्थामै पनि यी प्रतिवादीको धर्म नष्ट हुने नदेखिएको अवस्थामा प्रतिवादीको यस प्रकारको जिकिरसित पनि सहमत हुन सकिने ।

यी प्रतिवादीको बयानअनुसार मृतकको क्रियाकलाप अत्यन्तै निकृष्ट तथा मानवीय तथा सामाजिक मर्यादा र संवेदशीलताविपरीतको देखिन्छ । तथापि मृतकले मादक पदार्थ सेवन गरेको भन्ने देखिएबाट त्यसरी मदले मातेको व्यक्तिलाई नियन्त्रणमा लिई निजबाट बच्ने पर्याप्त मौका हुँदाहुँदै पनि टेलिफोन तारले कसेर बाँधी अन्यत्र हिडेबाट मारौं भन्ने पूर्व रिसइबि नभए पनि निजको कर्तव्यले मर्न गएको अवस्था हुँदा निजले अभियोग दावीबाट सफाइ पाउन सक्ने अवस्था देखिएन । यसरी प्रतिवादीले कर्तव्य गरी मारेको ठहर गरी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) अनुसार सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी फैसला गरेको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६७।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

सर्वस्वसहित जन्म कैदको सजाय ठहर भए पनि निजलाई सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्नजाने चित्तले देखी अ.बं. १८८ नं. बमोजिम इजलासको स्वविवेकीय अधिकार प्रयोग गरी १० वर्षमात्र कैद गर्ने गरेको पुनरावेदन अदालतको रायमा समेत यो इजलास सहमतिमा पुग्ने ।

इजलास अधिकृतः उमानाथ गौतम
कम्प्युटर :सन्जय घिमिरे
इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-CI-०८००, दर्ता हक कायम, *सुमनरत्न तुलाधर वि. मु.स. गर्ने कमलहिरा ताम्राकारसमेत, मु.स. गर्ने राजा तुलाधर वि. मु.स. गर्ने कमलहिरा ताम्राकारसमेत*

गोंगबु खलाको जग्गा दर्तावाला मुनिरत्न, बुद्धरत्न, महारत्न उदासहरूका हकवालाहरू न्हुछेरत्नसमेतले लगत भिडाई कि.नं.१६६ को जग्गा मालपोत कार्यालयको निर्णयले निजहरूका नाममा नामसारी भैसकेको देखिँदा सोही लगतबाट हा.नं.१८०२ को जग्गा नामसारी गर्न बाँकी रहेको भनी सो हा.नं.१८०२ बाट कायम हुन आएको कि.नं.१६३, १६५ को जग्गासमेत दर्ता गरिपाउँ भन्ने प्रतिवादी जिकिरसित असहमत भै वादी दावीबमोजिम वादीका नाउँमा दर्ता हक कायम हुने ठहर गरी गरेको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६२।७।७ को फैसला तथ्य र प्रमाणका आधारमा मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उमानाथ गौतम
कम्प्युटर :विदुषी रायमाझी
इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-११९४, गाली बेइज्जती, *डिल्लीबहादुर बस्नेत वि. बीरबहादुर वली*

गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ मा "कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुर्‍याउने नियतले वा धक्का पुग्ला भन्ने जानीजानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा सङ्केतले वा बुझिने गरी आकार चिह्नद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । यी प्रत्यर्थी प्रतिवादीले आफ्नो पत्नीसँगको सम्बन्ध बिग्रिसकेपछिको अवस्थामा प्रेस विज्ञप्ति निकाली दाम्पत्य जीवनसँग सम्बन्धित तथ्य घटनाको उजागर गरेको अवस्था हुँदा प्रत्यर्थी प्रतिवादीले गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ बमोजिमको कसुर गरेको भन्न नमिल्ने ।

गाली बेइज्जतीमा सजाय गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याएको हदसम्म सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६६।३।१४ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६७।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१००, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. गणेश बम मल्ल*

केवल लिखतमा विदेश रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको भन्ने वाक्याँश उल्लेख भएकै आधारमा मात्र वैदेशिक रोजगार ठगीको कसुर कायम गर्न मिल्ने नदेखिने ।

माथि विवेचना गरिएका आधार कारण र प्रमाणहरूबाट प्रतिवादी गणेश बम मल्ललाई आरोपित कसुरबाट सफाइ दिई झुट्ठा उजुर गरेबापत जाहेरवालाहरू गणेशबहादुर देउबा, सूर्यनारायण अर्याल र सन्तबहादुर श्रेष्ठलाई जनही रू.५०,०००।– का दरले जरीवाना गर्ने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०९६९, ११७८, ०६८-RC- ०१०८, कर्तव्य ज्यान, *आनन्द स्याङ्तान वि. नेपाल सरकार, नेपाल सरकार वि. ठक्कर सिंह स्याङ्तानसमेत, नेपाल सरकार वि. शङ्कर भन्ने निरशङ्कर स्याङ्तान*

मौकामा कागज गर्ने केशवराज थिङ्ले मृतकलाई आनन्द स्याङ्तानले भरूवा बन्दुक प्रहार गरी मारेको र लास गाडेको ठाउँसमेत देखाएको भनी गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट यी पुनरावेदक प्रतिवादी आनन्द स्याङ्तानको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान समर्थित भएको अवस्था हुँदा केवल अन्य कुनै पनि प्रमाणबाट समर्थित नभएको प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानको आधारमा मात्र प्रतिवादी आनन्द स्याङ्तानलाई आरोपित कसुरबाट सफाइ दिन मिल्ने नदेखिने ।

वारदातस्थलमा यी प्रतिवादीको भौतिक उपस्थिति रहेको थियो भन्ने तथ्य वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । वारदातमा प्रयोग भएको बन्दुक यी प्रतिवादीको घरबाट बरामद

भएको भन्ने मिसिल संलग्न मिति २०६४।१।१२ को खानतलासी/बरामदी मुचुल्काबाट देखिएको हुँदा यी प्रतिवादीको मृतकलाई मार्ने कार्यमा अरू किसिमको संलग्नता रहेको भन्ने अवस्था देखिन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) मा ज्यान मार्नलाई मतलबमा पसेको अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद हुने भन्ने कानूनी प्रावधान रहेको प्ररिप्रेक्ष्यमा प्रतिवादी ठक्कर सिंह स्याङ्तानलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय गरेको कानूनसम्मत् देखिन आउने।

मृतककी पत्नी कमलामाया स्याङ्तानले मिति २०६३।९।२९ मा दिएको जाहेरीमा प्रतिवादीहरू बद्रीलाल स्याङ्तान र घटलाल स्याङ्गतानको नाम उल्लेख भएका देखिँदैन । यी दुबैजना प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्था छ । मौकामा बयान गर्दा कसुरमा साबित भएका सहअभियुक्तहरू आनन्द स्याङ्तान र शङ्कर भन्ने निरशङ्कर स्याङ्तानले वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी पोल गरेको अवस्थासमेत देखिँदैन । मौकामा कागज गर्ने विश्वराज थिङ्ले प्रतिवादी बद्रीलाल स्याङ्तान र घटलाल स्याङ्तानको वारदातमा संलग्नता नहोला भनी यी प्रतिवादीहरूकै इन्कारी बयान पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ। यी प्रतिवादीहरूले अभियोग दावीबमोजिम कसुर गरेको भन्ने तथ्य मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि हुन नसकेको अवस्था हुँदा प्रतिवादी बद्रीलाल स्याङ्तानले र घटलाल स्याङ्तानलाई आरोपित कसुरबाट सफाइ दिएको मनासिब देखिने।

सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६५।१२।२६ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी आनन्द स्याङ्तान र शङ्कर भन्ने निरशङ्कर स्याङ्तानलाई ज्यानसम्बन्धीको महलको १३(१) र १३(४) नं. को सजायको अतिरिक्त सोही महलको ४ नं. ले थप जनही कैद ६ महिना हुने तथा प्रतिवादी बद्रीलाल स्याङ्तान र घटलाल स्याङ्तानलाई सफाइ दिएको र प्रतिवादी ठक्कर सिंह स्याङ्तानलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय गर्ने गरेको हदसम्म सुरूको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको तथा पुनरावेदक प्रतिवादी आनन्द स्याङ्तानको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१२९, हातहतियार खरखजाना, *नेपाल सरकार वि. योगेन्द्र भन्ने जोगेन्द्र मरिक यादवसमेत*

मुद्दाका पक्षहरूलाई रोहबरमा पनि नराखिएको र प्रमुख जिल्ला अधिकारीले पक्षले सहिछाप नगरेको भन्ने व्यहोरा जनाई सहिछाप पनि नगरेको अवस्था हुँदा वादीका साक्षीहरूका उपरोक्त बकपत्रहरू प्रमाण ऐन, २०३१ को दफा ४९(२) र ४९(५) को विपरीत देखिन आयो । कानूनी रीत पुगेका प्रमाणमात्र प्रमाणको लागि ग्राह्य हुने हुँदा बेरीतपूर्वकका मिसिल संलग्न उपरोक्त बकपत्रहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने

नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। बरामद भएका हातहतियार आफूहरूबाट बरामद नभएको भनी यी प्रत्यर्थी प्रतिवादीहरू जोगेन्द्र मरिक यादव र शिवजी भन्ने शिवनारायण भिनवार यादवले अनुसन्धान अधिकारीसमक्ष र जिल्ला प्रशासन कार्यालय, सप्तरीसमक्ष इन्कारी बयान गरेको अवस्था तथा प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने तथ्यलाई शङ्कारहित तवरले पुष्टि गर्ने किसिमका प्रमाण वादी पक्षले गुजार्न नसकेको अवस्था हुँदा प्रत्यर्थी प्रतिवादीहरूलाई हातहतियार खरखजाना ऐन, २०१९ अन्तर्गतको कसुरमा सजाय गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरू जोगेन्द्र मरिक यादव र शिवजी भन्ने शिवनारायण भिनवार यादवलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सोही ऐनको दफा २०(२) बमोजिम जनही ४ वर्ष कैद गर्ने गरी भएको जिल्ला प्रशासन कार्यालय, सप्तरीको मिति २०६६।१२।९ को फैसला उल्टी गरी दुबै प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१३०, हातहतियार खरखजाना, *नेपाल सरकार वि. देवराम भन्ने अनिलकुमार यादवसमेत*

प्रतिवादीहरू देवराम भन्ने अनिल कुमार यादव, धनश्याम यादव र गङ्गाराम यादवले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको भनी लगाइएको अभियोग दावीलाई पुष्टि गर्ने ठोस सबुद प्रमाण पुनरावेदक वादीबाट पेस हुन सकेको अवस्था देखिँदैन । शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हाम्रो देशको कानून प्रणालीले समेत आत्मसात गरेको र यी प्रत्यर्थी प्रतिवादीहरूले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको भन्ने अभियोग दावी शङ्कारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिमको कसुरमा सजाय गर्न मिल्ने नदेखिने हुँदा प्रतिवादीहरूलाई सजाय गर्ने गरी सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट मिति २०६६।४।३० मा भएको फैसला उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।११।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१९२, हातहतियार खरखजाना, *नेपाल सरकार वि. गङ्गाराम यादवसमेत*

मिसिल संलग्न खानतलासी बरामदी

मुचुल्कामा विनोद झा, महानन्द झा, ललित नारायण यादव, दिलिप कुमार दास र विष्णुदेव यादवसमेतका व्यक्तिहरूलाई रोहबरमा राखेको देखिन्छ । बरामदी मुचुल्कामा बस्ने व्यक्तिहरूले सो बरामदी मुचुल्कालाई पुष्टि गर्ने गरी बकपत्र गर्न उपस्थित भएको नदेखिँदा उक्त बरामदी मुचुल्कालाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने।

प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। मिसिल संलग्न मिति २०६४।८।२६ को वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले जिल्ला प्रशासन कार्यालय सप्तरीसमक्ष उपस्थित भै बकपत्र गर्न सकेको नदेखिँदा सो वस्तुस्थिति मुचुल्कासमेत प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी देवराम भन्ने अनिलकुमार यादवले अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरेको भए तापनि उक्त साबिती वयान अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि भएको नदेखिँदा अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट समर्थित नभएको अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्षको बयानको आधारमा मात्र कसुरदार कायम गर्न मिल्ने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ "भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। प्रतिवादीहरूले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको भनी लगाइएको अभियोग दावीलाई पुष्टि गर्ने ठोस सबुद प्रमाण पुनरावेदक वादीबाट पेस हुन सकेको अवस्था देखिँदैन । शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हाम्रो देशको कानून प्रणालीले समेत आत्मसात गरेको र यी प्रत्यर्थी प्रतिवादीहरू गङ्गाराम यादव, देवराम भन्ने अनिलकुमार यादव र मो. बसीर मियाँले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको भन्ने अभियोग दावी शङ्कारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिमको कसुरमा सजाय गर्न मिल्ने नदेखिने हुँदा प्रतिवादीहरूलाई सजाय गर्ने गरी सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट मिति २०६६।८।१ मा भएको फैसला उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।११।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०२०७, मानव बेचबिखन, *नेपाल सरकार वि. बन्टी भन्ने मीना दनुवार*

पीडितले अनुसन्धानको क्रममा गरेको बयान व्यहोरामा प्रतिवादीले निजलाई बुबा आमासँग सल्लाह गरेर लगेको, बच्चा हेर्ने सफाइ गर्ने काम गर्नुपर्छ भनी लगेकोमा ६ वटा जति घरमा काम लगाएको र यौन दुर्व्यवहार नगरेको भन्ने लेखाएको

पाइन्छ। उपर्युक्त बमोजिमको जाहेरी दरखास्त तथा पीडितको बयान व्यहोराबाट प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले नै दिल्ली लगेको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

अभियोग दावी वादी पक्षकै साक्षीबाट समेत समर्थित हुन सकेको देखिएन। साथै प्रहरीमा कागज गर्ने सिंहबहादुर राई, देवीबहादुर मगर र गोपाल राई समेतका व्यक्तिहरूको बकपत्र व्यहोराबाट समेत प्रतिवादीले आरोपित कसुर गरेको भन्ने तथ्य पुष्टि हुनसकेको नपाइने।

यी प्रत्यर्थी प्रतिवादीले जाहेरवालीलाई विदेश भारतमा लगेको कारणले मात्र उक्त कार्यलाई अपराधको संज्ञा दिन मिल्दैन। अभियोग दावीबमोजिमको कसुर कायम हुनको लागि तत्काल बहाल रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ द्वारा निषेधित कार्य गरिएको हुनुपर्दछ। प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएको अवस्था हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिमको कसुरमा सजाय गर्ने गरेको उदयपुर जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी बन्टी भन्ने मिना दनुवारले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६८-WO-१२०६, उत्प्रेषण/परमादेश, *अर्जुनदत्त जोशीसमेत वि. प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा रकम निर्धारण समिति, महेन्द्रनगर, कञ्चनपुरसमेत*

जग्गाप्राप्ति ऐन, २०३४ को दफा २५(७) को म्याद १५ दिनभित्रै परेको उजुरीसरहको ज्ञापनपत्रलाई म्यादभित्र नपरी हदम्याद नाघी परेको भन्नेसमेत आधारमा निवेदकहरूको उजुरीमा विचार नगरी सो ज्ञापनपत्रको आधारमा सरकारलाई आर्थिक दायित्व थप हुने गरी मुआब्जा पुनः मूल्याङ्कन गर्ने अवस्था नदेखिएकाले सोही व्यहोरा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई जानकारी गराउने भन्ने नेपाल सरकार (सचिवस्तर) को मिति २०६८।९।६ को निर्णय र सो आधारमा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई लेखेको मिति २०६८।९।७ को पत्रसमेतबाट जग्गाप्राप्ति ऐन, २०३४ को दफा २५(७) को हदम्यादसम्बन्धी प्रावधानको त्रुटिपूर्ण व्याख्या भई त्यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ द्वारा प्रदत्त निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा असर पुग्न गएको अवस्था देखिन आएकाले उक्त मुआब्जा निर्धारण समितिको मिति २०६७।११।१ र २०६८।१।२० को निर्णय तथा मिति २०६८।१।२२ को ज्ञापनपत्रउपर गृह मन्त्रालयबाट भएको मिति २०६८।९।६ को निर्णय र मिति २०६८।९।७ को पत्र तथा सो आधारमा भए गरेका सम्पूर्ण कामकारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

रिट निवेदकहरूबाट मिति २०६८।१।२२ मा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरमा ज्ञापनपत्र बुझाई त्यहाँबाट सो ज्ञापनको प्रतिलिपिसहित गृहमन्त्रालयमा मिति २०६८।२।१ च.नं. २९७९ को जाहेरीपत्र पठाएको देखिएको परिप्रेक्ष्यमा ऐनका म्यादभित्रै परेको सो ज्ञापनपत्रउपर निवेदन दावीका जग्गाको मुआब्जा सम्बन्धमा यथाशीघ्र पुन: निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१३३७, १३३८, जिउनी जग्गामा हक कायम, *मानबहादुर विश्वकर्मा वि. पदमबहादुर विश्वकर्मा, पदमबहादुर विश्वकर्मा वि. मानबहादुर विश्वकर्मा*

पुनरावेदक वादी पदमबहादुरले आफ्ना दाजु रामचन्द्रले मिति २०३२।२।१३ मा अंश बुझी जिउनी हकको जग्गा चाहिँदैन भनी हक नखोजेको भनी जिकिर लिएकोमा निजले अंश बुझेको देखिए पनि जिउनी हक नखोजेको भन्ने लिखत कागज मिसिल संलग्न रहेको भएको पाइँदैन । यस्तो अवस्थामा पुनरावेदक मात्रको कथनकै आधारमा अरू छोराहरूले जिउनी हक नखोजेको भनी मान्न सकिएन। अंश र अपुताली फरकफरक प्रयोजनका लागि व्यवस्थित साम्पत्तिक अधिकार भएको हुँदा पहिले अंश लिएको आधारमा अपुतालीको २ नं. अनुसार सबै हकवालाले समानरूपमा प्राप्त गर्न सक्ने अपुताली हकबाट अंशियारको रूपमा रहेका कुनै पनि हकवालालाई बञ्चित गर्न मिल्ने नदेखिने।

अंशबन्डाका सम्बन्धमा रहेका दुई लिखतमध्ये अधिकारको सिर्जना गर्ने लिखतले मान्यता पाउने र पहिले अंश लिई भिन्न भइसकेको आधारमा अपुतालीको हकबाट कुनै पनि हकवाला बञ्चित हुन नपर्ने भनी विवादित प्रश्नको निरूपण भएको देखिँदा सुरू फैसला उल्टी गरी स्व. धनबहादुर वि.क.को जिउनी अपुतालीमा निजका ४ भाइ छोराहरूको समान हक हुने भनी भएको मिति २०६७।१।१३ को पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

सुरू फैसला उल्टी हुने गरी स्व. धनबहादुरका चार भाइ छोराहरूमा बाबुको जिउनीबापतको सम्पत्ति बराबर हक लाग्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सुरू फैसला सदर कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी र जिउनी जग्गामा ३ भागमात्र कायम गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल फागुन ३ गते १ रोज शुभम्।

- यसै लगाउको २०६७-CI-१३३९, १३४०, जिउनी जग्गामा हक कायम दा.खा. नामसारी, *पदमबहादुर विश्वकर्मा, वि. मानबहादुर विश्वकर्मा, मानबहादुर विश्वकर्मा वि. पदमबहादुर विश्वकर्मा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०४०२,

बैङ्किङ कसुर, *हरिप्रसाद शर्मा आचार्यसमेत वि. नेपाल सरकार*

आफ्नो सहमतिमा छोरी दुर्गाले चेक काटेको भनी स्वीकार गरेको अवस्थासमेत देखिएको तथा खातावाल दुबै पक्षमध्ये कुनै एक व्यक्तिको दस्तखतबाट भुक्तानी हुनसक्ने गरी खाता खोलिएको प्रस्तुत अवस्थामा प्रतिवादी हरिप्रसादको उक्त चेक काट्नमा सहमति नभएको भनी अनुमान गर्न मिल्ने अवस्था एकातिर हुँदैन भने अर्कोतर्फ कारोबार गर्ने व्यक्ति प्रतिवादी हरिप्रसाद रहेको भन्ने देखिएको र चेकमा हस्ताक्षर गर्ने व्यक्ति निजकै छोरी नाताकी भएको देखिएकोसमेतको आधारमा उक्त चेकमा हस्ताक्षर नगर्दैमा स्टलको भाडाबापत भुक्तानी दिने प्रयोजनको लागि चेक दिने कार्यमा प्रतिवादी हरिप्रसाद शर्मा आचार्यको सहमति र संलग्नता थिएन भनी मान्न मिल्ने अवस्थासमेत नदेखिने।

प्रतिवादीहरू हरिप्रसाद शर्मा आचार्य र दुर्गा आचार्यले जानाजान रकम नभएको खाताको चेक काटी दिई अभियोग दावीबमोजिम बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(च) विपरीतको कसुर गरेको पुष्टि हुन आएकाले प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याई सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-CI-०१६८, निषेधाज्ञा, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित चाइना टाउनमा रहेको हरिशरण स्टोर्स प्रालिका सञ्चालक एवम् चाइनाटाउन व्यापार सङ्घको विधानसम्मत् अख्तियार प्राप्त सल्लाहकार सदस्य हरिप्रसाद शर्मा आचार्यसमेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६८-CR-०९३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार सहनीसमेत*

मिसिल संलग्न घटनास्थल मुचुल्काले मृतकलाई खोला किनारामा लगी जलाएको भन्ने देखिएको र पक्राउ परेका प्रतिवादीहरू सत्यनारायण सहनी, रामभरोस सहनी, विल्टु सहनीसमेतका प्रतिवादीहरूले आफू मृतक विणादेवीको लास जलाउने क्रममा सँगै गएको भनी अदालतमा समेत स्वीकार गरी बयान गरेको अवस्था देखिन्छ। प्रतिवादी राजकुमार सहनीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदात हुँदाको समयमा आफू सोही स्थानमा रहेको भनी बयान गरेको तथा अदालतमा आई बयान गर्दा आफूले मृतकलाई दागबत्ती दिएको स्वीकार गरेको अवस्था देखिएको, घटनास्थल मुचुल्का तथा बुझिएका बिक्रम यादवसमेतका व्यक्तिहरूले अदालतमा गरेको बकपत्रसमेतका आधारमा यी प्रतिवादीहरू राजकुमार सहनी, सत्यनारायण सहनी, विल्टु सहनी, रामभरोस सहनी, बृजकुमार सहनी, रामचन्द्र सहनी र कारी सहनीसमेतको मृतक विणादेवीको लास दबाउने तथा लास दबाई जाहेर नगर्ने कार्यमा संलग्नता रहेको भन्ने कुरा पुष्टि भइरहेको देखिने।

प्रतिवादीहरूमध्ये राजकुमार सहनीले अदालतमा आई इन्कारी बयान गरे तापनि अनुसन्धानको क्रममा भएको निजको बयान, अन्य प्रतिवादीहरूको बयान कागजसमेतलाई हेर्दा निज सो परिवारकै सदस्य रही सोही घरमा बसेको अवस्था तथा अदालतमा आई बयान गर्दा आफूले दागबत्ती दिएको हुँ भनी गरेको बयानसमेतका तथ्यहरूका आधारमा निजले अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम कसुरसमेत गरेको पुष्टि हुन आउने।

प्रतिवादीहरूको प्रस्तुत वारदातमा संलग्नता देखिएको आधारमा पुनरावेदन अदालत, जनकपुरले प्रतिवादीहरूमध्ये राजकुमार सहनी, भुल्ला भन्ने सत्य नारायण सहनी, विल्टु सहनी, बृजकुमार सहनी, रामचन्द्र सहनी र कारी सहनीलाई लास दबाएतर्फ ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम जनही रू. १०।- तथा कर्तव्य गरी मारेको जाहेर नगरेतर्फ ऐ. महलको २५ नं. बमोजिम जनही रू. २०।- जरिवाना गरेको तथा प्रतिवादीहरूमध्ये राजकुमार सहनीको संलग्नता ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुरमा समेत देखिएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम कैद १५ दिन गर्ने गरी तथा प्रतिवादी रामभरोस सहनीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम रू. १० तथा रू. २० को आधी जम्मा रू. १५ जरिवाना गर्ने गरी गरेको फैसला मनासिब नै देखिएकाले पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१२।२१ को फैसला सदर हुने ठहर्छ। नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सुमन कुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६८-CR-०८८६, १२३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्रीमती ममता धमलासमेत, मुरारी धमला वि. नेपाल सरकार*

बहुविवाहमा उजुरीसम्म नगरी विशाल छाती देखाएकी मृतकसँग यी प्रतिवादीले सँधै नतमस्तक रहनुपर्ने हो तर मृतकलाई उनको असहाय, निराश तथा अस्थिर हालतमा छाडेर प्रतिवादी कान्छी श्रीमतीसँग बसेका र बेलाबेलामा मृतकसँग झगडा गर्न मात्र मृतक बसेको स्थानमा जाने गरेको र त्यसरी आपसी सम्बन्धलाई कटु र तनावपूर्ण बनाई मृतकलाई आत्महत्याको लागि बाध्य बनाउने यी प्रतिवादीको आपराधिक कार्य कर्तव्य ज्यान मुद्दाका कसुरदारसरह नै हुन पुगेको मान्न पर्ने।

प्रतिवादीकै मनसाययुक्त जानाजानको reckless and willful उक्साहटले प्रस्तुत वारदात निर्माणमा प्रमुख भूमिका खेलेको हुँदा उक्त कार्यको दायित्वबाट प्रतिवादीलाई उन्मुक्ति दिँदा अपराधीलाई सजाय गर्ने फौजदारी न्यायशास्त्रको उद्देश्य पराजित हुनपुग्छ। यसरी मृतकको जीवनलीला समाप्त गर्ने कुरामा निर्णायक भूमिका निर्वाह गर्ने प्रतिवादीलाई उन्मुक्ति (clean chit) दिने कुरालाई फौजदारी न्यायले स्वीकार गर्न नसक्ने।

यी प्रतिवादीको मनसाययुक्त reckless fault र मृतकको मृत्युको परिणाम (result) बीचको सम्बन्ध (connection) स्थापित छ। उक्त chain of causation लाई कुनै Intervening acts or

events ले भङ्ग गरेको नदेखिने।

मुलुकी ऐन, दण्डसजायको महलको १० नं. तथा ४१ नं. को अध्ययनबाट ठूलो सजाय भएपछि सानो सजाय खाप्न मिल्ने नदेखिँदा बहुविवाहको सजाय खापिन पर्छ भन्ने वादी नेपाल सरकारको यो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

नारीसुलभ स्वभावले गर्दा एउटी महिलाले सबै इतिवृत्तिको जानकारी लिएर नै विवाहको निर्णय गर्छन् भन्न सकिन्न। कतिपय अवस्थामा निजहरूले स्वेच्छापूर्वक निर्णय गर्ने अवसर पनि पाउँदैनन्। यसबारे दुईदुई तहले प्रमाणको मूल्याङ्कन गरी गरेको निष्कर्षलाई कोरा अनुमानको आधारमा मात्रै यस अदालतले अन्यथा गर्न उपयुक्तसमेत नहुने।

प्रतिवादी पुनरावेदक मुरारी धमलाले अभियोग दावीको कसुर गरेको ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। उक्त फैसला उल्टी गरी सफाइ पाउँ भन्ने प्रतिवादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी मुरारी धमलाले योजना बनाई पूर्व मनसाय राखी वारदात गरेको देखिँदैन। यी प्रतिवादी यदाकदा मृतक बसेको घरमा गैरहने र सो दिन पनि त्यसैगरी गएकोमा मृतकले प्रतिवादीलाई तथानाम भन्नु नभन्नु तल्लोस्तरको गाली गरेको र त्यसको परिणामस्वरूप उत्तेजित अवस्थामा प्रस्तुत वारदात सहसा घटेको घटनाक्रमलाई यस अदालतले नजरअन्दाज गर्न नसक्ने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०२३२, जग्गा खिचोला मेटाई घरसमेत भत्काई चलन चलाई पाऊँ, *बेलमता तमौली वि. रानी मोची*

कि.नं. ४२४ को जग्गामध्ये सडकमा परेको जग्गा र सडक पेटी तथा सडक एरियाभित्रको जग्गाबाहेक आफूले शुद्ध उपभोग गर्न पाउने यो यति जग्गा यी प्रतिवादीले खिचोला गरेको भन्ने कुरालाई स्पष्ट गरी सो कुरा प्रमाणित गर्ने दायित्वलाई वादीले पूरा गर्न सकेको नदेखिँदा वादी दावी पुग्न नसक्ने ठहर्‍याएको बाँके जिल्ला अदालतको मिति २०६०।८।२१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६३।२।३१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०२३०, लेनदेन, *बेलमता तमौली वि. लक्ष्मीदेवी अर्याल*
- ०६९-CI-०२३१, लेनदेन, *बेलमता तमौली वि. गणेशबहादुर विश्वकर्मा*
- ०६९-CI-०२३३, घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *बेलमता तमौली वि. लक्ष्मीदेवी अर्याल*
- ०६९-CI-०२३४, जग्गा खिचोला मेटाई घर पर्खाल भत्काई पाऊँ, *बेलमता तमौली वि. भिमला गहतराज*
- ०६९-CI-०२३५, जग्गा खिचोला मेटाई पर्खाल भत्काई पाऊँ, *बेलमता तमौली*

*वि. हिमादेवी थापा*

- ०६९-CI-०२३६, जग्गा खिचोला मेटाई पर्खाल भत्काई पाऊँ, *बेलमता तमौली वि. खैकल निसा हलवाई*
- ०६९-CI-०२३७, जग्गा खिचोला मेटाई पर्खाल भत्काई पाऊँ, *बेलमता तमौली वि. महमद उमर मोची*

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६७-WO-०५२६, उत्प्रेषण/परमादेश, *शुक्रबदुर थिङ (तामाङ) वि. महानगरीय प्रहरी अपराध महाशाखा परिसर, हनुमानढोका, काठमाडौंसमेत*

रिट निवेदकले आफ्नो कोठाबाट हतियार तथा मानिस विदेश पठाउनेसम्बन्धी विभिन्न कागजातहरूसमेत बरामद भएकोमा स्वीकारै गरिरहेको अवस्था छ भने निजको क्रियाकलाप हेर्दा मानिस विदेश पठाउने सञ्जाल भूमिगतरूपमा विस्तारतर्फ उन्मुख भएको देखिइरहेकै स्थिति हुँदा यी रिट निवेदकलाई प्रहरी ऐन तथा नियमावलीबमोजिम प्रहरी आचरणविरूद्धको क्रियाकलापमा संलग्न रहेको ठहर गर्दै विपक्षी महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोकाका प्रहरी उपरीक्षकबाट प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहर्ने गरी नोकरीबाट बर्खास्त गर्ने गरी भएको मिति २०६५।११।१८ को निर्णयलाई नै महानगरीय प्रहरी आयुक्त कार्यालय, प्रहरी नायब महानिरीक्षकबाट समेत मिति २०६७।७।१८ मा सदर गर्ने गरी भएको सजाय त्रुटिपूर्ण रहेको हुने देखिँदा रिट निवेदन मागबमोजिम उपरोक्त मितिका निर्णयहरू उत्प्रेषणलगायतको आदेश जारी गरी बदर गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०४५७, परमादेश, *जिल्ला सिरहा गाविसको कार्यालय, सुखीपुरसमेत वि. भागवत यादव*

कानूनबमोजिमको लिखतको अभावमा निवेदन दावीको कि.नं.१५६ को जग्गाबाट निवेदकको हक टुटेको मान्न नमिल्ने हुँदा उक्त जग्गा फुकुवा गरिदिनका लागि परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।८ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महेन्द्र गिरी*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा "मलाई बुबाले ओछ्यानमा सुतेको देखेर खेतमा काम गर्न जा भन्दै हातले, खुट्टाले कुट्दा मलाई साह्रै रिस उठ्यो, खेतमा बुबासँग भएको कोदालोले टाउकोको पछाडिपट्टि २।३ पटक हिर्काएँ" भन्नेसमेत घटनाको व्यहोरा उल्लेख

गर्दै बयान गरेको पाइँदा प्रतिवादीले हिर्काएको कोदालोको चोटबाट बाबु मृतक होमलाल गिरीको मृत्यु भएको कुरालाई प्रतिवादीले स्वीकार गरेको देखिँदा प्रतिवादी महेन्द्र गिरीले अभियोग दावीबमोजिमको कसुर गरेको ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको झापा जिल्ला अदालतको मिति २०६७।८।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।६।७।२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००८७, कर्तव्य ज्यान, *वसन्तकुमार गुरौ (थारू) वि. नेपाल सरकार*

प्रतिवादी वसन्तकुमार गुरौ (थारू) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मैले मृतक ज्ञानु श्रेष्ठलाई मिति २०६९।२।१६ गते राति २१.०० बजे जिल्ला नवलपरासी, कुडिया गा.वि.स. वडा नं. ६ नहरको उत्तरतर्फ माटोको ढिस्कोमुनिको एकान्त स्थानमा लग्दा मलाई तपाईंले विवाह गर्नु, घर गाउँमा सबैलाई हाम्रो प्रेम सम्बन्धको बारेमा थाहा भैसकेको छ भनेकीले मैले ज्ञानुलाई २ पटक सम्भोग गरेको हो। ज्ञानुको परिवार नियोजन भैसकाकाले बच्चाबच्ची नहुने हुँदा विवाह गरेर घरमा लैजान सकेको थिइँन। झगडा भई मैले ज्ञानुलाई हात खुट्टा बाँधी दिएँ र चुन्निले घाँटीमा बाँधी मारिदिएको हो। निजलाई मार्नमा अरू कसैको संलग्नता छैन। म एक्लैले मारेको हुँ। मृतक ज्ञानु श्रेष्ठलाई मार्दा मैले लगाएको सर्टको बायाँ बाहुलामा रगत लागेकाले ढुङ्गा (पथ्थर) को मुनि च्यापेको थिएँ भनी सुरू नवलपरासी जिल्ला अदालतमा बयान गर्दा सवाल जवाफ ५ मा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको उक्त साबिती बयानलाई समर्थन गर्दै साबिती भै बयान गरेको पाइएको हुँदा प्रतिवादी बसन्तकुमार गुरौ (थारू) लाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १ नं. को कसुर अपराधमा ऐजन महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९।६।१५।२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।६।१३ को फैसला मनासिब देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४२३, परमादेश, *गजेन्द्रबहादुर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कानूनद्वारा व्यवस्थित हरेक प्रश्न स्वत: अदालतको अधिकारक्षेत्रभित्र पर्दैन। अझ रिट अधिकारक्षेत्रभित्र त झनै पर्दैन। त्यस्तो कार्यकारिणी प्रकृतिको अधिकारको दुरूपयोग भएमा यसको सही जवाफ आवधिक निर्वाचनद्वारा जनताले नै दिने गर्छन्। प्रजातान्त्रिक व्यवस्थाको यही मूल मर्म हो। कानूनी राज्यको यही सार भएकाले निवेदकले उठाउनु भएका विषयवस्तुमा प्रवेश गरी निरूपण गर्ने विशेषताको पनि यस अदालतसँग अभाव रहेको, यस अदालतमा न्यायका सही आकाङ्क्षीहरूको लामो सूची भई तिनीहरूलाई नै समयमा न्याय

दिन नसकिएको अवस्थामा यो अदालतले यस प्रकारको कार्यकारिणी प्रश्नमा अल्झनु उपयुक्तताको दृष्टिले समेत उचित नभएकाले विपक्षीहरूसँग लिखित जवाफ मगाउनुपर्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४२४, उत्प्रेषण/परमादेश, *भरतबहादुर के.सी. वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत*

कुनै पनि संस्थाले आफ्नो कामकारवाही व्यवस्थित गर्नका लागि प्रक्रियाहरू तोक्नसक्ने र त्यसमा सहभागी हुन खोज्नेले सो कुरालाई पालन गर्नुपर्ने हुन्छ । सो म्याद नाघेपछि निवेदकको दरखास्त फाराम स्वीकृत गर्दा कुनै पद्धति बस्न सक्दैन र सबै कुरा अनिश्चित हुन जान्छ। त्यसमा पनि त्रिभुवन विश्वविद्यालय ऐनद्वारा सिर्जित कानूनी निकाय भएकाले यसको सबै कारवाही विधिसम्मत् हुनुपर्ने हुन्छ । सो नभै तोकिएको म्यादपछि निवेदकको दरखास्त स्वीकार गर्दा निवेदकले विशेषाधिकार पाउने भै निवेदक र अरू परीक्षार्थीहरूका बीचमा भेदभावपूर्ण वर्गीकरण हुनजाने अवस्था रहन्छ । त्यस अवस्थामा संविधानप्रदत्त समानताको हकको उल्लङ्घन हुने देखिन्छ। ऐन र पद्धतिलाई समान अवस्थामा रहेको सबैप्रति समान हिसाबले लागू गर्ने कार्यबाट निवदकप्रति भेदभाव भएको भन्ने कुरा मान्न नसकिने।

निवेदकको कुनै पनि संवैधानिक हकको हनन् नभएको तथा विपक्षीको कामकारवाहीमा फलाना कानूनको फलाना दफाको त्रुटि रहेको भन्ने कुरालाई पनि निवेदकले स्पष्ट गर्न नसकेको देखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाउनुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०५८४, उत्प्रेषण, *मोर्चा शाही वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदिकाले कानूनी त्रुटिको सन्दर्भमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(ग) सम्मको त्रुटि देखाई सो बाहेक निवेदिका राष्ट्रसेवक कर्मचारीमात्र नभई नेपालको नागरिक पनि भएकी र आफूउपर तीनजना नाबालक छोराछोरीको लालनपालन तथा शिक्षादीक्षाको जिम्मेवारी भएकाले विवादित सरूवाबाट उक्त दायित्व पूरा गर्न बाधा व्यवधान पर्ने भन्ने व्यावहारिक कारणहरू देखाई प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन्छ । यस प्रकारका व्यावहारिक कठिनाई र असुविधाबाट मौलिक हकको हनन् भएको मान्न नमिल्ने।

राष्ट्रसेवक कर्मचारीको नाताले भएको कामकारवाहीको विषयसँग नागरिकको सन्दर्भ जोड्नु पनि मनासिब हुँदैन । त्यो परस्पर विरोधाभाषपूर्ण पनि हुन्छ । यसर्थ निवेदिकाले व्यावहारिक र नागरिकको हैसियतबाट लिनुभएको रिट जिकिरसँग सहमत हुन नसकिने।

निवेदिकाले उल्लेख गर्नुभएकी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(ग) हेर्दा त्यसको खण्ड (क) मा उल्लेख भएबमोजिम निवेदिका एकल र गर्भवती महिला रहेकी भन्ने कुरा देखिन आउँदैन। त्यसै गरी सोको

खण्ड (ख) मा उल्लेख भएबमोजिम निवेदिकाको २ वर्षभन्दा मुनिको बच्चा भएको पनि नपाइएको तथा खण्ड (ग) मा उल्लेख भएबमोजिम निजको पति सरकारी सेवामा रहेको भन्ने कुरा पनि देखिन नआएकाले उक्त नियम ३१(ग) को कानूनी व्यवस्थाको त्रुटि गरी निवेदिकालाई सरूवा गरिएको अवस्था देखिन नआउने।

निवेदिकाले चुनौती दिनुभएकी विवादित सरूवा कानूनकै रीत पुर्‍याई भएको देखिँदा निवेदिकाको मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन। आदेश नै जारी हुने अवस्था नदेखिएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०५८८, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*

प्रस्तुत विषय नै रिटबाट हेर्नुपर्ने विषय नभएको र पुनरावेदन अदालत, हेटौंडाको आदेशमा उल्लेख भएबमोजिम निवेदकलाई प्रभावकारी वैकल्पिक उपचारसमेत रहेकाले विपक्षीहरूबाट लिखित जवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

- २०७१-WO-०५८९, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*
- २०७१-WO-०५९०, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*
- २०७१-WO-०५९१, उत्प्रेषण, *कमल राउत कुर्मीसमेत वि. पवनकुमार क्यालसमेत*
- २०७१-WO-०५९२, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*
- २०७१-WO-०५९३, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*
- २०७१-WO-०५९४, उत्प्रेषण, *अशोकविक्रम शाह वि. पवनकुमार क्यालसमेत*

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति